
# नेपाली कांग्रेसको सङ्कल्प

## स्थानीय तह निर्वाचन-२०७९




**सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर**


समुन्नत गाउँ
समुन्नत नगर
सबल स्थानीय सरकार
शिक्षा स्वास्थ्य
प्राकृतिक स्रोत वातावरण
सेवा प्रवाह
स्थानीय पूर्वाधार
कृषि रोजगारी उद्यम
असल शासन – पारदर्शिता र जवाफदेहिता, नागरिकसँगको सहकार्य, नागरिक स्वतन्त्रता,
सामाजिक रूपान्तरण, सङ्घ र प्रदेशसँगको समन्वय
कानूनी, नीतिगत तथा संस्थागत क्षमता विकास, स्रोतको समुचित व्यवस्थापन

# श्रद्धा र सम्मान

**अभिवादन :** **नेपाली कांग्रेस** देशभित्र र संसारभरि फैलिएर रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा दिदीबहिनी तथा दाजुभाइहरूको लोकतन्त्रप्रतिको निष्ठा, समर्पण र सङ्घर्षलाई हार्दिकतापूर्ण अभिनन्दन गर्दै **जय नेपालको न्यानो अभिवादन** गर्दछ,

**श्रद्धाञ्जली :** **नेपाली कांग्रेस** सात दशकभन्दा लामो लोकतान्त्रिक सङ्घर्ष यात्राका विभिन्न कालखण्डमा गौरवपूर्ण शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर शहीदहरूप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछ,

**सम्मान :** **नेपाली कांग्रेस** लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाई जीवित राख्न कठोर सङ्घर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापनको अकल्पनीय पीडा भोग्नुपरेका लाखौं नेपालीहरूको अदम्य साहस र समर्पणलाई स्मरण गर्दै उहाँहरूप्रति **उच्च सम्मान** प्रकट गर्दछ,

**स्मरण :** **नेपाली कांग्रेस** हाम्रा पथ-प्रदर्शक जननायक बी.पी कोइराला, श्रद्धेय नेताहरू सुवर्ण शम्शेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालालाई उच्च श्रद्धा गर्दै नेपालको लोकतन्त्रको सङ्घर्षशील यात्राका विभिन्न कालखण्डमा महत्वपूर्ण योगदान र नेतृत्व गर्नुहुने थिरवम मल्ल, दुर्गानन्द झा, योगेन्द्रमान शेरचन, सूर्यप्रसाद उपाध्याय, दिवानसिंह राई, रामनारायण मिश्र, महेन्द्रनारायण निधि, धनमानसिंह परियार, तुरसा हेमरम, मंगलादेवी सिंह, द्वारिकादेवी ठकुरानी, देवव्रत परियार, शेख इद्रीश, नारदमुनी थुलुङ, आर.वी. गहतराज, भूदेव राई, शैलजा आचार्य, भीमबहादुर तामाङ, प्रेमराज आङदेम्बे, पदमबहादुर आले, बखानसिंह गुरूङ, बलबहादुर राई, राधाकृष्ण थारू लगायतका सयौं अग्रज तथा लोकतान्त्रिक आन्दोलनका योद्धाहरूलाई **हृदयदेखि स्मरण** गर्छ,

**गौरव :** **नेपाली कांग्रेस** आफ्नो नेतृत्वमा भएको २००७ सालको क्रान्ति, २०४६ साल र २०६२-०६३ सालका ऐतिहासिक जनआन्दोलन, नेपालको शान्ति प्रक्रिया, संविधानसभा निर्वाचन, गणतन्त्रको स्थापना, संविधानसभाबाट संविधान निर्माण र तत्पश्चात तीनै तहको निर्वाचन सम्पन्न गरी नेपालको राजनीतिलाई नयाँ गति प्रदान गर्न पार्टीले खेलेको युगान्तकारी र समन्वयात्मक भूमिकाको स्मरण गर्दै संविधान निर्माणको त्यो **ऐतिहासिक क्षणप्रति गौरव** गर्दछ,

**आत्मसात :** **नेपाली कांग्रेस** मधेशी, मुश्लिम, आदिवासी जनजाति, थारू, महिला, दलित, पछाडि परेका विकट भौगोलिक क्षेत्र, अपाङ्गता, भूमिहीन, कमैया एवं बादी समुदायलगायत देशका विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रले आफ्नो विशिष्ट भाषिक, जातीय र साँस्कृतिक पहिचान र सङ्घीय शासन प्रणालीका लागि गरेको शान्तिपूर्ण सङ्घर्ष लोकतन्त्रलाई जीवन्त, गतिशील र प्रभावकारी बनाउने दिशाका महत्वपूर्ण पाइला हुन भन्ने **आत्मसात** गर्दछ,

**प्रतिवद्धता :** **नेपाली कांग्रेस** विगतमा सरकारको नेतृत्व गर्दा वा प्रतिपक्षको भूमिकामा जानीनजानी भएका त्रुटि, कमजोरीहरूप्रति जनतासमक्ष क्षमा माग्दै त्यसबाट शिक्षा लिएर तिनलाई फेरि दोहोरिन नदिने **प्रतिवद्धता व्यक्त** गर्दछ ।

**अठोट :** **नेपाली कांग्रेस** संविधानको रक्षा र कार्यान्वयन, त्यसकै जगमा मुलुकलाई समुन्नतितर्फ डोऱ्याउनु नै आजको मुख्य राष्ट्रिय जिम्मेवारी भएको मनन गर्दै आफ्नो सात दशकभन्दा लामो गौरवपूर्ण इतिहास, यसको विचार एवं आदर्शको श्रेष्ठता, हजारौ जुझारू, कर्मठ, स्वाभिमानी र इमान्दार स्वयंसेवी कार्यकर्ताको ऊर्जा र जनताको अनवरत स्नेह र समर्थनको आत्मविश्वासका साथ पुनः एकपटक नेपाली राजनीतिमा देखिएका ज्वलन्त मुद्दाहरूको सम्बोधन गर्ने **अठोट गर्दछ**,

**प्रण :** **नेपाली कांग्रेस** सङ्घीय लोकतन्त्रको सीमाभित्र 'विविधता बीचको एकता आम नेपालीको सच्चा राष्ट्रियता' भन्ने मान्यताका साथ संविधान कार्यान्वयन गर्दै समुन्नत नेपालको आफ्नो ध्येयलाई पूरा गरी छाड्ने **प्रण गर्दछ**,

**आह्वान :** **नेपाली कांग्रेस** सबै नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय पहिचान उच्च हुन्छ भन्ने मान्यताका साथ आम नेपालीको जीवनमा गुणात्मक परिवर्तन ल्याउने अठोट सहितको समुन्नत नेपालको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने आफ्नो अभियानमा सामेल हुन देशविदेशमा रहेका सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी, दाजुभाइमा **हार्दिक आह्वान** गर्दछ ।

**जय नेपाल !**

## प्रथम खण्ड
# समसामयिक राजनीति र अबको राष्ट्रिय एजेण्डा

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**
**जय नेपाल !**

नयाँ वर्ष २०७९ को आगमनसँगै समुन्नत नेपालको सपना र योजना बोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको विनम्र अपेक्षा सहित तपाईंहरूको घरदैलोमा उभिएका छौं । यो वर्ष हाम्रो सङ्घीयताको ढाँचामा रहेका स्थानीय, प्रदेश र केन्द्र तीनै तहका निर्वाचनहरू क्रमशः हुँदै जानेछन् । यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । निष्ठावान् लोकतन्त्रवादी नेपाली जनताको अथक सङ्घर्ष र बलिदानस्वरूप संविधानसभाबाटै संविधान लेखिनु पर्छ भन्ने सङ्कल्प साकार भएसँगै हामीलाई आवधिक निर्वाचनको यो दोस्रो अवसर प्राप्त हुँदैछ । दोस्रो संविधानसभामा नेपाली कांग्रेस सबैभन्दा ठूलो दलको रूपमा स्थापित भएर उदारतापूर्वक सबैलाई नसमेटेको भए जनताको सार्वभौम अधिकार, स्थानीय स्वायत्तता र स्वशासनलाई आत्मसात् गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक संविधानको लेखन र सङ्घीय संरचनाहरूको यसरी संस्थागत विकास हुँदैजाने थिएन ।

आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत स्तम्भ हो । जति धेरै नागरिकले यसमा भाग लिन्छन्, लोकतन्त्र उति नै सुदृढ, स्थायी र जनमुखी हुन्छ । संसारका धेरै देशका जनता आवधिक निर्वाचनमा यसरी भाग लिएर स्वविवेकले आफ्नो प्रतिनिधि चुन्न पाउने अधिकारका लागि अझै सङ्घर्षरत छन् । हामीले पनि यो अधिकार हाम्रा स्वनामधन्य पुर्खाको लामो सङ्घर्ष र अमर शहीदहरूको बलिदानले पाएका हौं । तसर्थ, यो वर्ष हुने आगामी तीनै तहका निर्वाचनमा उत्साहपूर्वक सहभागी भई मतदान गर्न आम नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूसँग हार्दिक अपिल गर्दछौं ।

## खेर गएको पाँच वर्ष

निर्वाचनमा कुनै पनि दललाई छनौट गर्ने धेरै आधार हुन्छन् तर मुख्य आधार उसले अघिल्लो निर्वाचनमा पाएको जिम्मेवारी र आफ्नो संवैधानिक दायित्वलाई कसरी पूरा गऱ्यो भन्ने मूल्याङ्कन हुनुपर्छ । २०७४ मा भएको स्थानीय सरकारको निर्वाचनदेखि २०७९ को यो निर्वाचनसम्म आइपुग्दाको पाँच वर्षको अवधिमा नेपालको राजनीति कुन ठाउँमा थियो र कसरी यहाँसम्म आइपुगेको छ; यसबीचमा कुन पार्टीले कस्तो भूमिका निर्बाह गऱ्यो भन्ने वस्तुनिष्ठ विश्लेषण गर्न सकियो भने मात्र हामीले मतदानको सही निर्णय गरेर मुलुकलाई समुन्नति

र विकासको बाटोमा अगाडि बढाउन सक्छौं । यसका लागि गत पाँच वर्षको अवधिको गहिरो अवलोकन र विवेकपूर्ण समीक्षा गर्नु अपरिहार्य छ । हाम्रो शान्ति, विकास र समुन्नतिको आधार स्थानीय तहबाटै सुदृढ हुँदै जाने हो । त्यसैले स्वशासनको नौलो लोकतान्त्रिक अभ्यास गर्दै जनताको दुःखसुखको घनिष्ट साथी हुने अपेक्षा र संवैधानिक आधार भएका विभिन्न पार्टीका स्थानीय सरकारले यो पाँच वर्षको अवधिमा के कस्ता काम गरे त्यसको मूल्याङ्कन र त्यसैको आधारमा भविष्यको कार्यकालको आकलन गरेर मात्र यो आवधिक निर्वाचनमा मतदानको निर्णय गर्न हार्दिक अनुरोध गर्दछौं ।

शान्ति प्रक्रिया, संविधान निर्माण हुँदै २०७४ सालको आमनिर्वाचनसम्म आइपुग्दा २०६२/०६३ बाट शुरू भएको एउटा कठिन राजनीतिक अध्याय टुङ्गिएको थियो । २०६० सालको सेरोफेरोमा एकातिर लोकतान्त्रिक अधिकारहरू कुण्ठित र प्रतिबन्धित थिए भने अर्कातिर नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को चरम हिंसाबाट देश भयभीत र आक्रान्त थियो । राजाको निरंकुशता र माओवादी आतंकको अन्त्य गर्दै शान्ति र लोकतन्त्रको स्थापना गर्ने अठोट सहित सबै शक्तिहरूलाई एकजुट गरेर नेपाली कांग्रेस पार्टीकै नेतृत्वमा लोकतान्त्रिक आन्दोलन शुरू भयो । २०६२/०६३ सालको ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनले हिंसा र निरङ्कुशतालाई परास्त गर्दै शान्ति र समुन्नतिका लागि राजनीतिक व्यवस्थाको परिवर्तन गर्न जनतासँग नेपाली कांग्रेसले गरेको युगान्तकारी वाचालाई अनुमोदन गर्‍यो ।

२०६० देखि २०७४ सम्मको अवधिलाई समीक्षा गर्दा देखिन्छ– यो अवधिमा नेपाली कांग्रेसकै नेतृत्वमा निरङ्कुश राजतन्त्रात्मक व्यवस्थाको उन्मूलन भयो, दशक लामो माओवादी हिंसाको अन्त्य भयो र संविधानसभामार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो । नेपालको विविधता राज्य संयन्त्र र शक्तिमा प्रतिबिम्बित हुने गरी राज्यको पुनर्संरचना गर्दै समाजमा उठेका आर्थिक–सामाजिक मुद्दाहरूको सम्बोधन गरियो । यसरी सात दशक यता भएका लोकतान्त्रिक आन्दोलनका उपलब्धिहरू – लोकतन्त्र, गणतन्त्र, समावेशिता, सङ्घीयता लगायतका नवीन विषय– संविधानमार्फत संस्थागत भए ।

२०७४ को निर्वाचनपछि लामो संक्रमण र राजनीतिक अस्थिरताको अन्त्य भई स्थिरताको स्वर्णिमकाल आएको र संविधानमा जनतालाई दिएका वचनहरू सहजतापूर्वक पूरा गर्ने कार्यान्वयनको नयाँ चरणमा नेपालको राजनीति प्रवेश गर्छ भन्ने आम आशा थियो । लोकतान्त्रिक संविधान बनेर देश शान्ति र समुन्नतिको पथमा अग्रसर हुने अनुमान गरेको जनताको स्वभाविक अपेक्षा थियो– आगामी पाँच वर्षका लागि स्थिर सरकार र जिम्मेवार प्रतिपक्ष हुनेछ; संवैधानिक प्रावधान अनुसारका संस्थाको निर्माण र सुदृढीकरण हुँदै जानेछ; स्वायत्त संस्थाहरूको स्वतन्त्र विकास भई व्यवस्था अझ सुदृढ हुनेछ; सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुनेछ; सुशासनमा वृद्धि र भ्रष्टाचार नियन्त्रण हुनेछ; नागरिकको स्वतन्त्रता र सृजनशीलतालाई प्रोत्साहन गरी रोजगारीका अवसरमा वृद्धि गरिनेछ; जनसरोकारका विषयमा, सेवा र सुविधाको प्रवाहमा उल्लेखनीय सुधार हुनेछ । समग्रमा सरकार र राज्यका सबै निकायको 'डेलिभरी' गर्ने क्षमतामा सुधार भई देश सही दिशामा गएको महसुस गरेर जनताको परिवर्तनप्रतिको अपनत्वमा गुणात्मक वृद्धि हुनेछ ।

संविधानको निर्माण र सफलतापूर्वक सम्पन्न भएका निर्वाचनहरूको समेत नेतृत्व गरेको पार्टीको नाताले त्यो चरणको नेतृत्व पनि नेपाली कांग्रेस पार्टीले नै गर्नेछ भन्ने आम कांग्रेसजनको स्वभाविक अपेक्षाविपरीत हामीले निर्वाचनपछि संविधान कार्यान्वयन गर्ने जिम्मेवारी पाउन सकेनौं । त्यो अवसर नेपाल कम्युनिष्ट पार्टीले

पायो । तर पनि २०७४ को निर्वाचनपछि राष्ट्रिय राजनीतिमा सरकार र अन्य दलहरूसँग हाम्रो प्रतिस्पर्धा संविधान कार्यान्वयन र लोकतन्त्रको संस्थागत विकासका लागि नै हुनेछ भन्ने थियो । संविधान बनाउँदै गर्दा सबैले स्वीकारेको तथ्य हो– मुलुकको अबको बाटो लोकतन्त्रको बाटो हो । त्यसैले हाम्रो राजनीतिक कार्यभार संविधानवादको यही जगमा लोकतन्त्रलाई समावेशी कसरी बनाउने, यसको परिधिलाई कसरी विस्तारित गर्ने, कसरी शासनमा सबैको साझेदारी, स्वामित्व र अपनत्व स्थापित गर्ने तथा समाजमा सहअस्तित्वको भावलाई कसरी बलियो बनाउने भन्नेमा नै एकाग्र हुनुपर्थ्यो । त्यस्तो अभूतपूर्व परिवर्तनपछि देशको नेतृत्व गर्ने सुनौलो मौका पाएको नेपाल कम्युनिष्ट पार्टीले आफ्नो शासनकाललाई माथिका यिनै अपेक्षालाई पूरा गर्न मै केन्द्रित गराउनु पर्थ्यो ।

वास्तवमा २०६० को दशकमा सुरू भएको राजनीतिक यात्रा र त्यसले बटुलेको राजनीतिक ऊर्जा र उपलब्धिलाई २०७४ को निर्वाचनपछि संविधान कार्यान्वयनमा सबैभन्दा बढी उपयोग गर्नुपर्ने थियो । नेपाल कम्युनिष्ट पार्टीले संविधानसभाबाट संविधान जारी भई सबै किसिमका राजनीतिक द्वन्द्वहरू समाप्त भइसकेको, सबै तहका निर्वाचनहरू सफलतापूर्वक सम्पन्न भइसकेको नेपालकै इतिहासमा सर्वाधिक अनुकूल र राजनीतिक स्वर्णिमकालमा पाएको थियो । उपलब्ध अवसरलाई सदुपयोग गर्दै संविधानअनुरूप राज्यसत्ता सञ्चालन गरेको भए राजनीतिक दल, लोकतान्त्रिक तथा संवैधानिक संस्थाहरूको बढ्दै गएको परिपक्वतासँगै यो समग्र व्यवस्था नै परिपक्व हुँदै जाने थियो ।

वास्तवमा यतिखेर निर्वाचनबाट प्राप्त जनादेश अनुसार सरकारमा नेपाल कम्युनिस्ट पार्टी र प्रतिपक्षमा नेपाली कांग्रेस बसेर संविधानको कार्यान्वयन गर्न तीव्र प्रतिस्पर्धा भइरहेको अवस्था हुनुपर्ने हो । तर दुर्भाग्यवश, त्यस्तो हुन सकेन । नेपाल कम्युनिष्ट पार्टीले सत्ता र शक्तिको केन्द्रिकरण गर्ने केपी शर्मा ओली जस्तो एउटा जनउत्तेजनाको व्यापारीको उन्मादी महत्वाकांक्षाका खातिर आफ्नो दलको सारा शासकीय कौशल लोकतन्त्र र समग्र प्रणालीलाई नै तहसनहस बनाउनेतिर लगायो । फलस्वरूप, कम्युनिस्ट सरकारले मुलुकलाई बल्लबल्ल प्राप्त स्थिरताको लाभ लिनबाट फेरि एकचोटि वञ्चित मात्र गरेन, झन् भयङ्कर अस्थिरताको चक्रव्यूहमा फँस्ने जोखिम समेत बढाएर गयो ।

त्यति ठूलो जनादेश पाएको नेकपाको सरकार देश बनाउन होइन, आफूलाई प्राप्त जनादेशको खतरनाक दुरूपयोग गर्नतिर लाग्नु संविधान निर्माणपछिको समयमा नेपाली राजनीतिको सबैभन्दा ठूलो दुःखान्त हो । सात दशकको अकल्पनीय सङ्घर्षपछि लेखिएको जनताको संविधान, लोकतन्त्र, अर्थतन्त्र, कूटनीति, सामाजिक सद्भाव र सहिष्णुतालगायत यो सम्पूर्ण व्यवस्थामाथि नै नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओलीको सरकारले गरेको सुनियोजित आक्रमणको फेहरिस्त निकै लामो छ ।

## नेकपाको सरकार : अधिनायकवाद र सर्वसत्तावादको सूत्रपात

राष्ट्रवाद, स्थिर सरकार, विकास र समृद्धि जस्ता लोकप्रियतावादी नाराको आधारमा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को वाम गठबन्धनले २०७४ का तीनै तहका निर्वाचनमा प्रचण्ड वहुमत हासिल गरी नेपालको इतिहासमा नै सबैभन्दा बढी सुविधाजनक र अनुकूल अवसर पाएको थियो । सङ्घीय संसदमा वहुमत हासिल गरेपछि नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गरेको

थियो भने सात मध्ये छ प्रादेशिक सरकार र करिव ४०० स्थानीय तहमा नेकपाको सरकार (हालका नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (नेकपा समाजवादी) तत्कालीन नेकपामा आवद्ध थिए) बनेका थिए । तत्कालीन वाम गठबन्धनको ५० पृष्ठ लामो घोषणापत्रमा राष्ट्रवाद, विकास, समृद्धि र सुशासनको स्वैरकल्पना लिपिवद्ध गरिएको थियो । तर नेकपाको सरकार गठन भएको घडीदेखि नै संविधान, लोकतान्त्रिक प्रणाली, जनताका नैसर्गिक अधिकार, संवैधानिक संस्था र राज्यको चौथो अङ्ग सञ्चार जगतमाथि नियोजितरूपमा संगीन आक्रमण गर्दै आफूले पाएको सुनौलो अवसरको अधिकांश समय र ऊर्जा अधिनायकवादी तथा सर्वसत्तावादी शासन स्थापना गर्न मै खर्च गरिएको थियो ।

## अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि आक्रमण

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संस्थागत गर्न खोजेको अधिनायकवादी तथा सर्वसत्तावादी प्रणालीका लागि जनताका नैसर्गिक अधिकार र राजनीतिक स्वतन्त्रता सबैभन्दा प्रमुख अवरोधक थिए । त्यसैले प्रधानमन्त्रीको शपथग्रहण गर्नासाथ स्वतन्त्रता र लोकतान्त्रिक आन्दोलनको प्रतीक र प्रतिविम्व माइतीघर मण्डलालाई निषेधित क्षेत्र घोषणा गरेर अधिनायकवादी शासनको सूत्रपात गर्ने धृष्टता गरिएको थियो । संविधानप्रदत्त नागरिकका नैसर्गिक अधिकार नियन्त्रण गरी राजनीतिक तथा नागरिक आन्दोलन माथि दमनको प्रारम्भ सरकारले त्यही बिन्दुदेखि गरेको थियो ।

लोकतान्त्रिक मूल्य-मान्यता तथा संविधानको अक्षर र भावनाविपरीत अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने उद्देश्यले एकपछि अर्को विवादास्पद र नियन्त्रणमुखी विधेयकहरू संसदमा दर्ता गरेपछि सरकारको अभीष्ट स्पष्ट भइसकेको थियो । जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपालको संविधानले नागरिक अधिकार र अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा संस्थागत गरेको संवैधानिक प्रावधानलाई कुल्चिएर सरकारले सार्वजनिक सञ्चारमाध्यम र सामाजिक संजाललाई समेत नियन्त्रण गर्ने उद्देश्यले अन्यन्त विवादास्पद विधेयकहरू संसदमा दर्ता गरेको थियो । नागरिक अधिकार तथा प्रेस स्वतन्त्रताविरोधी सूचना प्रविधि, मिडिया काउन्सिल, नेपाल विशेष सेवा, सार्वजनिक सुरक्षा, विज्ञापन जस्ता विधेयकहरू केवल विवादास्पद मात्रै थिएनन्, ती विधेयकहरूले लोकतान्त्रिक प्रणाली, संविधानवाद र विधिशास्त्रका सम्पूर्ण सिद्धान्तहरूलाई नै चुनौती दिएका थिए ।

## सङ्घीयताविरोधी एकात्मक र नियन्त्रणकारी सरकार

नेपालको संविधानले उदार तथा उन्नत प्रकृतिको सङ्घीय लोकतान्त्रिक प्रणाली संस्थागत गरेको छ । सङ्घीय लोकतान्त्रिक संविधान जारी भएपछि पहिलो निर्वाचित सरकार भएको कारणले राज्यको सङ्घीयकरण तथा सङ्घीय लोकतान्त्रिक प्रणालीको अक्षर र भावनाअनुरूप राज्य सञ्चालन गर्नु सरकारको प्रमुख संवैधानिक दायित्व थियो । प्रादेशिक तथा स्थानीय सरकारका लागि महत्वपूर्ण नीतिगत, संरचनागत र कानूनी आधारशिला तयार गर्नुपर्ने थियो । सङ्घीय प्रणालीको कार्यान्वयनका लागि प्रादेशिक र स्थानीय सरकारको आवश्यकताअनुसार प्रशासनिक पूर्वाधार, बजेट तथा कर्मचारी व्यवस्थापन गर्नु सर्वोच्च प्राथमिकता थियो । प्रदेश र स्थानीय सरकारसम्बन्धी कानून, वित्तीय आयोग, कर्मचारी समायोजन, सङ्घीय तथा प्रदेश प्रहरी जस्ता कानूनहरू अति आवश्यक थिए ।

तर सरकारको नीति र कार्यशैली सङ्घीय प्रणाली भन्दा ठीकविपरीत देखियो । करिव ४२ महिनाको अवधिसम्म पनि सङ्घीय प्रणालीको भावना अनुरूप राज्य सञ्चालन नगरेको मात्रै होइन, प्रदेशको नाम र राजधानीका बारेमा समेत प्रदेश सभालाई हुकुमप्रमांगी शैलीमा आदेश जारी गरेपछि नेकपाको सङ्घीयताप्रतिको वास्तविक अनुहार पर्दाफास भइसकेको थियो । प्रदेशको नाम र राजधानीको बारेमा नेकपाले आदेश जारी गर्ने हो कि प्रदेश सभाले निर्णय गर्ने ? यदि पार्टीले जारी गरेको आदेशलाई अनुमोदन मात्रै गर्ने हो भने प्रदेश सभाको औचित्य के भयो ? त्यो अधिकार प्रदेश सभाको हो कि पार्टीको ? वास्तवमा कम्युनिस्ट शासनमा सर्वहारावर्गको अधिनायकत्वको नाममा राज्यका सम्पूर्ण निकायहरूलाई सरकारले नियन्त्रण गर्ने सिद्धान्त अनुशरण गरी ओलीले सङ्घीय प्रणाली सञ्चालन गर्न चाहेको प्रष्ट देखिन्थ्यो । सङ्घीय प्रणालीका लागि यो भन्दा ठूलो विडम्वना अरू के हुनसक्छ ?

कानून, बजेट, प्रशासनिक पूर्वाधार र जनशक्तिको अभावमा आशातीत काम गर्न नसकेपछि प्रादेशिक तथा स्थानीय सरकारहरूले ओली सरकारको कडा आलोचना गरेका थिए । नेपाली कांग्रेस र मधेश प्रदेशको जसपाको सरकारले मात्रै होइन, स्वयं ओलीकै विश्वासपात्र मुख्यमन्त्रीहरूले समेत सरकारको गैरसङ्घीय प्रवृत्तिको कडा आलोचना गरेका थिए । तत्कालीन नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत संविधान र सङ्घीय प्रणालीलाई नै चुनौती दिँदै अधिकार केन्द्रिकरण गरेर सरकारले सङ्घीयताविरोधी काम गरेको आरोप सार्वजनिकरूपमै लगाउनु भएको थियो । नेकपाको सरकार सङ्घीयताविरोधी भएको यो भन्दा ठोस प्रमाण अरू के हुनसक्छ ?

यदि सरकार सङ्घीयताप्रति प्रतिबद्ध र इमान्दार भएको भए अधिकार सिंहदरबारमा केन्द्रिकरण होइन, सङ्घीयकरण र निक्षेपीकरण गर्नु पर्ने थियो । नेपालको संविधान र सङ्घीयताको सिद्धान्त, मर्म र भावना पनि यही हो । तर सरकारले राज्यको सङ्घीयकरण र अधिकारको निक्षेपीकरण होइन, संविधानप्रदत्त अधिकारको समेत केन्द्रिकरण गर्‍यो । त्यसैले आवरणमा सङ्घीय प्रणाली भए पनि यथार्थमा एकात्मक र केन्द्रिकृत प्रणालीलाई सरकारले संस्थागत गर्ने प्रयास गरेको थियो । सङ्घीय सरकार मात्रै होइन, नेकपाको प्रादेशिक र स्थानीय सरकारहरू पनि सङ्घीय प्रणालीको सिद्धान्त अनुसार सञ्चालन भएनन् । तिनले पनि संविधानले प्रत्याभूत गरेको अधिकार प्रयोग गर्न नसकेर केन्द्र कै मुख ताक्न छाडेनन् ।

## संवैधानिक निकायको कम्युनिस्टकरण

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग जस्ता संवैधानिक निकायहरूलाई समेत सरकारको लाचार छायाँ बनाउने अभीष्टले सरकारले अत्यन्त विवादास्पद संवैधानिक परिषदसम्बन्धी अध्यादेश जारी गरेको थियो । सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, बौद्धिक समुदाय, सञ्चार माध्यमले तीव्र आलोचना गर्दा गर्दै विवादास्पद संवैधानिक परिषदसम्बन्धी अध्यादेशको आधारमा नियुक्ति गरेर संवैधानिक निकायलाई नेकपाको भर्तीकेन्द्र बनाइएको थियो । उक्त मुद्दा अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ । राष्ट्रिय मानव अधिकार आयोगलाई समेत प्रकारान्तरले महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत राख्ने अघोषित उद्देश्यले राष्ट्रिय मानव अधिकारसम्बन्धी विधयेक पनि संसदमा दर्ता गरेपछि संवैधानिक निकाय र मानव अधिकारप्रति नेकपाको सरकारको रवैया पर्दाफास भइसकेको थियो ।

**विभेदकारी नागरिकता पक्षधर सरकार**

संविधानको भावना तथा नेपाली नागरिकको चाहनाविपरीत नागरिकतासम्बन्धी अत्यन्त अनुदारवादी र विभेदकारी विधयेक सरकारले दर्ता गरेको थियो । विशेष गरी त्यस्तो अनुदारवादी विधयेक महिलाप्रति लैङ्गिक दृष्टिले केवल विभेदकारी मात्रै थिएन, महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा चित्रित गर्ने धृष्टता समेत गरिएको थियो । त्यसैले लैङ्गिक दृष्टिले नागरिकप्रति त सरकार विभेदकारी थियो भने अन्य विषयमा कति विभेदकारी थियो होला ?

## नेकपाको सरकार : कुशासन र भ्रष्टाचार

जसरी राजनीतिक दृष्टिले सरकार बनेको घडीदेखि नै सर्वसत्तावादी र अधिनायकवादी शासन गर्न उद्दत रहेको थियो, त्यसै गरी शासकीय दृष्टिले पनि नेकपाको सरकार पहिलो दिनदेखि नै कुशासन, भ्रष्टाचार र अनियमिततालाई संस्थागत गर्दै आइरहेको थियो । सार्वजनिक सम्पत्ति माथि लुटतन्त्र मच्चाउँदै नेकपाको सरकारले भ्रष्टाचार, अनियमितता र अपारदर्शीताको क्षेत्रमा नयाँ–नयाँ कीर्तिमान राख्दै आएको थियो । वाइडबडी जहाज, सेक्युरिटी प्रेस सम्बन्धमा ७२ करोड कमिशन, ओम्नी, यतीलगायत भ्रष्टाचार र अनियमितताको लामो फेहरिस्त छ ।

**सार्वजनिक सम्पत्तिको लुट, भ्रष्टाचार र अनियमितता**

नेपाल ट्रष्टको नाममा रहेको गोकर्ण रिसोर्ट तथा राजधानीको मुटु दरवार मार्गमा रहेको जमीनलाई बिना प्रतिस्पर्धा अत्यन्त अपारदर्शीरूपमा कौडीको भाउमा सरकारले यती समूहलाई दिएको थियो । गोकर्ण रिसोर्टको लिजको समय ६ वर्ष बाँकी हुँदै किन २५ वर्षका लागि पुनः यतीलाई नै दिइयो ? भन्ने घाम जत्तिकै छर्लङ्ग छ । बहुचर्चित सेक्युरिटी प्रेस खरिद सम्बन्धमा ७२ करोड कमिशनको प्रमाण सार्वजनिक भएपछि तत्कालीन सञ्चारमन्त्री राजीनामा गर्न बाध्य भएका थिए । यो कमिशन प्रकरण बारेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । वाइडबडी जहाज भ्रष्टाचार प्रकरणबारे सार्वजनिकरूपमा नै प्रधानमन्त्री ओलीले प्रतिरक्षा गरेपछि भ्रष्टाचारको लहरो कहाँसम्म पुगेको रहेछ भन्ने स्वतः पुष्टि भइसकेको छ । ३३ किलो सुन काण्डको अनुसन्धानबाट पछाडि हटेपछि सरकारको बदनियत त्यति बेलै स्पष्ट भइसकेको थियो ।

**साँस्कृतिक अधिकार हनन गरी गुठीको जमीन भूमाफियाकरण**

भूमाफियाको स्वार्थअनुसार सार्वजनिक र गुठीको जग्गा कब्जा गर्ने तथा नागरिकको साँस्कृतिक अधिकार समेत अतिक्रमण गर्ने कुत्सित उद्देश्यले अर्को विवादास्पद गुठीसम्बन्धी विधेयक सरकारले संसदमा दर्ता गरेको थियो । तर त्यसको विरूद्धमा नेपाली कांग्रेस, नागरिक समाज र उपत्यकाका नेवार समुदायले व्यापक विरोध गरेपछि सरकार त्यस्तो विवादास्पद विधेयक फिर्ता लिन बाध्य भएको थियो । नेपालको इतिहासमा जनदवावको आधारमा हालसम्म कुनैपनि विधेयक सरकारले फिर्ता लिनु परेको थिएन । सरकारका लागि यो भन्दा लज्जास्पद घटना अरू के हुनसक्छ ?

## कम्युनिस्ट सरकारको शासन : महामारीमा समेत कमिशन र भ्रष्टाचार

कुशासन र भ्रष्टाचारको सबैभन्दा ज्वलन्त उदाहरण कोभिड महामारी नियन्त्रण र रोकथामका लागि सरकारी तयारी तथा मेडिकल सामाग्री खरिदको भ्रष्टाचार र कमिशन प्रकरण हो । कोभिड महामारी शुरू भएपछि महामारी नियन्त्रण गरी जनताको जीवन रक्षा गर्नु सरकारको अनिवार्य प्राथमिक दायित्व र कर्तव्य थियो । तर महामारी नियन्त्रण, रोकथाम र उपचारका सम्बन्धमा सरकारले प्रारम्भदेखि नै गम्भीर त्रुटी गर्दै आएको थियो । सरकारले न महामारी नियन्त्रण गर्ने उपयुक्त नीति र कार्ययोजना अख्तियार गर्‍यो, न परीक्षण, उपचार, खोप, औषधि, क्वारेन्टिन र अस्पतालको व्यवस्थापन गर्न गम्भीर र संवेदनशील नै देखियो ।

कोभिड महामारीको पहिलो र दोस्रो लहर आउनु पूर्व अन्तर्राष्ट्रिय सीमा बन्द, लकडाउन, आइसोलेसन, क्वारेन्टाइनका साथै खोप, उपचार र औषधि व्यवस्थापनका लागि पर्याप्त समय थियो । तर सरकार गम्भीर र संवेदनशील नभएको मात्रै होइन, उखानटुक्का र नेपालीहरूको रोग प्रतिरोधात्मक क्षमताको अवैज्ञानिक दाबी प्रस्तुत गरेर प्रधानमन्त्री ओलीले जनताको स्वास्थ्यमाथि खेलवाड समेत गर्नु भएको थियो । राजनीतिक र धार्मिक कार्यक्रम र र्‍याली आयोजना गरेर समाजमा कोभिड संक्रमण गराउने प्रमुख स्रोत सरकार र नेकपा (एमाले) भएको थियो । वास्तवमा नेकपाको सरकारले कोभिडका नाममा लकडाउन र निषेधाज्ञा घोषणा गर्ने तथा मृतक र संक्रमितको तथ्यांक सार्वजनिक गर्ने बाहेक केही पनि गरेन । जनस्वास्थ्यप्रति यो हदसम्मको अनुत्तरदायी र असंवेदनशील सरकार नेपालको इतिहासमा शायद कहिल्यै थिएन ।

त्यस्तो मानवीय संकटको घडीमा समेत मेडिकल सामाग्री खरिदसम्बन्धी भ्रष्टाचार प्रकरण सप्रमाण सार्वजनिक भएपछि सरकारको वास्तविक अनुहार त्यति बेलै पर्दाफास भएको थियो । नेपालको प्रचलित सार्वजनिक खरिद प्रक्रियासम्बन्धी कानूनअनुरूप आह्वान गरिएको बोलपत्र कोरोना रोकथाम तथा नियन्त्रण तत्कालीन उच्चस्तरीय समितिका संयोजक एवं उपप्रधानमन्त्रीको निर्देशनमा अन्तिम घडीमा रद्द गरिएको थियो र कमिशनका आधारमा बिना प्रतिस्पर्धा हतारहतारमा विवादित ओम्नी कम्पनीसँग बजार मूल्य भन्दा अस्वाभाविक रूपमा महँगोमा खरिद गर्ने निर्णय मन्त्रिपरिषदले गरेको थियो ।

तर ओम्नीले गुणस्तरीय सामान ल्याउन त सकेन नै, समयमा आपूर्ति गर्न पनि सकेन । त्यसैले स्वास्थ्य मन्त्रालयले सम्झौता रद्द मात्रै गरेन, ओम्नीलाई कालो सूचीमा समेत राखेको थियो । जतिबेला सिंहदरबारको वातानुकूलित कक्षमा मन्त्रीहरूले कमिशन एजेन्ट र विचौलियाहरूसँग साँठगाँठ गरिरहेका थिए, त्यतिबेला उपचार र अक्सिजन नपाएर नागरिकहरूले तड्पीतड्पी प्राण त्याग गरिरहेका थिए । जनताको स्वास्थ्य माथि खेलवाड गरेको यो भन्दा हृदयविदारक घटना अरू के हुनसक्छ ?

कोभिड महामारी विश्वव्यापीरूपमा फैलिएपछि विदेशमा रहेका नेपाली नागरिकलाई समयमै उद्धार गर्नु पर्ने थियो । तर एकातिर सरकारले समयमै उद्धार गरेन, अर्कोतिर विदेशबाट नेपाली नागरिक उद्धार गर्ने क्रममा 'चार्टर्ड फ्लाइट' गर्दा समेत सरकार भ्रष्टाचार र कमिशनको आहालमा चुर्लुम्म डुबेको थियो । यो भन्दा भ्रष्टाचार र कमिशनको पराकाष्ठा के हुनसक्छ ?

कोभिड महामारीको कारणले करिव लाखौं संक्रमित र हजारौं भन्दा बढी नेपाली नागरिकको मृत्यु भइसकेको मानवीय संकटको घडीमा समेत जनताको स्वास्थ्यमा खेलवाड गरी कमिशनको खेलमा चुर्लुम्म डुवेर नेकपाको सरकारले भ्रष्टाचारको इतिहासमा नयाँ कीर्तिमान कायम गरेको छ । यदि नेकपाको सरकार गम्भीर

र संवेदनशील भएको भए तथा समयमै उपयुक्त नीति अख्तियार गरेको भए कोभिड महामारीको कारणले यति ठूलो संख्यामा मानवीय क्षति हुने थिएन । कोभिड महामारीको कारणले जति पनि मानवीय क्षति भयो, त्यसको लागि नेकपाको सरकार र प्रधानमन्त्री ओली प्रमुखरूपमा जिम्मेवार हुनुहुन्छ । यो केवल भ्रष्टाचार मात्रै होइन, मानवीय अपराध समेत हो । त्यसैले नेकपाको सरकार भ्रष्टाचार, अनियमितता, कमिशन र कुशासनको पर्याय भएको थियो । मेडिकल सामग्री खरिद प्रक्रियामा भएको भ्रष्टाचार र आर्थिक अनियमितताको बारेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको स्मरण गराउन चाहान्छौं ।

तत्कालीन नेकपाका कार्यकारी अध्यक्ष दाहालले सचिवालय र स्थायी समितिको बैठकमा लिखितरूपमा पेश गरेको १९ पृष्ठ लामो बहुचर्चित प्रतिवेदनमा समेत सरकारले भ्रष्टाचार गरेको आरोप लगाउनु भएको थियो । उक्त प्रतिवेदनको बुँदा नम्बर ३ मा ओम्नी र यती भ्रष्टाचार प्रकरण उल्लेख गर्दै प्रधानमन्त्री ओली निकट व्यापारिक घरानालाई सरकारी सम्पत्ति कौडीको भाउमा सुम्पिएको आरोप लगाइएको थियो । नेकपा कै कार्यकारी अध्यक्षले औपचारिक र लिखितरूपमा पेश गरेको प्रतिवेदनमा सरकारले भ्रष्टाचार गरेको आरोप लगाउनु भन्दा स्पष्ट प्रमाण अरू के हुन सक्छ ?

### चोरलाई चौतारो, साधुलाई सुली

संविधान, विस्तृत शान्ति सम्झौता र द्वन्द्व पीडितको भावनाअनुरूप एक दशक लामो द्वन्द्वकालमा जघन्य मानव अधिकार हनन गर्ने पीडकलाई कानूनको दायरामा ल्याएर संक्रमणकालीन न्यायको सिद्धान्त अनुसार पीडितलाई न्याय दिनु सरकारको कर्तब्य थियो । तर सर्वोच्च अदालतको फैसलाअनुरूप हत्यारा प्रमाणित भएर सर्वस्वसहित जन्मकैदको सजाय काटिरहेका बालकृष्ण ढुङ्गेललाई आममाफी दिएर सरकारले विधिको शासन, संक्रमणकालीन न्याय र सर्वोच्च अदालतलाई समेत चुनौती दिएको थियो । तिनै ढुङ्गेललाई अहिले नेकपा (एमाले) ले पोलिटब्युरो सदस्य बनाएको छ । विधिको शासन, सुशासन र मानव अधिकारको दृष्टिले यो भन्दा ठूलो उपहास अरू के हुनसक्छ ?

## प्रतिनिधिसभा विघटन : लोकतान्त्रिक गणतन्त्र र संविधान असफल बनाउने षड्यन्त्र

लोकतान्त्रिक प्रणाली भनेको संवैधानिक र विधिसम्मत प्रक्रियाद्वारा राज्य सञ्चालन गरी सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउने प्रणाली हो । संसदीय लोकतन्त्रको आत्मा भनेकै सार्वभौम संसद हो । तर नेकपाको सरकार बनेपछि संसदमा राष्ट्रिय मुद्दा र जनअधिकारका विषयमा जति सघन र व्यापक बहस हुनु पर्ने हो, भएनन् । जुन दिन ओलीको नेतृत्वमा सरकार बनेको थियो, त्यही दिनदेखि नै सुनियोजित रूपमा सार्वभौम संसदलाई अप्रासंगिक, सरकारको रबर स्ट्याम्प बनाउने कुचेष्टा गरियो । सरकार लोकतान्त्रिक प्रणालीमा जस्तो संसद र जनताप्रति उत्तरदायी र जवाफदेही होइन, कम्युनिस्ट प्रणालीमा जस्तो सम्पूर्ण अधिकार केन्द्रिकृत गरी सर्वसत्तावादी र अधिनायकवादी पद्धति संस्थागत गर्न चाहन्थ्यो । सरकारले कार्यपालिकाअन्तर्गतका निकाय र अधिकार मात्रै केन्द्रिकृत गरेको होइन, सार्वभौम संसद र स्वतन्त्र न्यायालयलाई समेत सरकारको प्रभाव र नियन्त्रणमा राख्ने दुस्साहस गर्दैआएको थियो । त्यसैले संसदको प्रतिष्ठा, गरिमा र प्रभाव स्खलित हुँदै गइरहेको थियो ।

### अलोकतान्त्रिक र असंवैधानिकरूपमा प्रतिनिधिसभा विघटन

जब नेकपाको आन्तरिक विवाद उत्कर्षमा पुग्यो र सर्वसत्तावादी शासन गर्ने अभीष्टका लागि संसद अवरोधक भएको निष्कर्षमा प्रधानमन्त्री ओली पुग्नु भयो, तब २०७७ पुस ५ गते अप्रत्यासितरूपमा छापामार शैलीमा प्रतिनिधिसभा विघटन गरियो। प्रतिनिधिसभा विघटन गरेर सर्वसत्तावादी र अधिनायकवादी शासनलाई थप संस्थागत गर्न सम्पूर्ण शक्ति प्रयोग गरिएको थियो। प्रधानमन्त्री ओलीको यस्तो अधिनायकवादी प्रवृत्तिले लोकतन्त्र र संविधानको आधारभूत मूल्य र मर्म माथि नै सांघातिक आक्रमण गरेको थियो। त्यसैले प्रतिनिधिसभा विघटनपछि लोकतन्त्र होइन, अध्यादेशतन्त्र शुरू भएको थियो; संविधानवाद होइन, अधिनायकवाद र सर्वसत्तावादको घोषित अध्याय प्रारम्भ गरिएको थियो। जनता र जनादेश माथि यो भन्दा ठूलो षड्यन्त्र र अपराध अरू के हुनसक्छ ?

सविधानको अक्षर र भावनाविपरीत गरिएको प्रतिनिधिसभा विघटन अलोकतान्त्रिक, असंवैधानिक र प्रतिगमनकारी थियो। त्यसैले नेपाली कांग्रेस पार्टीले तत्कालीन नेकपाका कार्यकारी अध्यक्ष दाहाल र माधवकुमार नेपाल समूह, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायतका पार्टीहरू तथा नागरिक समाज, बौद्धिक समुदाय, नेपाल बार एसोसिएसनलगायतका सङ्घ-संस्थाहरूसँग सहकार्य गरी प्रतिनिधिसभा विघटनको विरूद्धमा सङ्घर्ष गरेको थियो। नेपाली कांग्रेसको एक मात्र माग प्रतिनिधिसभा पुनःस्थापना थियो। प्रतिनिधिसभा विघटनको विरूद्धमा सत्तारूढ नेकपाका कार्यकारी अध्यक्ष दाहाल र नेपालको समूह नै सर्वोच्च अदालत गएको थियो। त्यसैले २०७७ फागुन ११ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गर्दै पुनःस्थापना गर्ने ऐतिहासिक फैसला गरेको थियो। यसरी सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गरेपछि लोकतान्त्रिक प्रणाली र संविधानको असामयिक अवसान हुन पाएन र देश कल्पनातीत राजनीतिक तथा संवैधानिक संकटबाट जोगिएको थियो।

सर्वोच्च अदालतद्वारा पुनःस्थापना भए पनि प्रतिनिधिसभालाई सरकारले निरन्तर उपेक्षा गरिरह्यो। अत्यावश्यक कानून निर्माणको क्रममा भएको भए तापनि सरकारले संसदलाई 'बिजनेस' नै दिएन। कोभिड महामारी नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, शान्ति-सुरक्षा बहाली, महँगी नियन्त्रण जस्ता जनसरोकारका विषयमा नेपाली कांग्रेसले संसदमा निरन्तर आवाज उठाइ रह्यो। तर जनता र संसदप्रति अनुत्तरदायी सरकारले हाम्रो आवाजको सुनुवाई नै गरेन। प्रतिनिधिसभामा प्रधानमन्त्री ओलीले विश्वासको मत नपाएपछि नयाँ सरकार गठनको प्रक्रिया प्रारम्भ भयो। राष्ट्रपतिले आह्वान गरेअनुसार नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले प्रतिनिधिसभाका १४९ सांसदको हस्ताक्षरसहित राष्ट्रपति समक्ष सरकार गठनका लागि दावी पेश गर्नु भएको थियो। तर प्रतिनिधिसभामा स्पष्ट बहुमत पुग्ने १४९ सांसदको समर्थन भए पनि जालसाँजी गरी नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता देउवालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु भएन।

### अलोकतान्त्रिक र असंवैधानिकरूपमा प्रतिनिधिसभा दोस्रोपटक विघटन

प्रतिनिधिसभामा विश्वासको मत हासिल गर्न असफल भएपछि अर्को सरकार गठन नहुँदासम्मको अवधिका लागि काम चलाउ प्रधानमन्त्री भएका ओलीको शिफारिसमा राष्ट्रपतिले २०७८ जेठ ७ गते मध्य राती

प्रतिनिधिसभा फेरि विघटन गर्नुभयो । दोस्रो पटक गरिएको विघटनले नेपालको संविधान, संवैधानिक सर्वोच्चता, संविधानवाद र २०७७ फागुन ११ गतेको सर्वोच्च अदालतको ऐतिहासिक फैसलालाई समेत ठाडै चुनौती दिएको थियो । संविधानको भावना र सर्वोच्च अदालतको ऐतिहासिक फैसलाविपरीत पटकपटक प्रतिनिधिसभा विघटन हुनुमा केवल प्रधानमन्त्री मात्रै होइन, राष्ट्रपतिको भूमिका पनि बदनियतपूर्ण र दुराशययुक्त देखिन्छ । वास्तवमा प्रतिनिधिसभा विघटन गरे पनि नयाँ निर्वाचन गर्ने ओलीको नियत नै थिएन । किनकि जननिर्वाचित संविधानसभाद्वारा निर्मित संविधानलाई नै असफल बनाउने सुनियोजित षड्यन्त्रअनुरूप असंवैधानिकरूपमा पटकपटक प्रतिनिधिसभा विघटन गरिएको थियो । सम्भवतः संसदको एउटा कार्यकालमा प्रधानमन्त्रीले प्रतिनिधिसभा दुई–दुईपटक विघटन गरेको तथा दुवै पटक सर्वोच्च अदालतले पुनःस्थापना गरेको नजिर संसारको इतिहासमा हालसम्म छैन ।

एकातिर प्रतिनिधिसभामा स्पष्ट बहुमत सांसदको समर्थन भएर पनि नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता देउवालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु भएन । अर्कोतिर २०७७ फागुन ११ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गर्दै पुनःस्थापना गरेको संवैधानिक नजिरलाई समेत वेवास्ता गर्दै संविधानको संरक्षक र पालक समेत रहनु भएका राष्ट्रपतिले पुनः प्रतिनिधिसभा विघटन गरेपछि राष्ट्रपतिको निष्पक्ष र संवैधानिक भूमिका माथि नै गम्भीर प्रश्नचिन्ह खडा भएको थियो । नेपाली कांग्रेसले राष्ट्रपति जस्तो सम्मानित, राष्ट्रको अभिभावक तथा संविधानको संरक्षक र पालक संस्थाबाट यस्तो असंवैधानिक र विवादास्पद भूमिका निर्वाह होला भनेर कल्पना समेत गरेको थिएन । त्यसैले संविधानको रक्षा र प्रतिनिधिसभाका बहुमत सदस्यको हस्ताक्षरसहितको दाबी पेस गर्दा पनि षड्यन्त्रमूलकरूपमा जालसाँजी गरी राष्ट्रपतिले सरकार गठन गर्ने संवैधानिक अवसर नदिएपछि न्यायिक निरूपणका लागि नेपाली कांग्रेस र पाँच दलीय गठबन्धनसँग सर्वोच्च अदालत जानु भन्दा अर्को विकल्प थिएन ।

### सर्वोच्च अदालतद्वारा प्रतिनिधिसभा पुनःस्थापना गर्ने दोस्रो ऐतिहासिक फैसला

२०७८ असार २८ गते कामचलाउ प्रधानमन्त्रीको सत्ताकब्जाको अभीष्ट पूरा गर्न राष्ट्रपतिले दोस्रो पटक पनि असंवैधानिकरूपमा गरेको विघटनलाई बदर गरी सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने अर्को ऐतिहासिक फैसला गरेको थियो । सर्वोच्च अदालतको फैसलाले संविधान, संवैधानिक सर्वोच्चता र संविधानवादको रक्षा गरेको छ । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्नुका साथै नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गरेर राष्ट्रपतिले गरेको असंवैधानिक तथा जालसाचीपूर्ण कदमलाई पनि सच्याएको थियो । राष्ट्रपतिले आफ्नो पदीय मर्यादा र संवैधानिक भूमिकालाई बेवास्ता गर्दै १४९ सांसदको हस्ताक्षरसहित दावी गरेका देउवालाई प्रधानमन्त्री नियुक्त नगरेपछि सर्वोच्च अदालतले परमादेश जारी गर्नु अपरिहार्य थियो ।

१६७ पृष्ठ लामो सर्वोच्च अदालतको फैसला नेपालको संवैधानिक तथा लोकतान्त्रिक प्रणालीको इतिहासमा लोकतान्त्रिक प्रणाली तथा संवैधानिक अभ्यासलाई दीर्घकालसम्म मार्गनिर्देश गर्ने कोशेढुंगा भएको छ । यस्तो ऐतिहासिक फैसला र स्थापित गरेको नजिरले भविष्यमा समेत कसैले लोकतान्त्रिक प्रणाली तथा संविधान माथि अवाञ्छित अतिक्रमण र सांघातिक आक्रमण गर्न नसक्ने संवैधानिक तथा न्यायिक सुनिश्चितता गरेको छ ।

### नेकपा (एमाले) नै सर्वोच्च अदालतको आदेशबाट जन्मिएको पार्टी

नेकपा (एमाले) का अध्यक्ष ओलीले निरन्तर सर्वोच्च अदालतको ऐतिहासिक फैसलालाई अवमूल्यन, व्यङ्ग्य र कटाक्ष गर्दै आउनु भएको छ । तर नेकपा एमालेका उपाध्यक्ष तथा सांसद सुरेन्द्र पाण्डे, स्थायी समिति सदस्य तथा सांसद घनश्याम भुसाल र सांसद भीमबहादुर रावलले समेत प्रतिनिधिसभा पुनःस्थापना गरी देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरियोस् भनी सर्वोच्च अदालत जानु भएको थियो । यसै गरी नेकपा (एमाले) स्वयं र नेकपा (माओवादी केन्द्र) सर्वोच्च अदालतको आदेशबाट जन्मिएका पार्टीहरू हुन् । सर्वोच्च अदालतको आदेशबाट जन्मिएको पार्टी भनी नेकपा (एमाले) को वैधानिक हैसियत माथि कसैले प्रश्न उठायो भने ओलीले के जवाफ दिनु होला ? यदि संवैधानिक सर्वोच्चता, सर्वोच्च अदालत र विधिको शासनमा विश्वास छ भने प्रधानमन्त्री समेत भइसकेका ओलीले त्यस्तो तुच्छ टिप्पणी गर्नु शोभनीय होइन ।

## उत्ताउलो घोषणाको 'विकास'

जनउत्तेजनाको व्यापार गरी राजनीति गर्ने शक्तिहरूको सबैभन्दा ठूलो हतियार अतिवादी एजेण्डा र भ्रामक 'अद्वितीय विकास' हो । प्रधानमन्त्री ओली नेतृत्वको सरकार त्यसको अपवाद नरहनु स्वाभाविक थियो । प्रचण्ड बहुमत प्राप्त उहाँको सरकारले मुलुकले फड्को मार्ने विकासका अवधारणा ल्याउने र कार्यान्वयन गराउने जनअपेक्षाविपरीत उहाँको 'सृजनशीलता' र समय पार्टीभित्र र बाहिरका आलोचकप्रति हलुका टीकाटिप्पणी गर्न मै खर्च भयो । नेपालको समृद्धि नै हिमालमा चल्ने चुच्चे रेल र खोलानालामा तैरिने भीमकाय पानीजहाजमा चढेर आउँछ भन्ने उहाँको भ्रान्तिपूर्ण विचारको भिनो आलोचनालाई समेत 'विकासविरोधी'को संज्ञा दिइयो ।

उहाँको कार्यकालको 'विकास' घोषणामै सीमित भए पनि विकास गरेको भनेर 'प्रोपोगाण्डा' गर्न उद्दत देखियो । उहाँले राजनीतिक स्थायित्वले दिएको ठूलो अवसरको सदुपयोग गरेर स्थानीय तहलाई आवश्यक कानून बनाई विकासमा सहजीकरण गरिदिएको भए देशले विकासको फड्को मार्ने थियो । तर गर्नुपर्ने काम नगरी विकासको उल्टो बाटो हिँडेको ओली सरकार आफ्नो सरकार बन्नु अघिदेखि विगतका सरकारको योजना र प्रयत्नबाट वर्षौंदेखि नियमित काम भई सम्पन्न भएका आयोजनाहरूलाई पनि आफ्नो र आफूले गरेको दाबी गरेर भ्रमको खेती गर्नेक्रम अहिले पनि जारी छ ।

'गिनिज बुक आधा त हामीले गरेका कामले भरिन्छ' भनेर ओलीले दाबी गर्नु भएको थियो । तर उहाँको सरकारले देखिने विकास गर्न नसके पनि क्षणिक राजनीतिक लाभका लागि स्रोत-साधनको कुनै तयारी बिना नै शिलान्यास गरेर जनताको आँखामा छारो हाल्ने काम मात्रै गरिरहयो । प्रारम्भ नै भइसकेका आयोजनाको फेरि शिलान्यास गरी अचम्मको शिलान्यास मोह देखाएर जगहँसाई गरिरहनु भयो । १ चैत २०७७ मा ओलीले सडक नपुगेका २२८ स्थानीय तहका केन्द्र जोड्न पक्की सडक निर्माणको शिलान्यास गर्नुभएको थियो । तर वैदेशिक स्रोतबाट लगानी जुटाउने योजना सुनिश्चित नभएपछि तिनको डीपीआर समेत बनेन । ओलीको विश्व रेकर्ड राखेर गिनिज बुकमा नाम लेखाउने महत्वाकांक्षासहित एकैचोटि ३ सय ९६ स्थानीय तहमा ५, १० र १५ शैयाका आधारभूत अस्पतालहरूको शिलान्यासको हबिगत पनि सडकभन्दा फरक रहेन । न स्रोतको सुनिश्चितता भयो, न काम नै अगाडि बढ्यो ।

'स्विच अन' गर्नासाथ पाइपबाट घरमै ग्यास आउने महत्वाकांक्षी योजना सुनाएका ओलीले आफ्ना आलोचकलाई दोलालघाटबाट चल्ने पानीजहाजको टिकट काट्न तयार भएर बस्न मिति नै तोकेर चुनौती समेत दिनुभएको थियो । तीन वर्षपछि पनि पानीजहाज कार्यालय खोलेर पार्टीका कार्यकर्ताको भर्तीकेन्द्र बनाउने बाहेक अरू केही प्रगति भएन, त्यो हुनसक्ने योजना पनि थिएन । उहाँले तामझामका साथ उद्घाटन गरेको धरहरा अझै पूर्णरूपमा बनिसकेको छैन ।

ओलीले मुलुकको प्राथमिकताको हेक्का त राख्नु भएन नै, स्रोत–साधन, आयोजना सञ्चालनको व्यवस्थापकीय क्षमता, ठूला आयोजनाको कार्यान्वयनका चुनौती समेतलाई उपेक्षा गरेर प्रधानमन्त्री हुने बित्तिकै महात्वाकांक्षी योजनाका घोषणाको चाँङ लगाएर कोभिड महामारीको अकल्पनीय पीडा भोगिरहेका जनतालाई उद्वेलित तुल्याइ रहनुभयो । झन् झन् हास्यास्पद बन्दै गएको गफ मात्रको विकासले अन्ततः सरकारको राजनीतिक पुँजी खिइँदै गयो र जनताको विश्वास पनि गुम्न पुग्यो ।

२०७४ देखि २०७९ सम्मको अवधि नेकपा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले लोकतान्त्रिक प्रणालीको अतिक्रमण, संविधान माथि आक्रमण र जनादेशको अपमान गरी सत्ताको ताण्डव नृत्य मच्चाएको अभिशप्त कालखण्ड हो । यस्तो कालखण्डको अध्यायमा अहिले अर्धविराम लागेको छ । अब निर्वाचनमार्फत् यो प्रवृत्तिलाई पूर्ण विराम लगाउनु अपरिहार्य छ ।

स्मरणीय छ, अहिलेका नेकपा (माओवादी) र (एकीकृत समाजवादी) तत्कालीन नेकपामा आवद्ध थिए । नेकपा र नेकपाको सरकारको कारणले सृजना भएका यी तमाम विकृति–विसंगतिप्रति मूलतः तत्कालिन प्रधानमन्त्री ओली प्रमुख रूपमा जिम्मेवार भए पनि तत्कालीन सन्दर्भमा नेकपा (माओवादी) र (एकीकृत समाजवादी) पनि आंशिकरूपमा जिम्मेवार भएको तथ्य पनि विर्सन मिल्दैन । तर, उक्त अभिशप्त कालखण्डबाट नेकपा (माओवादी) र (एकीकृत समाजवादी) ले शिक्षा लिएका छन् भन्ने नेपाली कांग्रेस विश्वास गर्दछ ।

## प्रतिपक्षमा नेपाली कांग्रेस : जिम्मेवार तर खबरदारीको भूमिका

विगत २०७४ को स्थानीय निर्वाचनमा ७५३ मध्ये २७१ स्थानीय तहमा विजय हासिल गरेको भए पनि सङ्घीय संसद तथा सात वटै प्रदेश सभामा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी पार्टी थियो । लोकतान्त्रिक प्रणालीमा सत्ता पक्षका साथै प्रतिपक्षी पार्टीको भूमिका पनि महत्वपूर्ण हुने वास्तविकतालाई गम्भीरतापूर्वक आत्मसात गर्दै नेपाली कांग्रेसले जिम्मेवार, रचनात्मक र उच्च लोकतान्त्रिक संस्कारयुक्त प्रतिपक्षी पार्टीको भूमिका निर्वाह गर्ने नीति अख्तियार गरेको थियो । निर्वाचनमार्फत नेपाली जनताले दिएको जनादेशलाई सम्मान गर्दै प्रारम्भमा नेपाली कांग्रेसले सरकारप्रति आक्रामक रणनीति अख्तियार गरेको थिएन । राजनीतिक आग्रह र दलीय दृष्टिकोणभन्दा पनि गुण र दोषको आधारमा सरकारलाई समर्थन र खबरदारी गर्ने नीति अनुशरण गरेको थियो । वास्तवमा नेपाली कांग्रेसले लोकतान्त्रिक प्रणालीमा प्रमुख प्रतिपक्षले निर्वाह गर्नु पर्ने उदाहरणीय र रचनात्मक भूमिका निर्वाह गर्दै आइरहेको थियो ।

राष्ट्रियता, सार्वभौमिकताको संरक्षण र सम्वर्द्धन, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रहितमा आधारित नीति, नेपालको नयाँ नक्सा, कोभिड महामारी नियन्त्रण जस्ता अहं राष्ट्रिय मुद्दा र जनजीविकाका प्रश्नमा नेपाली कांग्रेसले सरकारलाई सहयोग र समर्थन गर्दै आइरहेको थियो । तर त्यससँगै जनविरोधी,

संविधानविरोधी, लोकतान्त्रिक प्रणालीविरोधी विवादास्पद निर्णय र कार्यशैलीका विरूद्धमा भने हाम्रो पार्टीले सशक्त प्रतिरोध गर्दै आइरहेको थियो । अन्य राजनीतिक पार्टी, बौद्धिक वर्ग, नागरिक समाज र सार्वजनिक सञ्चारमाध्यममा नेपाली कांग्रेसको प्रतिपक्षीय भूमिकाको बारेमा कटु टिप्पणी र आलोचना हुँदा पनि सचेततापूर्वक शालीन र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको थियो । यदि नेपाली कांग्रेसले जिम्मेवार र संयमित प्रतिपक्षको भूमिका निर्वाह नगरेको भए संविधान र लोकतान्त्रिक प्रणालीकै दुर्घटना समेत हुन सक्थ्यो । त्यसैले नेपाली कांग्रेस पार्टीले तत्कालीन सन्दर्भमा प्रतिपक्षको भूमिकामा खरो नदेखिएकोमा आलोचित र अलोकप्रिय हुनु परेको भए पनि जिम्मेवार र उच्च लोकतान्त्रिक संस्कारबाट विचलित भएन ।

नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र अतिक्रमण गरी दक्षिणी छिमेकी भारतले नयाँ विवादास्पद नक्सा प्रकाशित तथा अतिक्रमित नेपाली भूमिमा भारतद्वारा अनधिकृतरूपमा सडक तथा भौतिक संरचना निर्माण गरेपछि नेपाली कांग्रेसले सशक्त विरोध गर्दै आइरहेको छ । नेपाली भूमि अतिक्रमण गरी भारतले विवादास्पद नक्सा प्रकाशित गरेपछि नेपालले पनि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसहितको नयाँ नक्सा प्रकाशित गर्न २०७६ मङ्सिर १६ गते नेपाली कांग्रेसले सरकारसँग माग गरेको थियो । त्यसैले नेकपाको सरकारले रहस्यमय विलम्बपछि २०७७ जेठ ७ गते नेपालको नयाँ नक्सा प्रकाशित गरेको थियो । यसै गरी संसदबाट सर्वसम्मतिको आधारमा नेपालको नयाँ नक्सा समेटिएको संविधान संशोधनलाई पारित गर्न पनि प्रतिपक्षको रूपमा नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । त्यसैले राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता, सीमा विवाद, नयाँ नक्साको सन्दर्भमा सरकार नेकपाको भए पनि नेपाली कांग्रेसले पूर्ण सहयोग र समर्थन गरेको थियो ।

विश्वव्यापी कोभिड महामारी शुरू भएपछि नियन्त्रण तथा रोकथाम तथा जनताको जीवन रक्षा गर्न नेपाली कांग्रेसले संसदमा निरन्तर सरकारलाई सहयोग, समर्थन र खबरदारी गर्दै आइरहेको थियो । प्रारम्भमा कोभिड महामारी नियन्त्रण तथा रोकथामका लागि सकारात्मक वातावरण सृजना गर्ने पवित्र उद्देश्यले प्रमुख प्रतिपक्ष भए पनि नेपाली कांग्रेसले सरकारको नीति र पहललाई पूर्णरूपमा सहयोग र समर्थन गरेको थियो । तर कोभिड महामारी नियन्त्रण तथा रोकथाम गर्न सरकार गम्भीर र संवेदनशील नभएकाले ठूलो मानवीय क्षति हुने परिस्थिति सिर्जना भएपछि नेपाली कांग्रेसले सरकारको ध्यान आकर्षण गराउन संसददेखि सडकसम्म शसक्तरूपमा आवाज उठाएको थियो । कोभिड महामारी नियन्त्रण तथा रोकथाम गर्न नेपाली कांग्रेसले ठोस कार्ययोजनासहित संसदमा सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएको थियो । संसदमार्फत सरकारलाई जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउन नेपाली कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरेको थियो । तर हाम्रो जिम्मेवार भूमिकालाई कमजोरी ठानेर जनता र संसदप्रति अनुत्तरदायी सरकारले हाम्रो सहयोग, समर्थन र खबरदारीलाई निरन्तर उपेक्षा गऱ्यो ।

कोभिड महामारी शुरू भएपछि सरकारले घोषणा गरेको सीमा नाका बन्द, लकडाउन र निषेधाज्ञाको कारणले भारतबाट नेपाल फर्कने तथा नेपालका विभिन्न ठाउँबाट आफ्नो गाउँ जानका लागि श्रमजीवी वर्गले भोक भोकै हप्तौं पैदल यात्रा गरी ठूलो कष्ट र यातना भोग्नु परेको थियो । तर नेकपाको सरकारले हाम्रा दिदीबहिनी तथा दाजुभाइलाई मानवीय तथा आर्थिक संकटको घडीमा नागरिकलाई राज्यले निर्वाह गर्नु पर्ने न्यूनतम कर्तब्य समेत निर्वाह गरेन । जनताको नाममा राजनीति गर्दै आएको तथा किसान र मजदुरको 'पार्टी'

भन्ने नेकपाको सरकारले नेपाली जनताप्रति गरेको अमानवीय व्यवहार र गैरजिम्मेवार प्रवृत्तिको यो भन्दा पराकाष्ठा अरू के हुनसक्छ ? त्यसैले सरकारको त्यस्तो अमानवीय व्यवहार र गैरजिम्मेवार प्रवृत्तिको नेपाली कांग्रेसले भण्डाफोर गर्दै आइरहेको थियो ।

ओली नेतृत्वको सरकार दुई-तिहाईको दम्भ र अहंकारले उन्मत्त हुँदै संविधान, लोकतान्त्रिक पद्धति, संसद, संवैधानिक तथा लोकतान्त्रिक संस्था र विधिको शासनमाथि नियोजित प्रहार गर्न थालेपछि नेपाली कांग्रेसले संविधान, लोकतान्त्रिक प्रणाली र नागरिक अधिकारको रक्षार्थ सदनदेखि सडकसम्म सशक्त प्रतिरोध र खबरदारी गर्दै आइरहेको थियो । सरकारको अधिनायकवादी तथा सर्वसत्तावादी अभीष्ट र गैरलोकतान्त्रिक तथा असंवैधानिक विधेयकका विरूद्धमा नेपाली कांग्रेस लगायतका अन्य राजनीतिक दल, वौद्धिक समुदाय, नागरिक समाज, सञ्चार माध्यमले सशक्त प्रतिवाद गरेको कारणले ती विवादास्पद विधेयकहरू संसदबाट पारित भएनन् । त्यस क्रममा नेपाली कांग्रेसले संसददेखि सडकसम्मको सङ्घर्षमा जनतासँगै उभिएर नेतृत्वदायी भूमिका निर्वाह गरेको वास्तविकता सम्पूर्ण नेपालीलाई जानकारी भएकै विषय हो ।

## लोकतन्त्र र संविधानको रक्षार्थ नेपाली कांग्रेसको नेतृत्वमा सरकार

संसदको यस कार्यकालमा नेपाली कांग्रेसको प्राथमिकता सरकार थिएन । सरकार प्राथमिकता नभएको कारणले पहिलोपटक प्रतिनिधिसभा पुनःस्थापना भएपछि पनि नेपाली कांग्रेसले सरकार निर्माणको पहल गरेको थिएन । तर नेकपा (एमाले) र प्रधानमन्त्री ओलीको कारणले संविधानसभाद्वारा निर्मित संविधान नै असफल हुने दिशातर्फ उन्मुख भएपछि तथा पाँच दलीय गठबन्धनका नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले प्रस्ताव गरेपछि विशेष परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ नेपाली कांग्रेसले सरकारको जिम्मेवारी समेत वहन गर्नु पर्ने अपरिहार्य अवस्था सृजना भएको थियो । त्यसैले सर्वोच्च अदालतको ऐतिहासिक फैसलाबाट प्रतिनिधिसभा पुनःस्थापना भएपछि नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा असार २९ गते पाँच दलीय गठबन्धन सरकार गठन भएको थियो ।

लोकतान्त्रिक प्रणाली, संविधानको अक्षर र भावना तथा विधिको शासनको मूल्य र मान्यतालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अनुशरण गरेको प्रधानमन्त्री देउवाको गठबन्धन सरकार जनताप्रति पूर्णरूपमा जवाफदेही र उत्तरदायी भएर राज्य सञ्चालन गरिरहेको छ । संविधानको पूर्ण र सफल कार्यान्वयन, कोभिड महामारी नियन्त्रण गरी नागरिकको जीवन रक्षा, तीन वटै तहको निर्वाचन सम्पन्न, कोभिड महामारी तथा पूर्ववर्ति सरकारको गलत नीतिको कारणले ओरालो लागेको अर्थतन्त्र सुधार, भ्रष्टाचार नियन्त्रण तथा सुशासन र अन्तर्राष्ट्रिय सम्बन्धलाई थप सुदृढ र घनिष्ट बनाउँदै कूटनीतिक सन्तुलन कायम गर्नु सरकारका प्रमुख प्राथमिकता हुन् ।

प्रधानमन्त्री देउवाको नेतृत्वमा सरकार गठन भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेको संविधानको पूर्ण र सफल कार्यान्वयनको प्रक्रिया प्रारम्भ भएको छ । तर नेकपा (एमाले) ले निरन्तर संसद अवरूद्ध गरेको कारणले सरकारले आवश्यक कानून निर्माण गर्न सकेको छैन । नेकपा (एमाले) ले २३ भदौ

देखि १ चैत सम्म गरी १८७ दिन निरन्तर संसद अवरोध गरेको छ । कहिले असंवैधानिकरूपमा पटकपटक प्रतिनिधिसभा विघटन गर्ने, कहिले निरन्तर संसद अवरूद्ध गरेर नेकपा (एमाले) ले के सन्देश दिन खोजेको हो ? संसदप्रति एमालेको प्रतिशोध किन ? के एमाले संसद र संसदीय प्रणालीलाई असफल बनाउने षड्यन्त्रमा उद्दत भएकै हो ? संसदको बाँकी कार्यकाल पनि अवरूद्ध गर्ने ओलीले सगौरव घोषणा गर्नु भएको छ । ओलीको यस्तो दम्भ र अहंकारको स्रोत के हो ? हिजो सत्तामा हुँदा संसदलाई सरकारको 'रबर स्ट्याम्प' बनाइएको थियो, आज नेकपा (एमाले) प्रतिपक्षमा हुँदा बन्धक बनाइएको छ ।

न्यायालयमा विचाराधीन विषयमा संसदमा प्रश्न उठाउन पाइँदैन । तर त्यस्ता विषयलाई लिएर संसद बन्धक बनाउनु राजनीतिक, संवैधानिक र नैतिक दृष्टिले कति उचित हो ? यस प्रश्नको जवाफ नेकपा (एमाले) ले जनतालाई दिनु पर्छ कि पर्दैन ? राष्ट्रिय मुद्दाहरूमा संसदमा छलफल र बहस गरी उपयुक्त निकास निकाल्नु पर्ने घडीमा संसद अवरूद्ध गरेर नेकपा (एमाले) ले संसद र संसदीय प्रणालीप्रति मात्रै कुठाराघात गरेको छैन, सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको आवाज पनि अवरूद्ध गरेको छ । वास्तवमा एमालेले संसदीय प्रणाली र संसदको चीरहरण गरेर नेपाली जनताको विकास र समुन्नतिको सपनामाथि पनि निरन्तर प्रहार गरिरहेको छ । त्यसैले नेकपा (एमाले) केवल गैरलोकतान्त्रिक र गैरसंसदीय मात्रै भएको छैन, जनताप्रति समेत अनुत्तरदायी भएको छ ।

नेपाली कांग्रेसको नेतृत्वको सरकारले कोभिड महामारी नियन्त्रणलाई सर्वोच्च प्राथमिकता दिएको छ । गत असारको अन्तिम साता सरकार गठन हुनासाथ खोप, रोकथाम तथा संक्रमितको निशुल्क तथा सर्वसुलभ उपचार, संक्रमितका लागि अस्पताल तथा औषधी, आइसोलेसन, क्वारेन्टाइन, अक्सिजनलगायत अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन गरेपछि महामारी नियन्त्रण गर्न सफल भएको थियो । त्यसैले महामारी नियन्त्रण गरी जनताको जीवन रक्षा गर्ने दृष्टिले सकारात्मक र उत्साहजनक उपलब्धि हासिल भएका छन् । यदि नेपाली कांग्रेसको नेतृत्वमा सरकार नबनेको भए यसरी कोभिड महामारी नियन्त्रण हुने सम्भावना थिएन ।

सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन वटै तहको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सरकार पूर्ण प्रतिबद्ध छ । यसै गरी भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न तथा सर्वसुलभरूपमा नेपाली जनतालाई सेवा प्रवाह गर्न सरकार इमान्दारिता र निष्ठापूर्वक अभिप्रेरित भएको छ ।

ओलीको कार्यकालमा अन्तर्राष्ट्रिय सम्बन्धको दृष्टिले गम्भीर नीतिगत तथा कूटनीतिक विचलन आएर नेपालको कूटनीतिक विश्वसनीयता निकै खस्किएको थियो । तर देउवा सरकारले राष्ट्रहितलाई सर्वोच्च प्राथमिकता दिने विदेश नीति अख्तियार गरेर अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक सन्तुलनका दृष्टिले उल्लेखनीय उपलब्धि हासिल गरेको छ । देउवा सरकारले छिमेकीलाई उच्च प्राथमिकता दिंदै भारत र चीनसँगको परम्परागत, घनिष्ट र बहुआयामिक सम्बन्धलाई थप आत्मीय र हार्दिक बनाउन सफल भएको छ । गत महिना सम्पन्न प्रधानमन्त्री देउवाको सफल भारत भ्रमण तथा चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणपछि भारत र चीन दुवैसँग पारस्परिक विश्वास, सहकार्य र विकास साझेदारीको सम्बन्ध पुनःस्थापित गर्न सफल हुनु भएको छ ।

हिजो प्रतिपक्षमा होस् कि आज सरकारमा, भारतद्वारा अतिक्रमित नेपाली भूमि कालापानीबाट अविलम्ब भारतीय सुरक्षा फौज हटाएर नेपाली भूमि फिर्ता गर्न नेपाली कांग्रेसले निरन्तर नेपाल र भारत दुवै सरकारलाई

माग र खबरदारी गरिरहेको छ । स्मरणीय छ, गत महिना सम्पन्न भारत भ्रमणको अवसरमा पनि नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले नेपालले प्रकाशित गरेको नयाँ नक्सा र सीमा विवादको बारेमा नेपालको स्पष्ट दृष्टिकोण र अडान भारत सरकारसँग राख्नु भएको छ । उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक संवादमार्फत नेपाल-भारतवीच रहेका लिम्पियाधुरा, लिपुलेक र कालापानी तथा सुस्तालगायत सबै क्षेत्रका सीमा विवाद समाधान गरी नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता, सार्वभौमिकता र सीमा सुरक्षा गर्न नेपाली कांग्रेस कृतसंकल्पित छ ।

पूर्ववर्ती ओली सरकारले उच्च वृद्धिदर भएको अर्थतन्त्र विरासतमा पाएको थियो । तर वर्तमान सरकारले पूर्ववर्ती ओली सरकारबाट रूग्ण अर्थतन्त्र विरासतमा पाएको छ । २०७४ फागुनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नेतृत्व सम्हाल्दा वैदेशिक ऋण पाँच खर्ब भन्दा कम थियो । तर २०७८ साल असारमा तत्कालीन प्रधानमन्त्री ओलीले वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्दा वैदेशिक ऋणको राशी नौ खर्ब भन्दा बढी पुगेको थियो । यसैगरी पूर्वप्रधानमन्त्री ओलीको कार्यकालमा कूल सरकारी ऋण पनि आठ खर्बबाट बढेर १७ खर्ब पुगेको थियो । ओली सरकारको कार्यकालमा व्यापार घाटा ९१७ अर्बबाट ५३ प्रतिशतले बढेर १३९८ अर्ब पुगेको थियो । व्यापार घाटा नेपालको दीर्घकालीन समस्या भए तापनि व्यापार घाटा न्यूनीकरण ओली सरकारको प्राथमिकता नै भएन ।

यसै गरी ओली सरकारको नीतिगत अस्थिरता र वित्तीय अनुशासनहीनताको कारणले विकास साझेदारहरू पनि निराश भएपछि आर्थिक वर्ष २०७३/७४ मा ४० अर्ब ८१ करोड प्राप्त भएको वैदेशिक सहायतामा निरन्तर गिरावट भई आर्थिक वर्ष २०७७/७८ को पहिलो आठ महिनामा केवल ९ अर्ब १४ करोड मात्र प्राप्त भएको थियो । पूर्वप्रधानमन्त्री ओलीको कार्यकाल प्रारम्भ भएदेखि नै सरकार आर्थिक अराजकतामा चुर्लुम्म डुबेको थियो । यस्तै दृष्टिकोणविहीनता र आर्थिक अनुशासनहीनताका कारणले अर्थतन्त्रका सूचकांकहरू ऋणात्मक हुँदै आएका थिए । त्यसैले रूग्ण अर्थतन्त्रको उत्थान, नीतिगत सुधार र वित्तीय अनुशासनको पालना वर्तमान सरकारको उच्च प्राथमिकता भएको छ ।

विगत पाँच वर्षदेखि बहस भइरहेको तर निकास पाउन नसकेको अमेरिकी विकास परियोजना एमसीसी संसदबाट पारित गरी कार्यान्वयन गर्न देउवा सरकार सफल भएको छ ।

रूसको सैन्य आक्रमणको विपक्षमा तथा युक्रेनको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको पक्षमा उपयुक्त र स्पष्ट नीति अंगिकार गरेपछि अन्तर्राष्ट्रिय मन्चमा शक्तिराष्ट्र र छिमेकीहरूले समेत नेपालको नीति र कूटनीतिक भूमिकालाई 'नोटिस' गर्न थालेका छन् । नेपालको बहुआयामिक सम्बन्ध र विकास साझेदारीको दृष्टिले महत्वपूर्ण भूमिका भएका भारत, चीन र अमेरिकासँग विगत केही महिनादेखिको अवधिमा भएका सघन र अर्थपूर्ण कूटनीतिक 'इन्गेजमेन्ट'ले सकारात्मक सन्देश दिएका छन् । सधैं घरेलु मामिलामा व्यस्त तथा विवादित हुने नेपाल अहिले अन्तर्राष्ट्रिय मामिला, विदेश नीतिको प्राथमिकता र नेपाली कांग्रेस नेतृत्वको सरकारको 'प्रोएक्टिभ' र परिपक्व कूटनीतिका कारण अन्तर्राष्ट्रिय मन्चमा नेपालको कूटनीतिक छवी सकारात्मक भएको छ ।

## राष्ट्रिय संकटको घडीमा नेपाली कांग्रेसको भूमिका

अहिलेको विशिष्ट परिस्थितिमा सृजना भएको सरकारको जिम्मेवारीलाई राष्ट्रिय संकटको घडीमा नेपाली कांग्रेसले निर्वाह गर्दै आएको ऐतिहासिक अभिभाराको निरन्तरताको रूपमा हामीले आत्मसात गरेका छौँ । २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनमार्फत राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनादेखि नेकपा (माओवादी) को एक दशक लामो सशस्त्र सङ्घर्षको शान्तिपूर्णरूपमा समाधान गरी दिगो शान्ति स्थापना गर्न नेपाली कांग्रेस पार्टीले युगान्तकारी भूमिका निर्वाह गरेको इतिहास सर्वविदितै छ । जनआन्दोलनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाली कांग्रेसले अहिले समेत गरी नेपाली राजनीतिको विशिष्ट कालखण्डमा चार पटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

पहिलो, २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कारणले जनआन्दोलन सफल भएपछिको संक्रमणकालको नेतृत्व पनि नेपाली कांग्रेसले नै गरेको थियो । नेपाली कांग्रेसका आदरणीय नेता एवं तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गरी संविधानसभाद्वारा संविधान निर्माण गर्ने जग बसालेको थियो ।

दोस्रो, नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधानसभाको निर्वाचनपछि बनेको नेपाली कांग्रेसको सरकारले संविधानसभामार्फत ऐतिहासिक संविधान जारी गर्न सफल भएको थियो ।

तेस्रो, नेपाली कांग्रेसका सभापति एवं वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले नयाँ संविधान जारी भएपछि सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनै तहको निर्वाचन सम्पन्न गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक संविधान कार्यान्वयनको ठोस आधार तयार गरेको थियो ।

चौथो, नेकपा (एमाले) र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको अधिनायकवादी तथा सर्वसत्तावादी प्रवृत्तिको कारणले संविधानसभाद्वारा निर्मित संविधान नै असफल हुने दिशातर्फ उन्मुख भएपछि अहिलेको विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ पुनः सरकारको जिम्मेवारी वहन गर्नु पर्ने अपरिहार्य अवस्था सृजना भएको छ ।

इतिहास र नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा नेपाली कांग्रेसले इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ । आजको भूमिकालाई पनि हामीले इतिहास र नेपाली जनताले सुम्पिएको चुनौतीपूर्ण अभिभाराको निरन्तरताको रूपमा आत्मसात गरेका छौं । हामीले २०७४ देखि २०७९ सम्मको अवधिमा निर्वाह गरेको भूमिकाको वस्तुनिष्ठ समीक्षा गर्दै भविष्यको पार्टीको मार्गचित्र तय गरेका छौं । यस्तो सुनौलो इतिहास र ऐतिहासिक भूमिकाको सगौरव स्मरण गर्दै अहिले प्राप्त भएको जिम्मेवारी पनि सत्य-निष्ठापूर्वक वहन गरी लोकतन्त्र, संविधान, जनअधिकारको संरक्षण र समुन्नत नेपाल निर्माण गर्नेछौं भनी सम्पूर्ण नेपाली नागरिकसँग प्रतिज्ञा गर्दछौं ।

## अबको यात्रा र एजेण्डा

# समुन्नत नेपालको राष्ट्रिय सङ्कल्प

२०६० सालबाट शुरू भएको परिवर्तनको नवीन यात्रा २०७४ सालमा टुङ्गिएको आम अपेक्षा थियो । तर २०७४ को आमनिर्वाचनपछि संविधानको मर्म अनुसार प्रतिस्पर्धात्मक राजनीतिको बाटोमा राष्ट्रिय राजनीति अगाडि बढ्न सकेन । देश समुन्नतिको मार्गमा नहिँडेको मात्र होइन, त्यस दिशामा डोऱ्याउने समेत प्रयत्न नै नभएको आभासले जनताको व्याकुलता बढेको छ । विशेषगरी २०६० को दशकको राजनीतिक सङ्घर्षका क्रममा दलहरूले जनता समक्ष संसद पुनःस्थापना, माओवादीको शान्तिपूर्ण रूपान्तरण, संविधानसभाको निर्वाचन र संविधानसभाबाट संविधान निर्माण पश्चात सबै ठीकठाक हुन्छ भन्ने वाचा गर्दै हाम्रो सङ्घर्षमा साथ दिन आह्वान गरेका थिए । ती सबै 'माइलस्टोन' प्राप्त भएपछि फेरि अब स्थिर सरकार भयो भने विकास, सामाजिक न्याय र सुशासनमा प्रत्यक्षरूपमा देखिने गरी प्रगति र जनताको जीवनमा सकारात्मक सुधार आउने वाचा गरियो ।

२०७४ को निर्वाचनमार्फत जनताले स्थिर सरकारको लागि मत पनि दिए । हाम्रो आन्दोलन र राजनीतिक दलहरूप्रति आम मानिसका केही अपेक्षा थिए । ती अपेक्षा पूरा हुन सकेको भए, यो २०७९ को निर्वाचनमा हामी फेरि पनि राजनीतिक स्थायित्व, संविधानको रक्षा आदि पूरानै एजेण्डामा जकडिएर प्रतिस्पर्धा गरिरहेका हुने थिएनौं । आज हाम्रो राजनीतिक प्रतिस्पर्धा नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन, देशलाई समुन्नतिको मार्गमा अगाडि बढाउन हुनुपर्थ्यो । तर २०७४ मा नेकपाको सरकार गठनसँगै दलहरूले ऐतिहासिक जनआन्दोलनमा जनतासँग गरेका सबै आग्रह पूरा भइसक्दा पनि नागरिकले आफ्नो जीवनमा किञ्चित सकारात्मक परिवर्तनको अनुभूति गर्न नसक्दा आम नेपाली नागरिकमा सम्पूर्ण राज्य संयन्त्रप्रति नै निराशा र आक्रोश बढ्दै गएको छ । राजनीतिक दलहरूले जनतासँग पटकपटक दोऱ्याएका वाचा पूरा गर्नेतिर नलागी नयाँ नयाँ राजनीतिक द्वन्द्व र किचलो निकालेर २०७४ पछि प्राप्त स्थायित्वको लाभलाई गुमाइरहेको दुःखद दृश्यले समग्र लोकतान्त्रिक आन्दोलनप्रति नै आमनागरिकको वितृष्णा बढ्दै जानु दुर्भाग्यपूर्ण हो । यो पृष्ठभूमिमा नयाँ-नयाँ आवरणमा प्रकट हुन खोजिरहेका अतिवादी शक्तिको चलखेल बढ्दै जाँदा कष्टसाध्य सङ्घर्ष र बलिदानले प्राप्त हाम्रो लोकतन्त्र नै धरापमा पर्ने हो कि भन्ने आशंका उत्पन्न भएको छ ।

तर नेपाली कांग्रेस पार्टी दृढ छ – देशमा आक्रोश र निराशाको वातावरण छ भन्ने गुनासो गर्दै यस्तो बेला जनतालाई अलमल्याउन कुनै एउटा प्रतिगामी एजेण्डाको खोजी गरेर हिँड्दैन । हामी नागरिकको निराशामा अन्तर्निहित परिवर्तनको चाहना र वेगलाई अग्रगामी, लोकतान्त्रिक तथा प्रगतिशील ऊर्जा र शक्तिमा रूपान्तरण गर्न चाहन्छौं । यही व्यवस्था र संविधानको अपनत्व लिँदै जनतालाई एउटा निश्चित अवधिभित्रै आफ्नो जीवनमा सकारात्मक परिवर्तन हुँदै गएको महसुस गराएर समतामूलक समाज निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने

विश्वास दिलाउन चाहन्छौं । अब हामीलाई फेरि राजनीतिक मुद्दाकै खिचातानीमा अल्झने र प्राप्त अवसरलाई गुमाउने न सुविधा छ, न समय ।

२०१५ सालमा देशले एउटा अभूतपूर्व अवसर पाएको थियो । तर राजाको असंवैधानिक महत्वाकांक्षाका कारण त्यो मौका त्यसै खेर मात्र गएन लोकतन्त्रलाई संस्थागत गर्न फेरि अर्को तीन दशक पर्खिनु पर्‍यो । त्यसपछि २०४६ सालमा आएको अर्को अवसर राजाको अवाञ्छित चलखेल र माओवादीको हिंसात्मक आतंकको शिकार भयो । २०६० मा शुरू भएको आन्दोलन र अत्यन्त जटिल राजनीतिक संक्रमणपछि अन्ततः २०७४ मा सदियौंदेखि जनताले खोजेको प्रगति र समुन्नतिको सपनालाई साकार पार्ने अवसर नेपाल कम्युनिष्ट पार्टीको अधिनायकवादी अभीष्ट, अकर्मण्यता र अहंकारले तुहाइदियो । यसरी स्थायित्वको अवसरलाई गुमाएर संविधानमा जनतालाई गरेका वाचाहरूप्रति घात गरेको, अस्थिरता र आम निराशाको विकराल स्थितिमा मुलुकलाई सम्हाल्न फेरि एकचोटि नेपाली कांग्रेस पार्टीले नै अघि सर्नु परेको छ । आगामी दिनहरूले सामना गर्ने चुनौतीहरू जटिल छन् तर अब हामी यो अवसरलाई कदापि गुम्न दिने छैनौं ।

हामीले नेकपाको अधिनायकवादी र गैरजिम्मेवार सरकारले 'वामपन्थ'को नाममा उग्रराष्ट्रवादको भावावेश र समृद्धिको सुसुप्त आकाङ्क्षालाई जगाएर सत्तामा पुगेपछि मच्चाएको वितण्डाले जोखिममा परेको लामो राजनीतिक सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धिलाई संरक्षण र सम्वर्द्धन गर्नु परेको छ । यो परिस्थितिलाई समग्र लोकतान्त्रिक व्यवस्थाकै असफलता ठहर गर्दै फेरि अर्को निरंकुश सत्ता स्थापना गरी सबै समस्याको सहजै समाधान हुन्छ भनेर जनतालाई उद्वेलित गरिरहेका दक्षिणपन्थी तत्वहरूको जनउत्तेजनाको प्रतिगामी राजनीतिलाई पनि परास्त गर्नुछ । अन्यथा हाम्रो प्रगतिको सपना नयाँ पुस्ताको पनि सपना नै रहने छ । लोकतन्त्रका निम्ति सात दशक कठोर सङ्घर्ष गरेको तथा अहिलेको व्यवस्थाको अभिभावक र संविधानको प्रणेता नेपाली कांग्रेसका लागि यो नै आजको मूल जिम्मेवारी र चुनौती हो । त्यसैले संविधानसभामार्फत जारी भएको संविधानको रक्षा र संस्थागत विकास गर्दै हामीले हासिल गरेका ऐतिहासिक उपलब्धिलाई जोगाएर देशलाई अगाडि बढाउने विषयमा नेपाली कांग्रेस पार्टीको प्रष्ट र दृढ प्रतिवद्धता छ ।

संविधानसभामार्फत जारी भएको संविधानप्रति नेपाली कांग्रेस पूर्ण प्रतिबद्ध छ र नेपाली कांग्रेसले पूर्ण स्वामित्व लिएको वास्तविकता जगजाहेर नै छ । संविधान एउटा जीवन्त र गतिशील दस्तावेज हो । यसलाई जनताको भावना र राजनीतिक शक्ति सन्तुलन अनुसार संशोधन र परिमार्जन गरी समृद्ध र प्रगतिशील दस्तावेजको रूपमा रूपान्तरण गर्न नेपाली कांग्रेस वचनबद्ध छ । त्यसैले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संविधानको आधारभूत प्रस्तावना भित्रैबाट लोकतान्त्रिक प्रक्रिया अनुशरण गरी नेपाली जनताको भावना र चाहना अनुसार यसलाई थप सर्वस्वीकार्य, प्रगतिशील तथा समावेशी बनाउन नेपाली कांग्रेस दृढसंकल्पित छ । नेकपाले खेर फालेको विगतका अमूल्य पाँच वर्षको समेत क्षतिपूर्ति हुनेगरी समुन्नत नेपालको राष्ट्रिय सङ्कल्पका साथ नेपाली कांग्रेस पार्टीले आफ्नो भविष्यको मार्गचित्र तय गर्दै नेतृत्वदायी भूमिका निर्बाह गर्नेछ ।

## समुन्नत नेपालको मार्गचित्र

यद्यपि राजनीतिक प्रतिवद्धता र संविधानले मात्रै नेपाली जनता समक्ष हामीले गरेका प्रणहरू पूरा हुँदैनन् । नागरिकले प्रत्यक्ष अनुभूत गर्ने परिवर्तन र रूपान्तरण नै नेपाली कांग्रेसको सङ्कल्प हो । नेपाली कांग्रेस

पार्टीको जन्म केवल सत्तामा जान मात्र भएको होइन; लोकतान्त्रिक र संवैधानिक प्रक्रियाद्वारा जनताको भावना अनुसार अग्रगामी र प्रगतिशील आर्थिक–सामाजिक रूपान्तरण गर्न यो पार्टीको स्थापना भएको हो । त्यसैले पार्टीको गौरवशाली इतिहास र आदर्शलाई स्मरण गर्दै हामी तपाईंहरूको समक्ष सङ्कल्प गर्छौं कि संविधानले जनतासँग वाचा गरेको समुन्नतिको आधार निर्माण गर्नेछौं, समुन्नत नेपालको जग बसाल्ने छौं ।

संविधान निर्माणको चरण सकिएपछि समृद्ध नेपाल अबको हाम्रो गन्तव्य हो भन्ने नेकपा (एमाले) ले एउटा राजनीतिक भाष्य तथा कोरा विकासको मोडेल बनाएको छ । समृद्ध नेपालको त्यो अवधारणामा व्यापक भौतिक विकास, ठूलाठूला पूर्वाधारका संरचना, अग्ला भवन, भ्यू टावर, भीमकाय एयरपोर्ट र हिमालमा रेल चढाउनेलगायतका सपनाको व्यापार गरिएको छ । त्यस्तो समृद्धिको आधार देशले धान्नै नसक्ने अत्यन्त खर्चिलो भौतिक विकास हो । त्यस्तो विकासले जनताको शीरमा ऋणको भारी बोकाउँछ; प्राकृतिक स्रोतहरूको अवैज्ञानिक दोहन गरेर भावी पुस्तालाई समेत जोखिममा पार्ने गरी पर्यावरणीय संकट निम्त्याउँछ । निश्चित ठाउँमा जनसंख्याको केन्द्रिकरण गर्दै लैजान्छ । सहरी र ग्रामीण, धनी र गरिब बीचको असमानताको खाडल अझ फराकिलो बनाएर द्वन्द्वको अवस्था सृजना गर्छ । समृद्धिको यस्तो भाष्यले भौतिक पूर्वाधारलाई विकासको मानक बनाउँछ, तर त्यस्तो विकासको प्राथमिकतामा समग्र मानव विकास र नागरिकका उन्नतिका चाहनाहरू पर्दैनन् ।

यस्तो समृद्धिले आवरणको सुखका कुरा गर्छ तर युगौंदेखि मानिसको उत्पीडनको कारक रहेको समाजमा व्याप्त संरचनागत हिंसा, विभेद र असमानतालाई उपेक्षा गर्छ । प्रचलित समृद्धिको भाष्यले सतहमा देखिने चम्किलो सम्पन्नताको वकालत गर्छ तर त्यहाँभित्र अन्तर्निहित विभेद, विपन्नता एवं आर्थिक–सामाजिक असमानतालाई झन् झन् बढाउँदै लैजान्छ । यस्तो समृद्धिका अभियन्ताहरूले चर्को स्वरमा देश र जनताको दुहाई दिने गरे पनि त्यही देश र जनताभित्र नैसर्गिक रूपमा रहेको विविधतालाई समृद्धिको मार्गको अवरोध ठान्छन् र त्यो विविधतालाई समाप्त पार्न हरदम उद्धत रहन्छन् । त्यसैगरी लोकतान्त्रिक संस्था र प्रणाली, मानव अधिकार, संविधान, नागरिक आन्दोलनजस्ता लोकतान्त्रिक मूल्य र मान्यताले बाधा पुऱ्याउने ठानेमा तिनलाई समेत निःशंकोच अतिक्रमण गरिदिन सक्छन् । संसारभरि आँधी जसरी आएको दक्षिणपन्थी राजनीतिको उभारमा केही निश्चित वर्गमात्र लाभान्वित हुने तर अधिकांश मानिस वञ्चितिकरणमा पर्ने यस्तै भौतिक पूर्वाधार केन्द्रित विकासको उल्लेखनीय भूमिका रहेको राष्ट्रिय–अन्तर्राष्ट्रिय अभ्यासले पुष्टि भइसकेको छ ।

हामीले प्रस्ताव गरेको समुन्नति त्यस्तो सम्वृद्धिको पर्यायवाची होइन । समुन्नत नेपालको मार्गचित्र र 'सम्वृद्धि'को अवधारणामा आधारभूत रूपमै भिन्नत छ । समुन्नत नेपाल कुनै अमूर्त गन्तव्य नभएर जनताको सक्रिय सहभागितामा हुने राष्ट्र निर्माणको निरन्तर प्रक्रिया र अभियान हो । समुन्नत नेपाल कुनै एक व्यक्तिको चमत्कारले होइन, सबै नागरिकको सामूहिक प्रयत्नले डोऱ्याउने उज्यालो भविष्यतिरको सुनौलो यात्रा हो । समुन्नत नेपालको केन्द्रमा केवल कोरा आर्थिक विकास र भौतिक संरचना मात्रै होइन, नेपाली जनताको समग्र मानव विकासको वृहद् अवधारणा अन्तर्निहित छ ।

समुन्नत नेपाल नागरिकलाई सबल, सक्षम र स्वतन्त्र बनाई देशलाई सम्पन्न बनाउने अवधारणा हो । त्यसैले यसको केन्द्रमा नागरिक छ । उसका आकाङ्क्षा र सपनाहरू छन् र उसको व्यक्तित्वको आफ्नै विशिष्ट पहिचान छ । भौतिक संरचनाहरू आवश्यक छन्, तर ती संरचनाहरू नागरिकका सपनाहरूको पूर्तिका लागि निर्माण

गरिएका हुन् । तिनको निर्माणमा उसको सहभागिता र सृजनशीलता जोडिएको हुँदा तिनले विभेदको सृजना गर्दैनन् । विभेदको अवस्थाको अन्त्यसँगै लोकतन्त्रिक व्यवस्थामा स्वभाविक रूपमा सक्षम नेपाली नागरिकको सृर्जनात्मक भूमिका बढ्दै जानेछ । आफूलाई सक्षम बनाउने नागरिकको प्रयत्नलाई राज्यले प्रोत्साहित गर्ने हुँदा ऊ अझ स्वावलम्बी, सम्पन्न र राष्ट्र निर्माणमा योगदान गर्न हरदम प्रेरित रहन्छ । त्यस्ता सक्षम र उद्यमशील नेपाली नागरिकको सामूहिक प्रयत्नबाट मुलुकको सम्पन्नता वृद्धि हुँदै जानेछ, देश समुन्नत बन्नेछ ।

समुन्नत नेपाल र समुन्नतिका मानकहरू अमूर्त छैनन् । देश समुन्नत हुँदै जाँदा कुनै पनि व्यक्तिले वंश, जाति वा लिङ्गको आधारमा प्राप्त हुने विशेषाधिकारको अवस्थाको अन्त्य हुँदै जानेछ । त्यसैगरी जन्म भएको परिवार वा भूगोलको आधारमा नागरिकको भाग्य निर्धारण हुने अन्यायको अन्त्य नभई राष्ट्र निर्माणमा योगदान गर्न सक्ने सबल, सक्षम र स्वतन्त्र नागरिकको विकास पनि सम्भव छैन । राज्यले सबै नेपाली नागरिकको स्वतन्त्रताको विस्तारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका न्यूनतम आधारको प्रत्याभूति गर्दै जानेछ । त्यसैगरी सबल, सक्षम, स्वतन्त्र र सम्मानित नेपाली नागरिकको सामूहिक प्रयत्नबाट निर्माण हुँदै गरेको सम्पन्न नेपालमा जातीय, भाषिक, क्षेत्रीय लगायतका विविधताको जोडबाट राष्ट्रियताको नयाँ भाव सृजना भई राष्ट्रियता सुदृढ हुनेछ । त्यस्ता नागरिकको सामूहिक प्रयत्नका आधारमा निरन्तर बन्दै जाने समुन्नत नेपालले आधुनिक नेपाली परिचयको विकास गर्नेछ र त्यसले सबै नेपालीहरूलाई नेपाली हुनुमा वा नेपालीपनमा गर्व गर्न सक्ने अवस्थाको सृजना हुनेछ ।

झन्डै ७५ वर्षअघि नेपाली कांग्रेसको प्रारम्भिक लक्ष्य तय गर्दै जननायक बी.पी. कोइरालाले लेख्नुभएको थियो: **"हामी जनता जनार्दनको बलमा नेपालमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहून्; देशमा सडक, बाटोघाटो, अस्पताल लगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरू कुनै कुराहरूको अभाव नरहोस्; त्यस्तो उत्तरदायी शासन व्यवस्था ल्याउने प्रयत्नमा छौं ।"** समुन्नत नेपालको यही कालजयी कल्पनाको गुणात्मक आधुनिक रूप नै नेपाली कांग्रेसको अद्यावधिक विकासको सोच हो । वास्तवमा समुन्नत नेपाल जननायक **बी.पी. कोइरालाको प्रजातान्त्रिक समाजवाद**मा आधारित समतामूलक समाज निर्माणको सिद्धान्त र परिकल्पनाको विस्तारित स्वरूप हो, थप व्याख्या हो । जसको अर्थ पुँजी संग्रह र आर्थिक वृद्धि महत्वपूर्ण साधन हुन् तर विकासको साध्य भनेको **नागरिकको स्वतन्त्रता, सक्षमता र सबलीकरणको विस्तार** नै हो ।

नेपाली कांग्रेस पार्टीले अवलम्बन गर्ने नीतिमा अबको दशक नेपालको समुन्नति र सम्पन्नताको दशक हुनेछ । हामी प्रष्ट मार्गचित्रका साथ समुन्नतिको यही राष्ट्रिय सङ्कल्पको कार्यान्वयनमा आफूलाई समर्पित गर्नेछौं । हामीलाई कहाँ पुग्ने र कसरी पुग्ने भन्ने विषयमा अब कुनै द्विविधा छैन ।

## समुन्नतिका आर्थिक–सामाजिक आधार

- **सुशासन**को शर्त **उदार लोकतन्त्र**सँग जोडिन्छ । आवधिक निर्वाचनमात्र होइन, आधारभूत स्वतन्त्रताहरू, विधिको शासन र शक्ति पृथकीकरणसहितको संवैधानिक उदारवादमा सक्षम र जवाफदेही प्रशासन–संयन्त्र र सदाचारी एवं सुयोग्य राजनीतिक तथा प्रशासनिक नेतृत्व आवश्यक पर्छन् भन्ने हाम्रो अनुभवजन्य निष्कर्ष छ । तथ्य र प्रमाणका आधारमा विकासका विधिबारे पुनर्विचार भइरहन्छ । नयाँ व्यवस्था ल्याएपछि स्वचालित किसिमले विकास भइहाल्छ भन्ने भ्रमबाट हामी मुक्त छौं । त्यसैले समुन्नत नेपाल एउटा

निश्चित गन्तव्य नभएर राष्ट्र निर्माणको निरन्तर प्रयत्न हो । आजभन्दा भोलि र भोलिभन्दा पर्सी झन् उन्नत बनाउँदै लैजाने निरन्तर अभियानको नेतृत्व नेपाली कांग्रेसले गर्नेछ ।

- **नागरिकको ज्ञान, सीप र क्षमतामा वृद्धि** गरी तिनको जीवनस्तर उकास्ने, अन्ततः तिनका मुहारमा खुशी र आशाको उज्यालो ल्याउने साझा प्रयत्नले नै समुन्नति हासिल हुने हो । त्यसैले नेपालको अर्थनीति र विकासको बारेमा बहस गर्दा सबैभन्दा ध्यान दिनुपर्ने कुरा भनेको हाम्रो सामाजिक पूर्वाधारको निर्माण नै हो । गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र नागरिकको समग्र क्षमता र सृजनशीलतालाई उत्प्रेरित गर्ने पूर्वाधारको निर्माण संवैधानिक र नैतिक दायित्वमात्र होइन, त्यस्ता नागरिक नभई मुलुकको सम्पन्नता सम्भव नै छैन । सक्षम र सृजनशील नागरिकले मात्र राष्ट्र निर्माणमा योगदान दिने सामर्थ्य राख्ने हुँदा नेपाली कांग्रेस पार्टीले आगामी एक दशकमा सामाजिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय प्रगति गर्ने लक्ष्य राखेको छ । त्यसैगरी त्यस्तो उत्पादनशील र सृजनशील नागरिकको अधिकतम योगदान प्राप्त गर्न भौतिक पूर्वाधार अपरिहार्य हुन्छ । नेपाली कांग्रेस उत्पादनशील र अधिकतम रोजगारी सृजना गर्ने भौतिक पूर्वाधारको निर्माणमा विश्वास राख्दछ । यो नीतिलाई स्थानीय तहदेखि नै अवलम्बन गरिने छ ।
- सबै **नागरिक**लाई कुनै न कुनै **उद्यम**मा जोडेर नतिजाको असमानता भन्दा पनि अवसरको असमानतामा हामीले विशेष ध्यान दिनेछौं । उत्पादकत्वमा वृद्धि, बालशिक्षा, स्वास्थ्य र पोषणको गुणस्तरमा विस्तार, आरक्षणको अभ्यासमा जाँदै नेपाली समाजलाई समन्यायिक बनाउने ध्येय हुनेछ । तरूण युवाहरूको ऊर्जाको बलमा आशावादी, सकारात्मक र जीवन्त नेपाली समाजको कल्पना हामीले गरेका छौं । तर बढ्दो बसाइसराइ, पलायन, परिवर्तित प्रजनन् दर, मृत्युदर र औसत आयुको सन्दर्भमा हाम्रो देशको तरूण अवस्था अब धेरै समय नटिक्ने देखिएको हुँदा युवाहरूको ऊर्जालाई अधिकतम र द्रुत गतिमा उपयोग गर्ने नीति लिइनेछ । तिनको क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र प्रविधिमा आधारित व्यावसायिक पाठ्यक्रम, प्रशिक्षित शिक्षक र चुस्त विद्यालय व्यवस्थापनमा नयाँ चरणबाट नै काम गरिने छ ।
- नेपाली कांग्रेसले लिने नीतिले उत्पादन र वितरणलाई समान प्राथमिकता, समावेशी आर्थिक वृद्धि, आर्थिक कूटनीतिमार्फत वैदेशिक सहयोग अभिवृद्धि र आत्मनिर्भरमुखी अर्थतन्त्रको विकास गर्नेछ । यसै गरी गरिव, विपन्न, किसान, मजदुर, समाजमा पिछडिएका तथा वञ्चितिकरणमा परेका सीमान्तकृत समुदायको उत्थान र विकासलाई विशेष प्राथमिकता दिनेछ । आर्थिक तथा सामाजिक क्षेत्रमा न्याय, राज्यका स्रोत तथा सेवाहरूमा सबै **नागरिकहरूको समान पहुँच र अधिकार**को सुनिश्चतता गर्ने नीतिगत व्यवस्था नै समुन्नत नेपालको अर्थ-राजनीतिक आधार हुनेछ । विश्वका धेरै देशले यस्तो प्रबन्धलाई सफलतापूर्वक कार्यान्वयनमा ल्याएर उदाहरणीय विकास र सामाजिक न्यायको सुनिश्चितता गरिरहेको हामीले देखेका छौं । विकासको गतिमा पछाडि रहेका हामीलाई तिनले गरिरहेको अभ्यासको सफलता र असफलता दुवैबाट सिक्ने मौका छ । त्यसैले नेपाली कांग्रेसको विकासको मोडेल जनतामुखी, दिगो र वातावरणमैत्री हुनेछ ।
- **फराकिलो समुन्नति र आर्थिक सामर्थ्य**को हाम्रो सोचको नेपाल आगामी दशकमा एउटा उद्यममैत्री, मध्यमआय भएको समन्यायिक मुलुक हुनेछ जहाँ चरम गरिबी एक अङ्कमा सीमित हुनेछ, गतिशील

समतामूलक समाजको निर्माणमा सबैको पहुँच पुगेको सबल स्वास्थ्य, पोषण, शिक्षा र सामाजिक सुरक्षा सम्मिलित एकीकृत प्रणालीको स्थापना आवश्यक छ । अब 'गुणस्तरीय सेवा दिने' परम्परागत नारा मात्र पर्याप्त हुँदैन । राज्यको प्रभावकारी भूमिका, दक्ष जनशक्ति, दिगो वित्तीय सुनिश्चितता र सामुदायिक अपनत्व हामीले अवलम्बन गर्ने पद्धतिका अंश हुनेछन् । परिवर्तनशील आर्थिक संरचनाहरूमा रोजगारीको प्रकृति, श्रम र पुँजीको प्रतिफल र स्वामित्वको हिस्सा, बिहेवारी एवं सन्तानमा गरिने फरक लगानीका कारण पनि असमानता बढ्दै गएकोले तिनको न्यूनिकरण गर्ने प्रयत्न गरिने छ ।

- नेपाली नागरिकको औसत आयु ८० वर्षको हाराहारीमा पुऱ्याउने, मातृ मृत्यु र शिशु मृत्यु दरलाई मध्यम-आय भएका मुलुकहरूको दाँजोमा झार्दै स्वास्थ्य क्षेत्रमा राज्य प्रत्यक्ष सेवा प्रदायकको भूमिकासँगै बलियो नियमन र सर्वसुलभ बीमा मार्फत स्वास्थ्य सेवाको क्रेताको रूपमा पनि उपस्थित हुनेछ । 'डिजिटलाइजेसन' मार्फत नेपालका सबै नागरिकको **कोखदेखि शोक**सम्मका रेकर्डका आधारमा जहाँ पनि जुनसुकै सेवा प्रदायकबाट स्वास्थ्य परामर्श लिन सकिने प्रणालीको विकास गर्नु पर्नेछ ।
- निरपेक्ष रूपमा गत तीस वर्षमा हामीले धेरै उन्नति गरेका छौं तर सापेक्षिक रूपमा भने हामी पछि परिसक्यौं । आन्तरिक रूपमा हाम्रो जनसंख्याको बनोट र यसले दिनसक्ने अर्थ-राजनीतिक सामर्थ्य अनि बाह्य रूपमा कोभिड-१९ पछिको नयाँ विकास रोडम्यापलाई हामीले नयाँ अवसरका रूपमा लिनु आवश्यक छ, किनकि मानव इतिहासमै यो स्तरको **उन्नत पुँजी, प्रविधि, नीतिगत र वैज्ञानिक ज्ञान** पहिले कहिल्यै उपलब्ध थिएन ।
- **कनेक्टिभिटी**सँग सम्बन्धीत पूर्वाधारहरू (सडक, हवाई, रेल, जल, ऊर्जा र डिजिटल संजाल) मा बहुपक्षीय लगानी जुटाई, झन्झटिला ऐन, नियम, प्रक्रियाहरूमा समय तोकेरै शृंखलावद्ध सुधार गरेर समग्र उत्पादनको लागत घटाउने, तुलनात्मक लाभका क्षेत्रहरूलाई प्रतिस्पर्धी बनाउँदै बर्षेनी अधिकतम संख्यामा सम्मानजनक रोजगारी सिर्जना गर्ने हाम्रो उच्च प्राथमिकता रहनेछ । केही राष्ट्रहरूले आफ्नो देश-विकासको मानकमा प्राथमिकतामा नपर्ने पूर्वाधार निर्माणमा राज्यको धन तथा वैदेशिक ऋण खर्च गर्नाले राज्यको अर्थतन्त्र नै धरासायी भई जनतालाई चरम अभावमा बाँच्नु परेको हामीले देखिरहेका छौं ।
- **जलवायु-अनुकूल उत्पादनको स्रोत तथा गन्तव्य**का रूपमा परिचित हुन ऊर्जाका सबै मागहरू जलविद्युत तथा स्वच्छ ऊर्जाका अन्य स्रोतको परिचालनबाट पूर्ति गर्नेछौं । सूचना प्रविधिकरणको विस्तारले उत्पादनको नयाँ तौरतरिका अँगाल्न प्रेरित र सक्षम तुल्याउने हाम्रो लक्ष्य हो ।
- एक्काइसौं शताब्दीका नजिकका ठूला अर्थतन्त्र (भारत, चीन, मध्यपूर्व र दक्षिणपूर्व एशिया) सँगको सामीप्यलाई आधार मान्दा नेपाललाई अब बीसौं शताब्दीको भूपरिवेष्ठित, विश्व-बजारबाट अलग्गिएको अर्थतन्त्रका रूपमा लिन मिल्दैन । उच्च मूल्यको पर्यटन उद्योग र सेवाप्रदायक व्यवसायीहरूको आकर्षक गन्तव्यको रूपमा नेपाललाई स्थापित गराउनु पर्नेछ । हाम्रो सामुदायिक सह-अस्तित्व र सौमनस्यको इतिहासमा अन्तर्राष्ट्रिय सद्भाव र साझेदारी जोडेर समुन्नत राष्ट्र बनाउने स्पष्ट योजना नेपाली कांग्रेसको छ ।
- दुई छिमेकी राष्ट्रका आकार र बढ्दो महत्वको सापेक्षिकतामा हामी सानो देखिए पनि **सार्वभौमिक 'रेसिप्रोसिटी'** को कसीमा परिपक्व तवरले हामी अघि बढ्नेछौं । अन्तर्राष्ट्रिय सीमा-बन्धनको सम्मान गर्दै

व्यापार र पर्यटनको सहजीकरण, बाह्य लगानी र उत्पादन सञ्जालहरूमा जोडिने पहल एवं जलवायु, महामारी, आप्रवास, यातायात र ऊर्जा पूर्वाधार, आर्थिक नीतिगत समन्वयजस्ता विषयमा क्षेत्रीय सहकार्य मात्र होइन नेतृत्वदायी भूमिका नै लिने हाम्रो आत्मविश्वास छ । **राष्ट्रसङ्घको बडापत्रप्रति प्रतिवद्ध रही साठी वर्ष अघि १८ महिनाको छोटो अवधिमै प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपीले आर्थिक कूटनीतिमा अपनाउनु भएको प्रेरणादायी पदछाप पछ्याउने नेपाली कांग्रेस प्रण गर्दछ ।**

- **अन्तर्राष्ट्रिय 'बेन्चमार्क'** को सन्दर्भमा हामी सन् २०२६ मै 'अतिकम-विकसित' राष्ट्रबाट विकासशील श्रेणीमा उक्लिने छौं । विकास मार्गले कोल्टे फेर्ने अवसर हो यो । राष्ट्र सङ्घमा जनाएको प्रतिवद्धता अनुरूप सन् २०३० सम्म दिगो विकासका १ सय ६९ वटा परिमाणात्मक लक्ष्यहरू हामीले लिएका छौं । यो सरकारको मात्र जिम्मेवारी होइन, बृहत् राष्ट्रिय दायित्व नै हो । त्यसैले सरकारले न्युनतम ५५ प्रतिशत र निजी क्षेत्र लगायतका गैरसरकारी संस्थाले बाँकी रकमको व्यवस्थापन गर्नु पर्नेछ । नपुग विदेशी अनुदान, ऋण र लगानीबाट पूरा गर्नुपर्नेछ । त्यसैले वैदेशिक लगानीका अवरोधहरूलाई हटाई, तिनलाई सुरक्षा र संरक्षणको प्रत्याभूति गर्दै आकर्षित गरिने छ । विदेशी अनुदानसमेत भित्र्याउन नदिई नागरिकको समुन्नतिको सपनालाई हत्या गर्न उद्धत छद्म-राष्ट्रवादी शक्तिहरूको चंगुलबाट मुलुकलाई निकाल्न शुरू गरेको आफ्नो अभियानलाई नेपाली कांग्रेसले निरन्तरता दिनेछ । नेपाली कांग्रेस पार्टी नेपाललाई वैदेशिक लगानीको आकर्षक गन्तव्य बनाई नागरिकको जीवनस्तरलाई उकास्न हरदम प्रयत्नशील रहने देशभक्तिको राजनीतिमा विश्वास गर्छ ।
- गुणात्मक ढङ्गले वृद्धि भइरहेको **गैरआवासीय नेपाली समुदायको पुँजी, ज्ञान र सीप** पनि मुलुकको विकासका लागि उत्तिकै आवश्यक र ठूलो स्रोत हो । नेपालसँग गहिरो भावनात्मक सम्बन्धले गाँसिएका अधिकांश पहिलो पुस्ताका गैरआवासीय नेपाली दिदीभाइ-दाजुबहिनीहरू नेपालको समुन्नतिमा आ-आफ्नो सामर्थ्य अनुरूप योगदान गर्न प्रतिबद्ध र उत्साहित रहेको यथार्थसँग नेपाली कांग्रेस अनभिज्ञ छैन । हाम्रो पार्टीले संसारभरि छरिएर रहेको त्यो समुदायको नेपालसँगको आत्मिय सम्बन्धलाई अझ बलियो बनाउने विषयमा हरदम पहल गर्दै आएको छ । संविधानमा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था त्यसको ज्वलन्त उदाहरण हो । विदेशमा छरिएका हाम्रा दिदीभाइ-दाजुबहिनीका सम्बोधन हुन बाँकी समस्याहरूका बारेमा सचेत रहँदै तिनको सामूहिक आर्थिक र बौद्धिक सामर्थ्यलाई आकर्षित गरेर देशको समुन्नतिमा लगाउने नीति नेपाली कांग्रेसले लिनेछ । नेपाली कांग्रेस पार्टीले गैरआवासीय नेपालीहरूलाई आफू जन्मिएको, हुर्किएको गाउँ तथा नगरले लिएका आर्थिक-सामाजिक पहलमा सहकार्य गर्न उत्प्रेरित गर्ने र त्यसका लागि आवश्यक नीति र संयन्त्रको व्यवस्था गर्नेछ ।
- नेपालमा **'अनियमित संरचनात्मक रूपान्तरण'** देखिएको छ । कृषि क्षेत्रबाट धेरै जनता बाहिर आएका छन् । तर अर्थतन्त्र परिपक्व नहुँदै सामान्य सेवा क्षेत्रको फैलावट भएको छ भने औद्योगिकरण हुर्कन पाएको छैन । वैदेशिक रोजगारको विकल्प नबन्दा झन्डै तीन करोड जनसंख्या भएको अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार लगभग २५ प्रतिशत हुनु उल्लेख्य छ । अर्को दश वर्षमा यसलाई १०-१५ प्रतिशत बिन्दुले घटाउन महत्वाकांक्षी पहल लिनेछौं ।

- त्यसैगरी नेपाली कांग्रेस पार्टीले आधारभूत तहदेखि नै **ज्ञानमा आधारित अर्थ व्यवस्था**को निर्माणमा विशेष जोड दिँदै आवश्यक नीतिगत व्यवस्था गर्नेछ । गाउँ र नगरपालिकाका स्कुल-कलेज तहदेखि नै सूचना-प्रविधिसम्बन्धी शिक्षा र तालिम, सूचनाको निःशुल्क र उपयोगी प्रवाहका लागि सूचना र सञ्चारका पूर्वाधार निर्माण र त्यसमा सर्वसाधारणको सहज पहुँचलाई नीतिगत प्रोत्साहन दिनेछ । देशभरिका विश्वविद्यालय, अनुसन्धान केन्द्रहरूमा विश्वभरि भएका विभिन्न क्षेत्रका सफल प्रयोगहरूलाई हाम्रा स्थानीय तह अनुकूल लागू गर्न सकिने अनुसन्धानहरूलाई प्रोत्साहन गर्नेछ । सामाजिक र भौतिक पूर्वाधारमा गरेको लगानीले नेपालको औद्योगिकरण र ज्ञानमा आधारित अर्थव्यवस्थाको निर्माण गर्ने दुवै बाटो खोलिदिन्छ । यस्तो अर्थतन्त्र मात्र सानातिना धक्काले नढल्ने गरी दिगो हुन्छ ।

यसो भनिरहँदा देशलाई समुन्नतिको यो बाटोमा हिँडाउने कल्पनाशीलता, क्षमता, सीप र जाँगर भएको नेतृत्व र पार्टी संरचनाको विकासमा पनि नेपाली कांग्रेसले ध्यान दिनेछ । नेपाली कांग्रेसले पार्टीभित्र निरन्तर अध्ययनको वातावरण बनाएको छ । नेपाली कांग्रेसको आदर्श र सिद्धान्तप्रति सहानुभूतिशील, पार्टीलाई चाहिने बौद्धिकता, विज्ञता र कौशल भएका तर पार्टीको औपचारिक संगठन भन्दा बाहिर रहेका व्यक्तित्वहरूलाई नीति निर्माणका विभिन्न तहमा प्रवेश गराएर आफ्नो क्षमताको विस्तार गर्ने नीति लिइएको छ । पार्टीले उदार लोकतन्त्रलाई सुदृढ गर्दै सदस्यता वितरण देखि नै समावेशिताको अभ्यास शुरू गरेको छ, जसले गर्दा सबै जाति, क्षेत्र र वर्गका प्रतिभावान् नागरिकहरू पार्टीप्रति आकर्षित हुने वातावरण बनेको छ र पार्टीको क्षमतामा क्रमशः वृद्धि हुँदै गइरहेको छ । पार्टीभित्र नीति निर्माणका विषयमा निरन्तर छलफल, अनुसन्धान र विमर्श गर्ने निकायका रूपमा नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको पुनर्गठन हुनेछ । प्रतिष्ठानले संसारभरि छरिएर रहेका नेपाली प्राज्ञहरूलाई आमन्त्रित गरेर भौतिक विकासको क्षेत्रमा भइरहेको नयाँ-नयाँ मोडेल, आविस्कार र अभ्यास मात्र होइन, बदलिँदो विश्व परिवेशमा राजनीतिक पार्टीहरूको भूमिका, सैद्धान्तिक फाँटमा देखिएको परिवर्तन आदिका बारेमा समेत पार्टीलाई सुसूचित गर्नेछ । यस्ता व्यवस्थाले सरकारमा जानु अघि नै हामी त्यहाँ पुगेर कस्तो नीतिगत पहल गर्ने भन्ने विषयमा तयार भइसकेका छौं र पार्टीले तय गरेको मार्ग चित्र अनुशरण गरी अगाडि बढ्ने छौं ।

पार्टी संगठनलाई हामीले राजनीतिक मात्र होइन, सामाजिक आन्दोलनको रूपमा पनि उपयोग गर्नेछौं, निरन्तर जनतासँग जोडिराख्ने छौं । सरकारको वैधानिक सत्ताको विकल्पमा पार्टी संगठनको तागत र जनताको समर्थनको नैतिक सत्तालाई उपयोग गरेर पनि लोकको सेवा गर्न सकिने थुप्रै माध्यम छन् भन्ने चेतनाको पार्टीभित्र व्यापक विस्तार गर्नेछौं ।

## निष्कर्ष

वर्तमान संविधानको रक्षा र त्यसैको जगमा समुन्नतिको निर्माण गरी नागरिकको सम्मानित जीवन बाँच्न पाउने अधिकारको सुनिश्चितता नै नेपाली कांग्रेस पार्टीको ध्येय हुनेछ । आफ्नै अहंकार र महत्वाकांक्षाको बार्दलीबाट मुलुकको राजनीतिलाई गिजोली जनताको हृदयमा निराशाको हुरी चलाएर यो संविधानलाई नै क्षतविक्षत तुल्याउने र फेरि अर्को अधिनायक जन्माउने कम्युनिस्ट अभिष्टलाई परास्त गरेको नेपाली कांग्रेस पार्टीले कुनै किसिमका असहिष्णु, उग्रराष्ट्रवादी र प्रतिगामी एजेण्डा बोकेर देशलाई अब फेरि द्वन्द्वमा फँस्न दिने छैन । नेपाली कांग्रेसले

जनताको जीवन बदल्ने मुद्दालाई नै राष्ट्रिय मुद्दाको रूपमा स्थापित गर्नेछ । त्यही नै देशभित्रका अवनतिका जराहरू उखेल्न जन्मिएको नेपाली कांग्रेस पार्टीको अस्तित्वको सार हुनेछ ।

हामी एउटा स्पष्ट विचार, योजना, उत्साह र सङ्कल्प लिएर समुन्नत नेपालको राष्ट्रिय अभियानमा होमिएका छौं । समुन्नत नेपालको सुदृढ जग खडा गर्ने यो अभियानमा सबै तहका सरकारहरूले आ–आफ्नो विशिष्ट र अहं भूमिका निर्बाह गर्नु पर्नेछ । त्यसैले स्थानीयदेखि सङ्घीय तहसम्मै हाम्रो पार्टीको नेतृत्वमा सरकार नबनाई त्यो सङ्कल्प साकार हुन सक्दैन । हामी आम नेपाली दिदिभाइ–दाजुबहिनीलाई भरोसा दिलाउन चाहान्छौं कि नेपाली कांग्रेस पार्टीले विगतमा जानीनजानी भएका त्रुटि, कमजोरीहरूबाट शिक्षा लिएको छ, ती फेरि दोहोरिने छैनन् । अन्य पार्टीहरू जस्तै नेपाली कांग्रेसले पनि तीव्र राजनीतिक प्रतिस्पर्धाको भावनामा बगेर विगतका निर्वाचनमा स्थानीय सरकारका अधिकार क्षेत्र भन्दा बाहिरका कुराहरू जोड्दै पूरा गर्नै नसकिने बाचाहरू गरेको हुनसक्छ । त्यसका लागि जनतासामु सविनय क्षमा याचना गर्दै भविष्यमा त्यस्ता कमजोरी हुन नदिने प्रण गर्दछौं ।

यसरी सङ्घीय संरचनाको तीनै तहमार्फत नागरिकको समुन्नतिको प्राप्तिका लागि निरन्तर प्रयत्नशील रहने सङ्कल्प गर्दै नेपाली कांग्रेस पार्टी यो निर्वाचनमा स्पष्ट दृष्टिकोण र दृढ ईच्छाशक्तिका साथ होमिएको छ । हामीलाई तपाईंहरूको साथ, सुझाव र हौसला चाहिएको छ । त्यसैले हामी सबै नेपाली दिदीभाइ–दाजुबहिनीसँग हार्दिक अपिल गर्दछौं– नेपाली नागरिकको उज्यालो भविष्य र समुन्नत नेपालका लागि आफ्नो अमूल्य मत दिई नेपाली कांग्रेस पार्टीलाई तीनै तहमा विजयी गराऔं ।



### हाम्रो सङ्कल्प

# सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर

## प्रारम्भ

समुन्नत नेपालको राष्ट्रिय अभियानलाई अगाडि बढाउका लागि नेपाली कांग्रेस पार्टी तीनै तहको सरकारको नेतृत्व गर्न चाहान्छ । आफ्नो घर आँगनमै प्रभावकारी सेवा प्रवाह होस् भन्ने नेपाली जनताको चाहनालाई मूर्तरूप दिन स्थानीय सरकार झनै महत्वपूर्ण छ। अस्थिर राजनीतिक घटनाक्रमका बीचमा पनि जनताका दैनिक समस्या र विपदमा निरन्तर क्रियाशील रहने स्थिर स्थानीय सरकारको महत्त्व थप बढेको छ । स्थानीय सरकार सबल र सक्षम भयो भने मात्र हाम्रो लोकतन्त्र पनि बलियो हुन्छ भन्ने मान्यताप्रति आफ्नो स्थापनाकालदेखि नै नेपाली कांग्रेस पार्टीको अटुट विश्वास रहँदै आएको छ ।

२००७ सालको क्रान्तिपछिको सरकारमा स्थानीय स्वायत्त शासन साकार पार्न नेपाली कांग्रेसले छुट्टै मन्त्रालयको व्यवस्था गरेको थियो । २०१६ सालको प्रथम आमनिर्वाचनमा ऐतिहासिक विजय हासिल गरेपछि जननायक बी.पी. कोइरालाको नेतृत्वको सरकारमा स्थानीय स्वायत्त शासन मन्त्रालयको गठन गरी नेपाली कांग्रेस पार्टीले स्थानीय स्वशासनको जग बसालेको थियो । २०४९ सालमा नेपाली कांग्रेसको सरकारले स्थानीय शासनको आधारलाई बलियो बनाउँदै आवश्यक ऐन-कानूनको निर्माण र स्थानीय निकायको निर्वाचन गरेर इतिहास रचेको थियो । गाउँ-गाउँमा सडक निर्माण, विद्यालय स्थापना, स्वास्थ्य सेवा र सुविधामा विस्तार, खाने पानी र सरसफाइको क्षेत्रमा अभूतपूर्व विकास यही अवधिमा भएको थियो । ग्रामीण क्षेत्रमा विकास बजेटको ७० प्रतिशत रकम छुट्याउने र प्रत्येक गाउँ विकास समितिमा एकमुष्ट रकम जाने नीति र कार्यक्रम प्रारम्भ भयो ।

नेपाली कांग्रेसका सभापति एवं तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा २०५३ सालमा गठित आयोगको सिफारिशका आधारमा स्थानीय स्वायत्त शासन ऐन – २०५५ पारित भई विकेन्द्रिकरण र स्थानीय शासनको कानूनी आधारलाई सुदृढ गरिएको थियो । ऐनले गाउँ नगर र जिल्लास्तरमा रहेका स्थानीय निकायहरूलाई राजनैतिक, आर्थिक, प्रशासनिक अधिकार सहित स्थानीय विकास तथा सेवा प्रवाह गर्ने जिम्मेवारी सुम्पिएको थियो। दोस्रो संविधानसभाको निर्वाचन २०७० मा नेपाली कांग्रेसको घोषणापत्रले स्वायतत्ता सहितको अधिकारसम्पन्न स्थानीय तह रहनुपर्ने ठहर सार्वजनिक गरेको थियो ।

यिनै ऐतिहासिक सङ्कल्प र प्रयत्नहरूको जोडको रूपमा संविधानसभाबाट नयाँ संविधान बनाउँदै गर्दा स्थानीय तह स्वतन्त्र, स्वायत्त र बलियो हुनुपर्छ भन्ने नेपाली कांग्रेसकै प्रस्ताव र अडानबाट हाम्रो संविधानमा

कार्यकारी, विधायिकी र न्यायीक अधिकार प्राप्त बलियो स्थानीय सरकार सहितको तीन तहको सङ्घीय संरचना बनेको तथ्य पनि हामी स्मरण गर्न चाहान्छौं । नेपाली कांग्रेस किन सदैव जनताको घरदैलोमा सरकार पुर्‍याउन चाहान्छ भन्ने सन्दर्भमा ऐतिहासिक भूमिकासँगै हाम्रा केही सैद्धान्तिक रूपले प्रष्ट वस्तुपरक कारणहरू छन् ।

विश्व राजनीतिक परिवेशमा सङ्घीयकरणका अनुभव र अभ्यास आफैंमा फरक छन् । नेपालको सङ्घीयता पनि अन्य सङ्घीय देशहरूभन्दा विशिष्ट छ । भर्खर सङ्घीय संरचनामा पहिलो कार्यकाल अभ्यास गरिसकेको हुँदा हामीले नयाँ प्रणाली, नयाँ अभ्यास, नयाँ सिकाइका आफ्नै अनुभव सँगालिसकेका छौं । यसको सफलता–असफलता यो प्रणाली भन्दा पनि व्यवस्थापनसँग जोडिएको देखिन्छ । **स्थानीय सरकार स्रोत, साधन र अधिकारले जति सबल बन्छन्, नागरिक र नागरिकले चाहेको लोकतान्त्रिक व्यवस्था त्यति नै बलियो हुन्छ भन्ने नेपाली कांग्रेसको निष्कर्ष छ ।**

नेपाली समाज विविधतायुक्त समाज हो । जातीय, भाषिक, साँस्कृतिक विविधता हाम्रो नैसर्गिक अवस्था हो र हाम्रो अलौकिक सामाजिक पुँजी हो, मुलुकको सौन्दर्य हो । देशका विकट क्षेत्र तथा सीमान्तकृत समुदायका बीच सन्तुलित विकासको प्रतिफल पुर्‍याउन तथा विविध जाति, भाषा र सँस्कृतिका जनताको पहिचान, फराकिलो प्रतिनिधित्व, राज्यका अङ्गमा पहुँच, सामाजिक प्रतिष्ठा र परिवर्तनको आकाङ्क्षाको सम्बोधन गर्दै नागरिकको समग्र प्रगति गराउन स्थानीय सरकार प्रभावकारी हुने देखिएको छ । **सबल स्थानीय सरकार मार्फत विविधतालाई एकतामा जोड्दै लोकतन्त्रलाई समावेशी र सहभागितामूलक बनाएर देशको समुन्नतिको ढोका खोल्नुपर्छ भन्नेमा नेपाली कांग्रेस प्रष्ट छ ।**

स्थानीय सरकारले संविधानले व्यवस्था गरेको अधिकार प्रयोग गर्दै शासन र प्रशासन, योजना र विकासको निणर्य आफैंले गर्छ । विकासका लागि चाहिने राजस्व र अन्य साधन स्रोत जुटाउँछ । संविधानले तोकेको विषय र क्षेत्रमा स्थानीय तहमै कानून बनाउँछ । न्याय सम्पादन समेत स्थानीय तहमै गर्न सक्छ । स्थानीय शासनको सन्दर्भमा धेरै विषयमा अब केन्द्रको मुख ताक्नु पर्ने अवस्थाको अन्त्य भइसकेको छ । **त्यसैले हाम्रो लोकतन्त्र र सङ्घीय संरचना मजबूत बनाउन सङ्घ र प्रदेशले संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै तिनको सबलीकरण गर्नुपर्छ ।**

## बितेका पाँच वर्षको स्थानीय सरकारको समीक्षा

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले २७१ स्थानीय सरकारको नेतृत्व गरेको थियो । अधिकांशमा प्रतिपक्षको रूपमा रहेको थियो भने केही स्थानीय तहमा वडाको नेतृत्व गरेको थियो । यो कार्यकालका हाम्रा केही सिकाई र अनुभव छन् ।

२०७४ सालको स्थानीय निर्वाचन सम्पन्न हुँदाका बखत संविधानबाहेक स्थानीय तहसँग सम्बन्धीत कुनै कानून थिएनन् र निर्वाचित पदाधिकारीमा स्थानीय सरकार कसरी चलाउने भन्ने बिषयमा कुनै स्पष्टता थिएन । आवश्यक भौतिक पूर्वाधार, कर्मचारी, क्षमता र अनुभवको समेत अभाव थियो । यस्तो प्रतिकूल परिवेशमा जनताको माग र आवश्यकता बमोजिम प्रभावकारी ढङ्गले काम गर्नुपर्ने चुनौती स्थानीय जनप्रतिनिधिमा थियो ।

यस्तोमा स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने समन्वय र सहजिकरण गर्नुपर्नेमा ठीक विपरीत नेकपा नेतृत्वको सङ्घीय सरकारले सङ्घीयताको मर्ममाथि नै प्रहार गर्ने काम गऱ्यो ।

- **नियन्त्रण र हस्तक्षेप :** २०७४ सालको निर्वाचनपश्चात सङ्घमा झण्डै दुई तिहाई, प्रदेश र बहुसंख्यक स्थानीय तहमा नेकपा नेतृत्वको सरकार बने । यो अनुकूलतालाई सदुपयोग गर्दै सङ्घीयतालाई मजबूत बनाउन जग बसाल्नु पर्नेमा नेकपा सरकार शुरूवात देखि नै सङ्घीयताको मुना निमोठ्न उद्धत भयो । उसले स्थानीय तहलाई 'सरकार' होइन, निरन्तर केन्द्र मातहतको 'निकाय वा विभाग' को रूपमा मात्र हेरिरह्यो । प्रशासनिक बागडोर केन्द्रले नियन्त्रण गर्ने बिगतको परम्परा र असफल अभ्यासलाई नै मलजल गऱ्यो ।
- **अधिकारमा अस्पष्टता :** नेकपा नेतृत्वको सङ्घीय सरकारले लामो समयसम्म तीन तहको अधिकारलाई प्रष्ट पार्दै एकल अधिकारमा काम गर्ने सहज वातावरण बनाएन, बनाउन चाहेन । साझा अधिकारलाई स्पष्ट पार्दै सहजिकरण गर्नुपर्ने जिम्मेवारीबाट पनि पूर्णतया विमुख भयो ।
- **समन्वय र सहकार्यको अभावः** प्रदेश र स्थानीय तहका प्राथमिकताहरू सङ्घीय र प्रदेश योजनामा कसरी र कुन माध्यमद्वारा प्रतिविम्बित हुन्छन् भन्ने बारे पनि कुनै संयन्त्र र विधि स्थापित गरिएन, जसले गर्दा दोहोरोपन र अलमल सिर्जना भयो । लामो समय सम्म तीन तहको समन्वय गर्ने संरचना नबन्दा नागरिकलाई सेवा प्रवाहमा तीनवटा सरकार तीनतिर फर्केको आभास हुन गयो ।
- **कर्मचारी व्यवस्थापनमा असफलः** कर्मचारी समायोजन र व्यवस्थापन नहुँदा संविधानले प्रत्याभूत गरेका अधिकार कार्यान्वयनमा कठिनाइ हुन पुग्यो । समायोजन भएका कर्मचारीको पनि सही व्यवस्थापन हुन सकेन । कतै कर्मचारीको अभाव त कतै बिना काम लामो समयसम्म बस्नुपर्ने अवस्था आयो । कर्मचारीतन्त्रको न पुनर्संरचना भयो न त तिनको सिकाइ र क्षमता वृद्धिमा नै कुनै पहल हुन सक्यो। प्रदेश र स्थानीय तहलाई उपेक्षा गर्दै केन्द्रकै स्वविकेकमा कर्मचारी सरूवा गर्ने पूरानै परिपाटी यथावत रह्यो । फलस्वरूप, स्थानीय तहले प्रदान गर्ने सेवा प्रवाहमा प्रतिकूल असर पऱ्यो ।
- **कानून निर्माणमा अवरोध र सङ्कुचन :** संविधान बमोजिम सङ्घीय सरकारले बनाउनुपर्ने निजामती ऐन, सङ्घीय शिक्षा ऐन लगायतका कानूनहरू र मापदण्ड बनाइएन र बनेका कानूनहरू पनि केन्द्रिकृत सोचका साथ बनाउँदा संविधान कार्यान्वयन र सङ्घीयताको संस्थागत विकासमा नै ठूलो अवरोध भयो । एकातर्फ सङ्घीय कानूनको अभावमा प्रदेशले लामो समय आवश्यक कानून निर्माण गर्न सकेनन्, अर्कोतर्फ सङ्घ र प्रदेशले कानून नबनाउँदा स्थानीय तह अलमलमा पऱ्यो ।
- **स्थानीय तह आफैमा अलमल :** माथिका कारणले स्थानीय तहका जनप्रतिनिधिहरूले आफ्नो अधिकार र जिम्मेवारीलाई सही ढङ्गले बुझ्न सकेनन् । फलस्वरूप, केही अपवाद बाहेक स्थानीय सरकारको सुदृढ जग बस्न सकेन । सुशासन, जवाफदेहीताका सन्दर्भमा थुप्रै प्रश्नहरू उठेका छन् । शिक्षा, स्वास्थ्यलगायत जन सरोकारका प्राथमिक दायित्व पूरा गर्न, पिँधमा रहेका जनताको जीविकामा परिवर्तन ल्याउन प्रयत्न गर्नुभन्दा पनि भ्यु टावर, स्वागत-द्वारजस्ता अनुत्पादक क्षेत्रमा धेरै जोड दिने प्रवृतिले ठाउँ पाउँदा सेवा प्रवाह अपेक्षाकृत चुस्त हुन सकेन ।

समग्रमा, नेकपा नेतृत्वको सरकारले पूरानै केन्द्रिकृत राज्यसंरचनाकै मानसिकता लिएर स्थानीय तहले काम गर्न सक्दैनन, क्षमता छैन भन्ने भाष्य निर्माण गर्न चाहेको जस्तो देखियो । संविधानले दिएको जिम्मेवारी पूरा गर्न आवश्यक स्रोतमा नियन्त्रण गऱ्यो, सिमित स्रोत परिचालनका लागि समेत क्षमता अभिवृद्धि गर्न आवश्यक ठानेन । 'सिंहदरबारलाई गाउँमा पुऱ्याउने' संविधानको परिकल्पनाविपरित स्थानीय तह र प्रदेशको अधिकार मुठ्ठीमा राखेर केन्द्रबाटै शासन गर्ने नेकपा सरकारको प्रयत्न रह्यो ।

तथापि केन्द्रमा हाम्रो सरकार भएपछि पनि स्थानीय सरकार सञ्चालनका जटिलतालाई फुकाएर सङ्घीयतालाई संस्थागत गर्ने विषयमा हालसम्म उल्लेखनीय प्रगति भइनसकेको यथार्थलाई स्वीकार्नु पर्छ । हामीले नेतृत्व गरेका स्थानीय सरकारहरूमा पनि जुन ढङ्गले स्थानीय शासनको दरिलो जग बसाल्न सक्नुपर्थ्यो त्यो सबैमा हुन सकेन । कतिपय विषयमा स्थानीय तहको सरकारलाई पनि विगतको गाउँ विकास समिति वा नगरपालिकाकै निरन्तरता हो भन्ने बुझाइ रह्यो । संविधानले दिएको फरक भूमिका र अधिकारलाई बुझेर वा नबुझेर सो मर्मअनुरूप काम गर्न हाम्रा स्थानीय सरकारहरू केही कम-बेसी भए पनि समग्रमा त्यति ढंग पुर्यानएनौ कि भनेर आत्ममूल्याङ्कन जरूरी छ । यसरी सङ्घीय सरकारको उदासीनता र सशक्तिकरणको अभाव र अलमलका कारण स्थानीय सरकारले अपेक्षाकृत प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको सत्य हो ।

यद्यपी, यो अवस्थामा समेत स्थानीय सरकारले उल्लेख्य सकारात्मक काम गरेका छन् । संस्थागत, क्षमता, कानून तर्जुमा र कार्यान्वयन, विकास निर्माण, सेवा प्रवाह र कोरोना महामारी व्यवस्थापन लगायतमा स्थानीय तहले गरेको कामको सूचि धेरै लामो छ ।

- **कोरोना महामारी व्यवस्थापनमा अब्बल :** कोरोना महामारीको बेला जनचेतना अभिवृद्धि, आपतकालीन केन्द्र सञ्चालन, क्वारेन्टाइन र आइसोलेशन सञ्चालन, परीक्षण र खोप व्यवस्थापन, विपदमा परेकालाई उद्दार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनलगायतमा स्थानीय सरकारको भूमिका अब्बल रह्यो । महामारी व्यवस्थापनमा स्थानीय सरकारले देखाएको यो तदारूकता, सक्रियता र प्रयासले नेपालको सङ्घीयताको औचित्य र सार्थकता स्थापित त गरेको छ नै नेपाली कांग्रेसको वलियो स्थानीय सरकारको परिकल्पनालाई समेत थप पुष्टि गरेको छ ।
- **कानून निर्माण :** थुप्रै प्रतिकूलतामाझ पनि संविधानप्रदत्त विधायीकी अधिकार बमोजिम स्थानीय तहले धेरै विषयगत कानूनहरू निर्माण गरी लागू गरेका छन् । स्थानीय सरकारहरूले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको कार्यक्षेत्रमा आधारित रही विधिको शासनको जग बसाउन विभिन्न विषयमा कम्तिमा २७ देखि बढीमा ५५ वटासम्म कानून निर्माण गरी कार्यान्वयन गरेका छन् ।
- **सेवा प्रवाह :** जनजीवनसँग सम्बन्धीत धेरै स्थानीय सेवाहरू घर नजिकबाट प्राप्त गर्न सहज भएको छ । स्थानीय आवश्यकता बमोजिम नयाँ नीति तथा कार्यक्रम कार्यान्वयन भएका छन् । जनताले आफ्ना समस्या तथा आवश्यकता आफैले निर्वाचित गरेका जनप्रतिनिधि मार्फत राख्न पाउने अवस्था सृजना भएको छ । सूचना प्रविधिमा आधारित सेवा शुरू भइरहेका छन् । जनताले आधारभूत तहमा स्थानीय सरकारको न्यायिक नीतिमार्फत न्यायमा सहज पहुँच पाएका छन् । सानातिना विवाद स्थानीय तहबाट निरूपण भएको छ । अपेक्षाअनुरूप हुन नसके पनि पारदर्शिता र जवाफदेहीताका क्षेत्रमा केही नविनतम

प्रयोग भएका छन् । स्थानीय तहका आर्थिक कारोवारमा जनचासो र सार्वजनिक निगरानी बढ्दै गएको छ ।

- **भौतिक पूर्वाधार विकास र संरक्षण :** भौतिक पूर्वाधार विकासमा उल्लेख्य प्रगति भएको छ। योजना छनौट र कार्यान्वयनको चरणमा जनतासँग अर्थपूर्ण छलफल हुने परिपाटी विकसित हुँदै गएको छ । विकास-निर्माण, स्वरोजगारका क्षेत्रमा अहिले विभिन्न स्थानीय सरकारबीच सकारात्मक प्रतिस्पर्धाको सुरूआत भएको छ । लगानीमैत्री नगरका रूपमा तिनको पहिचान बन्दै गएको छ । जनताको माग र आवश्यकता अनुसारका विकासका धेरै काम भएका छन् ।
- **सामाजिक विकास :** केही सामुदायिक विद्यालयहरूको सुधार भएको छ । स्वास्थ्य पूर्वाधार, सुरक्षित सुत्केरी सेवा तथा मातृशिशु सुरक्षा, स्वास्थ परीक्षण तथा निःशुल्क औषधी वितरण, सरूवा रोग तथा नसर्ने रोगको उपचारमा सहयोग, वडा-वडामा आधारभूत स्वास्थ्य केन्द्र र गाउँ नगरपालिकामा अस्पतालहरू बन्न शुरू भएका छन् । सीमान्तकृत समुदायहरूको पहिचानसहित संरक्षणको कार्यक्रम सञ्चालन भएका छन् । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि लगानी वृद्धि भएको छ ।

नयाँ संरचना, नयाँ अभ्यास, सिमित स्रोत-साधन, कानून, क्षमता र समन्वयको अभावमा पनि वितेका पाँच वर्षमा स्थानीय सरकारले समग्रमा स्थानीय जनताको जीवन सहज र सुरक्षित बनाउन, आवश्यक सेवा प्रवाह, पूर्वाधार, सामाजिक सुरक्षाआदि क्षेत्रमा महत्वपूर्ण प्रयास गरेर स्थानीय सरकारको आवश्यकता प्रमाणित गरेका छन् । तिनको औचित्यका बारेमा अब कसैले प्रश्न गर्न सक्दैन । तिनको गतिविधि र सामाजिक परिचालनले स्थानीय समुदायको सशक्तिकरण भएको छ । स्थानीय तहप्रतिको जनविश्वास र अपेक्षा बढेको छ र सङ्घीयताको जग बस्न शुरू भएको छ ।

## अबको पाँच वर्ष

# स्थानीय सरकारको मार्गचित्र

नेपाली कांग्रेसले स्थानीय सरकारको स्वायत्तता र सवलीकरण गर्ने आफ्नो निरन्तरको प्रतिवद्धता, स्थानीय सरकारको पहिलो कार्यकालका अभ्यास, अनुभव र अवसरको कसीमा प्रभावकारी स्थानीय सरकारको अबको मार्गचित्र तय गर्नेछ । संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूको अधिकतम उपयोग गरी स्थानीय तहमा विकास गरी जनतालाई सुखी, स्वावलम्बी तथा सबल बनाउने अवसर, चुनौती र सीमाका बारेमा शिक्षा र अनुभव हासिल भएका छन् । स्वशासनको लोकतान्त्रिक अभ्यास गर्ने जनताको घर–दैलोको स्थानीय सरकारले संविधानले दिएका अधिकार प्रयोग गर्दै समुन्नति, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य सुशासन, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा स्पष्ट मार्गचित्र तय गरी नागरिकलाई प्रधानता दिएर सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगरको वृहत्तर अवधारणा अनुसार सम्मानित नागरिक बनाउने दृढ सङ्कल्प गर्दछ ।

नेपाली कांग्रेसले परिकल्पना गरेको समुन्नत नेपालको आधार नै गाउँ र नगरको समुन्नति हो । त्यसैले हाम्रो पार्टीले स्थानीय सरकारलाई अधिकार तथा साधनस्रोत सम्पन्न र प्रभावकारी बनाएर गाउँ र नगरको विकास र समुन्नतिको ठोस आधार तय गर्नेछ । स्वतन्त्र र सम्मानित नागरिक सहित सबल र सक्षम स्थानीय तहले व्यापक जनसहभागितामा दिगो विकासको अवधारणा अनुसार लगानी जुटाउन र प्रभावकारी ढङ्गले त्यसको कार्यान्वयन गर्न सक्छन् । यही तथ्यलाई मनन गरेर नेपालको संविधानले जनताका प्रत्यक्ष सरोकारका विषयहरूमा तत्काल सेवा प्रवाह गर्ने जिम्मेवारी जनताको घर–दैलोमा रहेको स्थानीय सरकारलाई दिएको हो । यी दायित्व पूरा गर्न संविधानले स्थानीय सरकारलाई कार्यकारी, विधायिकी र न्यायिक अधिकारहरू सुनिश्चित गरेको छ । संविधानको यही मर्म र भावना तथा नेपाली नागरिकको चाहना अनुरूप देहाय बमोजिमका सैद्धान्तिक अवधारणा तथा मार्गचित्र नेपाली कांग्रेसका स्थानीय सरकारले अनुशरण गर्नेछन् ।

- संविधानप्रदत्त नागरिकको स्वतन्त्रता र अधिकारलाई विस्तार गरी व्यक्तिको प्रतिभाको प्रष्फुटन गराउने वातावरण निर्माण गर्दै नागरिकको पहिचान, प्रगति र प्रतिष्ठालाई मजवुद बनाउने,
- जनतामुखी नीति अनुशरण गरी उत्तरदायी र जवाफदेही रूपमा सरकार सञ्चालन गर्ने,
- समुन्नत नेपालको राष्ट्रिय आकाङ्क्षा अनुरूप स्थानीय तहले समुन्नत गाउँ, समुन्नत नगरका नीति र कार्यक्रमको ठोस मार्गचित्र तय गरी कार्यान्वयन गर्ने,
- संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय सरकारलाई प्रत्याभूत गरेका जिम्मेवारी बहन गरी अधिकार सम्पन्न र प्रभावकारी सरकार सञ्चालन गर्ने,

- दिगो विकासको लक्ष्य अनुसार स्थानीय तहले हासिल गर्न सक्ने स्थानीय लक्ष्य निर्धारण गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने,
- सामाजिक न्याय र समावेशिताको संवैधानिक मर्मलाई आत्मसात गर्दै सवै क्षेत्रमा समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्ने,
- नागरिकको भरोसा र विश्वास जित्ने गरी स्थानीय सरकारलाई जनताको सेवकको रूपमा विकसित गर्ने,

## सवल स्थानीय सरकार : हाम्रो मुलभूत सिद्धान्त

समुन्नत गाउँ, समुन्नत नगर निर्माण गर्नका लागि नेपाली कांग्रेसले परिकल्पना र प्रस्ताव गरेको मार्गचित्र अनुरूप स्थानीय सरकारले अवको पाँच वर्ष आफ्ना क्षेत्रगत नीति, योजना र कार्यक्रमहरू अगाडि वढाउन देहायका मूलभूत सिद्धान्त अनुशरण गर्नेछन् ।

## १. नागरिकको स्वतन्त्रता र सम्मान

संविधानले विस्तृत रूपमा राजनीतिक, सामाजिक-सांस्कृतिक लगायतका अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । स्थानीय सरकारले नीति निर्माण तथा कार्यान्वयन गर्दा नागरिकका ति अधिकार र अपार सम्भावनालाई सम्वर्द्धन र थप प्रवर्द्धन गर्नेछ । संविधानले निर्दिष्ट गरेका नागरिक स्वतन्त्रतालाई थप प्रवर्द्धन गर्न उनीहरूमा रहेको असीमित क्षमताको अभिवृद्धि गर्न र सम्मानित जीवनको सुनिश्चितताका लागि संवैधानिक दायित्व अन्तर्गत रहेर हाम्रा स्थानीय सरकार नागरिक स्वतन्त्रता र सम्मानको लागि देहाय बमोजिमका काम गर्ने सङ्कल्प गर्दछन् ।

**नागरिक स्वतन्त्रता र सम्मान**

- नागरिकको व्यक्तिगत स्वतन्त्रता र अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने
- समग्र मानव विकासका लागि ठोस कार्ययोजना तय गरी कार्यान्वयन गर्ने
- स्थानीय जाति, भाषा, संस्कृति र पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने
- सङ्घीय तथा प्रादेशिक सरकार अन्तर्गतका अङ्ग र निकायमा स्थानीय नागरिकले रोजगारी पाउनका लागि शिक्षित, सक्षम र सीपमूलक जनशक्ति तयार गर्ने
- सवैको समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्ने

## २. असल शासन र जवाफदेहिता

असल शासन स्थानीय तहमा प्रभावकारी रूपमा सार्वजनिक सेवा प्रवाह एवं चुस्त कार्य प्रणालीका लागि महत्वपूर्ण स्तम्भ हो । असल शासन र जवाफदेहिता एक-अर्काका अभिन्न अङ्ग भएकाले यसको सिद्धान्तलाई स्थानीय सरकारले पूर्ण रूपमा पालन गर्ने छन् । नागरिक र स्थानीय सरकारबीच सामाजिक सम्झौताको प्रबन्ध गर्ने उदेश्यले स्थानीय सरकारको अवधारणा विकसित भएको हो । त्यो सम्झौताको सफल कार्यान्वयन नै स्थानीय सरकारको सफलता हो । स्थानीय सरकारले पनि सरकार सञ्चालनका क्रममा नागरिकहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराउनु पर्छ भने नागरिकहरू पनि सरकारको प्रक्रियामा सहभागी हुनुपर्छ । स्थानीय सरकार पनि जवाफदेहि हुनुपर्छ भने नागरिकले खबरदारी गर्नुपर्छ । स्थानीय सरकारको आधारभूत सिद्धान्त र प्रस्तावना पनि यही हो । नेपाली कांग्रेसको नेतृत्वमा बन्ने सम्पूर्ण स्थानीय सरकारहरू जनताप्रति उत्तरदायी र जवाफदेही हुनेछन् । असल शासन शासनका मूलभुत तत्त्वहरू नीति, संरचना, प्रक्रिया र संयन्त्रलाई संगतिपूर्ण रूपमा समन्वय गरी लागू गरिने छ । असल शासन र जवाफदेहिताका सन्दर्भमा हाम्रा स्थानीय सरकार देहाय बमोजिमका काम गर्ने सङ्कल्प गर्दछन् ।

**पारदर्शीता र जवाफदेहिता**

- नागरिक बडापत्र जारी गरी सेवाको सार्वजनिकीकरण गर्ने
- आयोजनाहरूको प्राथमिकीकरण र छनौटको सार्वजनिक सुनुवाइ गर्ने
- नीति, कार्यक्रम र योजनाको आवधिक रूपमा लक्ष्य तथा प्रगति प्रतिवेदन सार्वजनिक गर्ने
- आवधिक वित्तीय विवरणको सार्वजनिकीकरण गर्ने
- विकासको गुरूयोजनालगायत वार्षिक कार्यक्रम, बजेट एवं कार्यमूलक पक्षका विस्तृत विवरण पारदर्शी बनाउनका लागि औपचारिक संयन्त्रको विकास गर्ने
- जनप्रतिनिधि एवं नागरिकहरू सम्मिलित एक अनुगमन संयन्त्र गठन गरी पारदर्शीता एवं जवाफदेहीता सम्बन्धमा अनुगमन गर्ने
- पारदर्शिता मापन र पालनाका लागि अनुपालन (Compliance) संयन्त्रको व्यवस्था गर्ने
- सक्रिय सुशासन तथा लेखा समिति, वित्तीय अनुसाशन कायम गर्ने
- नागरिकबाट प्राप्त गुनासा अभिलेखीकरण, कारवाही र व्यवस्थापन गरी त्रैमासिक प्रतिवेदन प्रकाशन गर्ने
- आयोजना तथा कार्यक्रमहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने

## ३. सहज र प्रभावकारी सेवा प्रवाह

स्थानीय सरकारको संविधान र कानून प्रदत्त जिम्मेवारी मूलतः सेवा प्रवाह हो । सहज, सुलभ र समय सापेक्ष सेवा पाउनु नागरिकको अधिकार हो । सरकारले कुनै पनि नागरिक वा समुदायलाई कस्तो व्यवहार गरिरहेको छ भन्ने यथार्थ सेवा प्रवाहको गुणस्तरमा झल्किन्छ । सेवा प्रवाहको स्तर मापन वा मूल्याङ्कन

सेवाग्राहीले प्राप्त गरेको सेवाको गुणस्तरका आधारमा हुनु पर्दछ। तर कतिपय स्थानीय तहहरूमा हाल विद्यमान सेवा प्रवाहका संयन्त्र कर्मकाण्डी भएका तथा नागरिकमैत्री नभएको वास्तविकताप्रति सचेत रहँदै स्थानीय सरकार जनताको नजिकको सरकार भएकाले गाउँ/नगरपालिकालाई विकासको केन्द्र र वडालाई सेवा प्रवाहको केन्द्रको रूपमा विकास गरी सार्वजनिक सेवाप्रवाहमा आमूल सुधारका लागि हाम्रा स्थानीय सरकार देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछन् ।

| **सेवा प्रवाह** |
|---|
| • स्थानीय तहबाट प्रदान गरिने प्रत्येक सेवा अनलाईन एवं अफलाईन माध्यमबाट नागरिक वडापत्र उपलब्ध गराउने<br>• स्थानीय तहबाट प्रदान गरिने प्रत्येक सेवाहरू नागरिक वडापत्रअनुरूप प्रवाह भए-नभएकोबारे कडाइका साथ अनुगमन गर्ने<br>• सेवाग्राहीहरूसँग समयसमयमा परामर्श, अन्तक्रिया र सर्वेक्षण गरी सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने<br>• सेवा प्रवाहका क्रममा लाभग्राहीहरूको गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी र व्यवस्थित गर्ने<br>• विशेष वर्गहरू जस्तै अपाङ्ग तथा फरक क्षमता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, दीर्घ रोगी नागरिकका लागि घर-दैलोमा नै सेवा सेवा उपलब्ध गराउने<br>• जेष्ठ नागरिक भत्ता घर-दैलोमै उपलब्ध गराउने<br>• सिफारिस, राजस्व सेवा, घर-नक्सा ईजाजत जस्ता सेवाहरू विद्युतीय माध्यमबाट गर्ने<br>• आवधिकरूपमा सार्वजनिक विदाको दिन **'नागरिक एकीकृत सेवा मेला'** गर्ने<br>• सेवा अभिलेखलाई डिजिटाइजेशन गर्ने |

## ४. नीतिगत, कानूनी तथा संस्थागत क्षमता विकास

नागरिक वा समुदायलाई सेवा प्रदान गर्ने वैधानिक आधार संविधान र कानूनमा अन्तर्निहित हुन्छ । तर हालसम्म पनि संविधानले प्रत्याभूत गरेका सबै अधिकार सङ्घीय सरकारले कानून निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गरिसकेको छैन भने कतिपय स्थानीय सरकारहरूले आवश्यक कानून निर्माण गरिसकेका छैनन् । त्यसैले आवश्यक कानूनको अभावमा सेवाग्राहीले सेवा पाउनबाट वञ्चित गरिनु उचित होइन । कानूनको अभावमा संस्थागत संरचना र जनशक्तिको विकास र व्यवस्थापन हुन सकेको छैन ।

स्थानीय सरकारले संविधानसँग नबाझिने गरी सेवाग्राहीको सर्वाङ्गीण हितलाई ध्यानमा राखेर आवश्यक नीति तथा कानून निर्माण तथा परिमार्जन गर्न हाम्रा स्थानीय सरकार देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछन् ।

| नीतिगत, कानूनी तथा संस्थागत क्षमता |
| --- |
| ● संविधानले प्रत्याभूत गरेको सम्पूर्ण अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गर्न सङ्घीय सरकारले एक बर्षभित्र सम्पूर्ण आवश्यक कानून निर्माण गर्ने<br>● संविधानले दिएको दायित्व र नागरिकको अपेक्षा पूरा गर्न स्थानीय तहमा आवश्यक संस्थागत संरचना र संयन्त्र एक वर्षभित्र स्थापित गर्ने,<br>● न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन, छिटो छरितो न्याय प्रदान गर्नका लागि समितिको क्षमता विकास गर्ने, प्रत्येक स्थानीय तहमा न्याय क्षेत्रको जनशक्तिको व्यवस्था गर्ने,<br>● सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्न ६ महिनाभित्र संयन्त्र निर्माण गर्ने<br>● अनुगमन, गुणस्तर, पूर्वाधार लगायतका आधारभूत मापदण्ड अबिलम्ब जारी गर्ने<br>● स्थानीय तहले निमार्ण गरेका कानून, नीति र मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय सरकार आफैले नियमित अनुगमन र समीक्षा गर्ने<br>● आन्तरिक स्रोत, सङ्घ र प्रदेशको सहयोग तथा अन्य संस्थासँगको सहकार्यमा आवश्यक जनशक्तिको व्यवस्था गर्दै क्षमता अभिवृद्धि गर्ने |

## ५. स्रोतको उचित व्यवस्थापन

नेपाली नागरिकको विकास र समुन्नतिको आकाङ्क्षा हासिल गर्न स्थानीय सरकारसँग उच्च अपेक्षा छ । त्यसैले उपलब्ध साधन-स्रोतको समुचित परिचालन गर्दै थप साधन-स्रोतका लागि दयारा फराकिलो बनाइने छ । उपलब्ध स्रोतको वितरणमा उचित ध्यान पुर्‍याउन नसक्दा स्रोतको दुरूपयोग पनि हुनसक्छ । साधन-स्रोतको परिचालन तथा कर निर्धारण गर्दा बहुआयामिक पक्षलाई पनि आत्मसात गर्नुपर्छ । दीर्घकालीन पुँजी निर्माणलाई आघात हुने गरी कर निर्धारण गरिनु हुँदैन । कर निर्धारणलाई सामाजिक न्यायको दृष्टिकोणबाट समेत हेर्नुपर्छ । करको दर उपयुक्त नभए पुनर्विचार गर्नु पर्छ। सङ्घ तथा प्रदेशबाट प्राप्त स्रोत, स्थानीय तहमा रहेको स्रोतको पहिचान र समुचित प्रयोगका लागि हाम्रा स्थानीय सरकार देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछ ।

| स्रोतको व्यवस्थापन |
| --- |
| ● सम्भाव्य आय स्रोतको पहिचान र राजश्वका स्रोतको रचनात्मक प्रयोग गर्ने<br>● 'दायरा बढाउने दर घटाउने' सिद्धान्तको प्रयोग गर्ने<br>● उद्यम व्यवसाय मैत्री कर प्रणाली निर्धारण गर्ने<br>● स्थानीय कच्चा पदार्थको प्रयोग, रोजगारी सिर्जना र हरित उद्योग व्यवसायलाई कर सहुलियत दिने<br>● सार्वजनिक सेवा र नागरिक हितको आधारमा करको निर्धारण गर्ने<br>● दोहोरो कर प्रणालीको अन्त्य गर्दै विद्युतीय कर प्रशासन लागू गर्ने<br>● राजस्व परिचालन तथा सार्वजनिक निजी साझेदारीमा लगानी आकर्षित गर्न आवश्यक नीति र कानून ६ महिनाभित्र निर्माण गर्ने |

## ६. समन्वय, सहकार्य र साझेदारी

संविधानले समन्वय, सहकार्य र साझेदारी सङ्घीय प्रणालीको परिकल्पना गरेको छ । तर विगत पाँच वर्षको अनुभवमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीको सम्बन्ध स्थापित हुन सकेको छैन । त्यसैले यस्तो समन्वयको अभावबाट सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ। सीमित साधन-स्रोतका कारणले स्थानीय सरकारले जनअपेक्षा अनुसार कार्य सम्पादन गर्न सकेका छैनन् । त्यसैले समन्वय र सहकार्यलाई सङ्घ, प्रदेश र स्थानीय तहबीच मात्र सीमित नगरी निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज र समुदायसँग समेत सहकार्य गरेर सेवा र विकासलाई प्रभावकारी बनाउन हाम्रा सरकारले देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछ ।

**समन्वय, सहकार्य र साझेदारी**

- विकास-निर्माण र सेवा प्रवाहमा एकरूपता ल्याउन र स्रोतको समुचित उपयोग गर्न सङ्घ, प्रदेश र स्थानीय तहसँग निरन्तर सहकार्य, समन्वय र परामर्श गर्ने संयन्त्र निर्माण गर्ने
- पूर्वाधार विकास, यातायात, फोहोरमैला व्यवस्थापन, पर्यटन प्रवर्द्धन, जलस्रोत विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारवीच आवश्यकता अनुसार सहकार्य गर्ने
- पूर्वाधार निर्माण, उद्यम विकास, रोजगारी सिर्जना र सेवा प्रवाहमा निजी क्षेत्रसँग सहकार्य गर्ने
- वातावरणीय विनास तथा विपद न्यूनीकरणका लागि पूर्वाधार विकास गर्न तल्लो र माथिल्लो भूगोल (Upstream–Downstream) मा पर्ने असरलाई मूल्याङ्कन (Environment and Disaster Audit) गर्न आवश्यक साझेदारी गर्ने
- ग्रामीण तथा सहरी विकासका नवोदित आयामहरूको सिकाई तथा प्रविधि हस्तान्तरणका लागि स्वदेश तथा विदेशका स्थानीय सरकारसँग भगिनी सम्वन्ध स्थापना गर्ने
- विशिष्टिकृत सेवा, नवप्रवर्तन र बजार पहुँचका लागि प्रतिष्ठान, विश्वविद्यालय र व्यवसायिक तथा नवप्रवर्तन केन्द्रसँग सहकार्य गर्ने
- क्षमता विकास र सेवा प्रवाहका क्षेत्रमा गैरसरकारी तथा सामाजिक सङ्घ-संस्थासँग सहकार्य गर्ने
- सामाजिक रूपान्तरण, अधिकारमैत्री सेवा, निगरानी र सचेतनाका लागि नागरिक समाज र अभियन्तासँग सहकार्य गर्ने

## ७. सामाजिक रूपान्तरणको मूल अभियन्ता

नेपालको संविधानले सामाजिक रूपान्तरणका सन्दर्भमा स्पष्ट मार्गनिर्देशन गरेको छ । समाजमा विद्यमान सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने नीति लिएको छ । राजनीतिक परिवर्तनलाई सार्थक बनाउन सामाजिक रूपान्तरण अनिवार्य सर्त हो । संविधानको भावनाअनुसार समाजमा विद्यमान विभेद, कुरीति, कुसंस्कार, छुवाछुत, अन्धविश्वास लगायतका विकृति-विसंगतिको अन्त्य गर्न स्थानीय सरकारले

सबैभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले सामाजिक रूपान्तरणका लागि स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नु अपरिहार्य छ। धार्मिक, जातीय, भाषिक, साँस्कृतिक, लैङ्गिक जस्ता समाजमा विद्यमान विभेदको अन्त्य गरी समुन्नत, समतामूलक तथा सुसंस्कृत समाज स्थापना गर्ने संविधानको भावना अनुसार स्थानीय सरकारलाई अभिमुखीकरण गर्नु आवश्यक देखिएको छ । अब स्थानीय तहका जनप्रतिनिधि सामाजिक सचेतना र रूपान्तरणका उदाहरणीय अभियन्ता हुनेछन् । त्यसैले सामाजिक रूपान्तरण गरी समतामूलक समाज स्थापना गर्न नेपाली कांग्रेस देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछ ।

| सामाजिक रूपान्तरण |
|---|
| ● घरेलु हिंसा तथा महिला माथि हुने हिंसामा शून्य सहनशीलताको नीति अख्तियार गर्ने<br>● जातीय, साँस्कृतिक, लैङ्गिक, वर्गीय, सामाजिक विभेदको पूर्ण रूपमा अन्त्य गर्ने<br>● दलित समुदायप्रतिको विभेद र छुवाछुतलाई सामाजिक अपराध भएको वास्तविकतालाई स्वीकार गर्दै पूर्णरूपमा नियन्त्रण गरी सामाजिक सदभाव तथा समभाव सृजना गर्न सङ्कल्प गर्ने<br>● वहुविवाह तथा वालविवाहमा पूर्णरूपमा नियन्त्रण गर्ने<br>● समाजमा व्याप्त दाइजो, तिलक, दहेज, बोक्सी, छाउपडी लगायतका सामाजिक विकृति-विसंगति, कुरीती र अन्धविश्वास प्रभावकारीरूपमा नियन्त्रण गर्ने<br>● धुम्रपान, मध्यपान, लागू पदार्थ दुव्यसन जस्ता सामाजिक विकृतिको उचित व्यवस्थापन, नियमन र नियन्त्रण गर्ने<br>● स्थानीय सरकारलाई स्थानीय नागरिक माथि शासन गर्ने सरकारभन्दा पनि नागरिकको सेवा गर्ने सेवक सरकारको रूपमा रूपान्तरण गर्ने<br>● स्थानीय विविधतालाई सम्मान गर्दै विभिन्न जाति र समुदायको भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण गर्ने |

## ८. प्रमाण, तथ्य र तथ्याङ्कका आधारमा बजेट, नीति र योजना तर्जुमा

स्थानीय तहमा विकासका लागि बजेट, नीति, कार्यक्रम, योजना तथा परियोजना तर्जुमा गर्दा अनुसन्धानबाट हासिल प्रमाण, तथ्य, तथ्या र निष्कर्ष भन्दा पनि नेतृत्वको चाहना एवं सीमित सरोकारवालाहरूको सुझाव र प्रभाव अनुसार गर्ने प्रचलन व्याप्त भएको छ । तर सहभागितामूलक र समावेशी लोकतान्त्रिक प्रणालीमा यस्तो प्रक्रिया र कार्यशैली उपयुक्त होइन । स्थानीय सरकारले सहभागितामूलक, समावेशी र स्थानीय नागरिकले स्वामित्व ग्रहण गर्ने प्रक्रिया र कार्यशैली अनुशरण गरी बजेट, नीति, कार्यक्रम, योजना तथा परियोजना तर्जुमा गर्नुपर्छ । त्यसैले प्रमाण, तथ्य र तथ्याङ्कका आधारमा बजेट, नीति, कार्यक्रम, योजना तथा परियोजना तर्जुमा गर्न नेपाली कांग्रेसले देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछ ।

| प्रमाण, तथ्य-तथ्याङ्क एवं सूचनाको समुचित उपयोग |
|---|
| ● प्रमाण, तथ्य र तथ्याङ्कका आधारमा बजेट, नीति, कार्यक्रम, योजना तथा परियोजना तर्जुमा गर्ने<br>● स्थानीय तहमा प्राथमिक एवं द्वितीय स्रोतमार्फत सङ्कलित तथ्य र तथ्या संग्रहको डाटाबेस (Municipal Database) स्थापना गर्ने<br>● स्थानीय तहमा रहेका सम्पूर्ण दस्तावेज एवं सान्दर्भिक जानकारीलाई अभिलेखीकरण गरी वेबसाइटमा प्रकाशित गर्ने<br>● नगर प्रहरीलाई शान्ति-सुरक्षा सुव्यवस्थापन बाहेक मोबाईल एपमार्फत् सूचना तथा जानकारी संकलनका लागि परिचालन गर्ने<br>● क्याम्पस एवं विश्वविद्यालयहरूसँग सहकार्य गरी स्थानीय तहलाई आवश्यक तथ्य-तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्ने<br>● गैरसरकारी एवं विकास साझेदार संस्थाहरूले विभिन्न क्षेत्रहरूमा सञ्चालन गर्ने कार्यक्रमहरू स्रोतको व्यवस्थापन एवं प्राथमिकीकरणको सिद्धान्त अनुसार गर्न औपचारिक प्रणालीको विकास गर्ने<br>● स्थानीय तहको प्रगति विवरण, कार्यक्रम एवं स्रोत परिचालनको समग्र जानकारी आवधिक रूपमा सार्वजनिक गर्ने<br>● स्वीकृत भएका आयोजनालाई अन्तिम स्वीकृति प्रदान गर्नु पूर्व त्यस्ता योजना बारे बृहद रूपमा नागरिकसँग परामर्श गर्ने<br>● सबै योजनाहरू तथ्याङ्कमा आधारित र प्राथमिकताको मापदण्डका पूरा गरी कार्यपालिकाले स्वीकृत गरेर मात्रै लागू गर्ने व्यवस्था गर्ने<br>● सबै योजना, आयोजना र परियोजनाहरूको अनुगमन र मूल्याङ्कन गर्ने<br>● विद्युतीय प्रणाली मार्फत योजनाको सुरूवात, सम्झौता एवं प्रगति अद्यावधिक एवं परिणामको अनुगमन विश्लेषण र मूल्याङ्कन गर्ने |

## ९. सूचना प्रविधिको प्रयोग

एक्काईसौं शताब्दी जस्तो आधुनिक तथा सूचना प्रविधिको विकासले सम्पूर्ण समाजलाई नै विद्युतीय सञ्जालमा आबद्ध बनाएको युगमा स्थानीय तहको विकास र सुलभ सेवा प्रवाह गर्न सूचना प्रविधिको विकासलाई अधिकतम रूपमा उपयोग गर्नु आवश्यक छ । विशेष गरी स्थानीय नागरिकलाई सुलभ तथा पारदर्शी सेवा प्रवाह गर्न, अभिलेखीकरण गर्न तथा तत्काल सूचना प्रवाह गर्न अति नै प्रभावकारी माध्यम हो । तर सूचना प्रविधिको सतही बुझाई र प्रयोग भएको कारणले अपेक्षाकृत रूपमा लाभ हासिल गर्न सकिएको छैन । डिजिटल समाजको अवधारणालाई सैद्धान्तिक रूपमा मात्रै होइन, उपयुक्त सूचना तथा सञ्चारको माध्यमद्वारा यसलाई स्थानीय तहमा लागू गर्नु आवश्यक छ । त्यसैले उक्त उद्देश्य हासिल गर्नका लागि नेपाली कांग्रेस देहाय बमोजिमको काम गर्ने सङ्कल्प गर्दछ ।

| सूचना प्रविधिको प्रयोग |
| --- |
| ● स्थानीय तहका प्रत्येक शाखाहरूको सूचना प्रविधिको सहयोगले हालको अवस्था तथा समस्या अध्ययन गरी उपयुक्त प्रविधिको विकास र कार्यान्वयन गर्ने<br>● सूचना प्रविधिको विकासका क्रममा अन्य क्षेत्रमा लागू गरिएका उत्तम अभ्यास एवं सिकाईबाट शिक्षा लिएर कार्यान्वयन गर्ने<br>● स्थानीय तहमा रहेका सूचना प्रविधि एकाइ तथा शाखाहरूलाई मानव स्रोत एवं प्राविधिक स्रोतमा अभिवृद्धि गरी थप सुदृढ गर्ने<br>● स्थानीय तहअन्तर्गतका विभिन्न शाखाको डिजिटाईजेशन प्रकृयामा आमूल सुधार गर्ने |

## १०. नागरिक सम्बन्ध र जनसहभागिता

लोकतन्त्रमा नागरिकको भूमिका आवधिक निर्वाचनमा मतदान गरेपछि पूरा हुन्छ भन्ने प्रचलित भ्रामक धारणा र औपचारिकतामा सीमित लोकतान्त्रिक प्रणालीको कारणले लोकतान्त्रिक प्रणालीकै व्यापक आलोचना हुँदै आएको छ । त्यसैले सरकार र नागरिक दुवैले यो अवधारणा परिवर्तन गरी नागरिकसँगको सम्बन्ध थप सघन, अन्तक्रियात्मक र सहकार्यमूलक बनाउनु आवश्यक छ । यस्तो महत्त्वपूर्ण र गहन दायित्वप्रति सरकार र नागरिक दुवै सचेत हुनुपर्छ र राष्ट्र सेवक कर्मचारी प्रशासन पनि जवाफदेही हुनुपर्छ । त्यसैले औपचारिकतामा सीमित नागरिक निगरानी, सुनुवाई, संवाद र सहभागिताका संयन्त्रलाई प्रभावकारी बनाउदै नागरिक सम्बन्ध र सहभागिताका सन्दर्भमा नेपाली कांग्रेसले देहायका सङ्कल्प गर्दछ ।

| नागरिक सम्बन्ध र जनसहभागिता |
| --- |
| ● त्रैमासिक रूपमा जनप्रतिनिधि (स्थानीय, प्रादेशिक तथा सङ्घीय) सँग नागरिक सम्वाद गर्ने<br>● नीति, कानून, योजना तथा कार्यक्रम तर्जुमामा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>● सरकारी आयोजना तथा सेवा प्रवाहको सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने<br>● प्रादेशिक तथा सङ्घीय जनप्रतिनिधिहरूसँग नागरिकसँगको सम्बन्ध सेतु निर्माण गर्ने<br>● स्थानीय विकासका साथै समग्र विषयमा छलफल र परामर्शका लागि आवधिक रूपमा युवा सभा तथा महिला सभा आयोजना गर्ने<br>● युवा, महिला तथा टोल समूहले स्थानीय सरकारका योजना, कार्यक्रम र गतिविधिको अनुगमन, मूल्याङ्कन र निगरानी गर्ने संयन्त्र तथा संस्कारको विकास गर्ने<br>● वडा स्तरमा युवा, विद्यार्थी, नागरिक अगुवा आदि सम्मिलित रहने नागरिक समूहलाई परिचालन गरी स्थानीय तहको गुनासो सुनुवाई एवं व्यवस्थापन सहजीकरण गर्ने<br>● मासिक रूपमा स्थानीय तहका योजना तथा कार्यक्रमबारे छलफल तथा बहस गर्नका लागि सामुदायिक रेडियो एवं स्थानीय रेडियोहरूसँग औपचारिक साझेदारी गर्ने |

## ११. सिर्जनशील र जनमुखी नेतृत्व

समुन्नतिको लक्ष्य हासिल गर्न स्थानीय सरकारको अहम् भूमिका हुने भएकाले स्थानीय सरकार र जनप्रतिनिधि जनतामुखी, सेवामुखी र सृजनशील हुनुपर्छ । स्थानीय तहका जनप्रतिनिधि जनताबाट प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले जनताप्रति सबैभन्दा बढी जवाफदेही र उत्तरदायी हुन्छन । स्थानीय सरकार जनताको घर–दैलोको सरकार भएकाले उनीहरू जनताप्रति विशेष रूपमा जिम्मेवार हुन्छन । स्थानीय सरकार र जनप्रतिनिधि सृजनशील, जनातामैत्री, अधिकारमैत्री र विकासप्रेमी हुनुपर्छ । त्यसैले स्थानीय सरकारको नेतृत्व गर्ने कार्य जटिल, गहन र अत्यन्त चुनौतीपूर्ण छ । विधायिकी, कार्यकारी र न्यायिक कार्य समान रूपमा सम्पादन गर्नु पर्ने भएकाले पनि संवेदनशील र चुनौतीपूर्ण हुनु स्वाभाविक हो । त्यसैले स्थानीय सरकार र नेतृत्वका सन्दर्भमा नेपाली कांग्रेसले देहायका सङ्कल्प गर्दछ ।

**हाम्रो सरकारको स्थानीय नेतृत्व**

- पूर्ण रूपमा आर्थिक पारदर्शिता कायम गरेको, भ्रष्टाचार, अनियमितत र पदीय दुरूपयोग नगर्ने सङ्कल्प भएको,
- सेवा प्रवाह र सुशासनका दृष्टिले उदाहरणीय र नमुना स्थानीय सरकार बनाउने प्रण लिएको,
- नागरिक र समुदायसँगको सहकार्य र सेवा प्रवाहबाट सिक्ने तथा शिक्षा ग्रहण गर्ने सकारात्मक र सृजनशील सोच भएको,
- कुनै पनि निर्णय गर्दा व्यक्तिगत स्वार्थ र सम्बन्धबाट प्रभावित नहुने र समाजको तल्लो तहको हित र अधिकारलाई विशेष प्राथमिकता दिएको,
- सही निर्णय क्षमता र दृढ इच्छाशक्ति, उच्च नैतिक चरित्र भएको,
- प्रविधिमैत्री, नागरिकमैत्री, अधिकारमैत्री र सञ्चार माध्यममैत्री, समाज रूपान्तरणको अठोट भएको,
- जनताको आवाज सुन्ने, संवाद गर्ने, वास्तविकता बुझ्ने र निर्णय लिने कार्यपद्दति भएको,
- 'मेयर साब' होइन, नागरिकको सेवकको रूपमा रहने र काम गर्ने स्वभाव भएको ।

यी सैद्धान्तिक लक्ष्य र मार्गचित्रमा आधारित रहेर नेपाली कांग्रेसले आगामी पाँच वर्ष स्थानीय सरकारहरू सञ्चालन गर्नेछ ।




खण्ड ३ :

# स्थानीय तहको जिम्मेवारी : हाम्रो प्राथमिकता र सङ्कल्प

संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको लागि सुनिश्चित गरेको काम कर्तव्य तथा अधिकार कार्यान्वयन गर्न आगामी पाँच वर्षका लागि स्थानीय तहको विकास र समुन्नतिका लागि हाम्रा देहायका क्षेत्रगत प्राथमिकता र सङ्कल्प रहनेछन ।

# शिक्षा

प्रजातन्त्रको पुनःस्थापना पछि २०४८ सालमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्दै गर्दा नेपालमा ३२% मात्र साक्षरता थियो । देशभरि १४,००० विद्यालयहरू मात्र थिए । प्रत्येक १० जनामा मात्र ६ जनाको विद्यालयसम्म पहुँच थियो। पञ्चायत कालको अन्तिम वर्ष २०४६ सालमा ६४,००० जनाले SLC परीक्षामा सहभागी भएकोमा हाल हरेक वर्ष ४ लाख विद्यार्थी SEE परीक्षामा सहभागी हुने गर्दछन् । नेपाली कांग्रेसको नेतृत्वका सरकारले 'सबैलाई शिक्षा'को अवधारणा अन्तर्गत निःशुल्क एवं सर्वसुलभ शिक्षाको नीतिलाई प्रोत्साहन गऱ्यो । फलतः हाल देशका ३५,००० भन्दा बढी विद्यालयमा ८० लाख विद्यार्थीहरू अध्ययनरत छन् । नेपालको साक्षरता दर निरन्तर बढ्दै गई झण्डै ६८% पुगेको छ । सन् १९९० मा ३२% छात्राहरू मात्र प्राथमिक विद्यालहरूमा भर्ना हुन्थे भने हाल विद्यालयमा भर्ना हुने छात्र र छात्रामा कुनै भिन्नता रहेको देखिँदैन । देशका ९७% प्रतिशत प्राथमिक विद्यालय जाने उमेरका विद्यार्थी विद्यालयमा भर्ना भएका छन् ।

पछिल्लो तीन दशकमा नेपाली कांग्रेसको शिक्षानीति र नेतृत्वले आधारभूत र माध्यमिक शिक्षाको पहुँचलाई सर्वसुलभ बनाउने एउटा महाअभियानले सफलता प्राप्त गरेको छ । अबको दशकमा हाम्रो शिक्षाप्रणालीलाई व्यापक सुधार गर्दै सबैलाई गुणस्तरीय शिक्षा दिलाउने हाम्रो पार्टीको प्रमुख लक्ष्य रहनेछ । जसको लागि 'रट्ने र घोक्ने' खालको सिकाई परम्परालाई निरूत्साहित गर्दै बालबिकासदेखि माध्यामिक तहसम्मै 'सोच्ने, सोध्ने र सिक्ने' शिक्षण परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै लानेछौं । विद्यालयमा उपस्थिति दर उत्साहजनक देखिएता पनि ड्रप-आउट दर घटाउन र रिटेन्शन दर बढाउने नीति र कार्यक्रमहरू अबलम्बन गर्दैजाने छौं ।

द्रूत गतिमा विकास भइरहेको प्रविधि, भूमण्डलिकरण र विश्व परिवेशमा विकसित हुँदै गरेको आर्टिफिशल इन्टेलिजेंस (AI), रोबोटिक्स, स्वचालन (Automation) को उपभोग मात्र गर्ने हैन, तिनको विकास र निर्माणमा सहभागी हुन सक्ने शिक्षाको जग बसाउन नेपाली कांग्रेसको नेतृत्वका सरकारहरूले समानान्तर रूपमा प्राथमिकतामा राख्ने छन् ।



| | |
|---|---|
| सिकाइ केन्द्रित विद्यालय | • हरेक स्थानीय तहमा एउटा सुविधा सम्पन्न उत्कृष्टताको केन्द्र "Center of Excellence" को रूपमा कम्तीमा एउटा "अगुवा विद्यालय" (Lead School)<br>• विद्यालय शिक्षामा हाल रहेको उच्च विद्यालय छाड्ने दर (Drop Out Rate) लाई कम्तीमा २०% ले घटाईने छ<br>• विद्यार्थीहरूमा आलोचनात्मक चेत, सिर्जनशीलता, रचनात्मक क्षमता, अरूसँग मिलेर काम गर्ने सीप पाठ्यक्रमलाई प्रोत्साहन गरिने<br>• महानगर, उपमहानगर र ठूला नगरपालिकाहरूमा स्तरीय नवप्रवर्तन केन्द्र (Innovation Center) तथा माध्यमिक विद्यालहरूमा मेकरस्पेस "Makers Space" को अवधारणामा रचनात्मक क्षमताको विकास<br>• विद्यार्थीहरूले आफूले निर्माण गरेका र सिकेका कुराहरूको प्रदर्शन गर्ने अवसर पाउने गरी वार्षिक 'सिकाई मेला'<br>• स्थानीय तहमा कम्तीमा एउटा 'व्यावसायिक सीप विद्यालय' सञ्चालन<br>• फरक क्षमता भएका तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका समुदायबाट आउने विद्यार्थीहरूलाई विशेष विद्यालय र आवासीय छात्रवृतिको व्यवस्था<br>• अतिरिक्त क्रियाकलापमा विशेष रूची भएका विद्यार्थीहरूलाई प्रोत्साहन गर्न स्थानीय तह स्तरीय अथवा क्षेत्र स्तरीय प्रतिष्ठानहरूको सञ्चालन<br>• विद्यार्थीहरूको सर्वाङ्गीण विकासकलागि गुणस्तरीयता दिवा खाजा कार्यक्रम<br>• छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय निःशुल्क सेनिटरी प्याडको व्यवस्था<br>• स्थानीय आवश्कता र परिवेश अनुसार मौलिक ज्ञान (Indigenous Knowledge) र आधारभूत जीवन सीपहरू (Life Skill) सम्वर्धन र संरक्षण हुने गरी स्थानीय पाठ्यक्रमको निर्माण<br>• विद्यार्थीहरूको ज्ञान, सीप र उत्प्रेरणाका लागि विभिन्न विधाका आमन्त्रित विज्ञ अतिथि शिक्षक<br>• विद्यालयहरूलाई अन्य स्थानीय तहका विद्यालयसँग सूचना प्रविधिसँग जोड्ने र एक विद्यालयको अनुभव र संसाधनको प्रयोग अन्य विद्यालयलाई गर्ने वातावरण निर्माण,<br>• विद्यालयहरूमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, लैङ्गिकमैत्री शौचालय तथा अपाङ्गमैत्री संरचनाहरूको व्यवस्था,<br>• प्रारम्भिक बालविकास शिक्षालाई थप विकास गर्दै हालको १ वर्षको अवधिलाई बढाएर दुई बर्ष गरिने,<br>• हरेक वडामा कम्तीमा १ विद्यालयमा नमूना प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन,<br>• आधरभूत शिक्षामा देखिएको न्यून सिकाइ तथा कोभिडको कारणले भएको सिकाइको क्षतिलाई पूर्ति गर्न सुधारात्मक कक्षा (Remedial Class) को प्रबन्ध,<br>• विभिन्न पेशा र व्यवसायमा संलग्न स्थानीय र राष्ट्रिय व्यक्तित्वहरूलाई विद्यालयमा एकदिन कार्यक्रम सञ्चालन । |
| जागरूक अभिभावक | • विद्यालयका कार्यक्रममा अभिभावक उपस्थितिलाई कम्तीमा ९०% बनाइने,<br>• अभिभावकसँग सम्बन्ध विस्तार गर्न प्रत्येक विद्यालयबाट टोल भेला र मासिक घरदैलो कार्यक्रम,<br>• हरेक त्रैमासिक परीक्षासम्म शत् प्रतिशत उपस्थित हुने विद्यार्थीका अभिभावकलाई सम्मान,<br>• ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाको सिकाइलाई घरबाटै सुरू गर्न विद्यालयमा अभिभावकसँगको सहकार्यका कार्यक्रम,<br>अभिभावक र विद्यार्थीहरूका लागि प्रभावकारी गुनासो संयन्त्रको व्यवस्था । |

| | |
|---|---|
| उत्प्रेरित शिक्षक | • माध्यमिक तहको विद्यालय सुधार योजना अन्तर्गत विषयगत शिक्षकहरूको अभावलाई पूर्ति गर्ने गरी दरवन्दीको व्यवस्था,<br>• दरबन्दीको अभाव भएका विद्यालयहरूमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी स्वयंसेवक शिक्षकको रूपमा परिचालन,<br>• क्षेत्रगत आधारमा सिकाइ केन्द्रहरूको स्थापना गरी विषयगत शिक्षकहरूको त्रैमासिक भेला आयोजना गर्दै आफूसँग भएको सीप, ज्ञान र अनुभव अन्य शिक्षकसँग बाँड्ने अवसरको सिर्जना,<br>• शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकलाई सिकाइ सामाग्री निर्माण र प्रयोगको तालिम,<br>• क्षमता अभिवृद्धिका लागि ँमेन्टर शिक्षक  को व्यवस्था,<br>• शिक्षकको व्यावसायिक विकासमा ट्रेड युनियनमा सँगठिन हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरूत्साहित गर्ने,<br>• शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरी हरेक स्थानीय तहमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षकलाई सम्मान,<br>• शिक्षकहरूमा आधारभूत प्रविधिको सीप विकास, एक शिक्षक एक ल्यापटप, प्रविधिको प्रयोग, उत्प्रेरणा कार्यक्रमहरूको सञ्चालन,<br>• प्रारम्भिक बाल विकासका शिक्षकको क्षमता वृद्धि गर्दै पारिश्रमिकलाई कम्तीमा आधारभूत विद्यालय शिक्षकको तलब सुविधाको स्तरमा पुऱ्याउने । |
| सबल नेतृत्व र व्यवस्थापन | • प्रतिस्पर्धाको आधारमा पूर्ण अधिकारसहित करार अवधि रहने गरी सबै विद्यालयमा जवाफदेहिता सहितको प्रधानाध्यापकको व्यवस्था,<br>• प्रधानाध्यापकको क्षमता अभिवृद्धिका लागि सेवा प्रवेश र सेवा अवधिभर नेतृत्व, क्षमता विकास, व्यवस्थापन, तथा शिक्षण पद्धतिको तालिमको व्यवस्था,<br>• विद्यालय व्यवस्थापन समितिलाई दलीय भागबण्डाबाट मुक्त राखी विद्यालय विकास र सुधारमा प्रतिवद्ध स्कुल बोर्डको रूपमा विकास गर्ने । |
| जवाफदेही शिक्षा प्रणाली | • प्रत्येक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था,<br>• गुणस्तर विकासका लागि प्रत्येक स्थानीय तहमा विद्यालयहरूको सिकाइ उपलब्धिको अवस्थाको मापन गर्ने र तथ्याङ्कलाई सार्वजनिक गर्ने परिपाटीको निर्माण,<br>• स्थानीय तहको शिक्षा विभागमा कार्यरत कर्मचारीले सबै विद्यालयमा कम्तीमा महिनाको एक पटक निरीक्षण र अनुगमन गर्ने व्यवस्था,<br>• जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासी रहेको विद्यालय सहयोगी समूह स्थापना गरी नियमित अनुगमन र सहयोगको संयन्त्र बनाउने । |
| नीति, योजना र शासकीय सुधार | • स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही आवश्यक नीति, ऐन र नियम बनाउने,<br>• जनसङ्ख्या वृद्धिको प्रक्षेपणलाई आधार लिई रणनीति निर्माण र विद्यालय क्षेत्र नक्साङ्नलाई अगाडि बढाइने,<br>• आवश्यक नदेखिएका विद्यालयहरूलाई समायोजन गर्ने, |


| | |
|---|---|
| | बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न भौगोलिक रूपले विकट ठाउँमा आवासीय विद्यालय र अन्य ठाउँहरूमा यातायातको प्रबन्ध गर्दै विद्यालयहरू सञ्चालन गर्ने,<br>• आफ्नो तहको अवस्था र शिक्षा विकासको रणनीतिलाई ध्यानमा राख्दै स्थानीय सरकारले राष्ट्रिय मापदण्डभित्र पर्ने गरी शिक्षक नियुक्ति, शिक्षकको व्यावसायिक विकास, सरूवा आदिको आफ्नै नीति बनाउने सक्ने,<br>• विद्यालयहरूले आवश्यकता अनुसार स्थानीय मातृभाषा, नेपाली वा अङ्ग्रेजीलाई पठन–पाठनको भाषा बनाउन सक्ने व्यवस्था,<br>जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्न स्थानीय तहका स्तरीय सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन,<br>दलित समुदायलक्षित विशेष कार्यक्रम लागू गरिने । |
| लगानी | • स्थानीय तहहरूले सशर्त अनुदानबाहेकको शिक्षामा गर्ने लगानीलाई हालको अवस्थाबाट कम्तीमा पनि दोब्बर गरिने,<br>• विद्यालयको योजना र प्रस्तावको आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट उचित विद्यालय सुधार र शैक्षिक कार्यक्रमको लागि विशेष अनुदान उपलब्ध गराउने । |
| धार्मिक विद्यालय | • मदरसा, गुम्बा, गुरूकुल जस्ता शिक्षालयको निःशुल्क दर्ता गरी आधुनिक सीपमूलक शिक्षालाई समेत समावेश गर्न उत्प्रेरित गर्ने,<br>• शिक्षकको तालिम तथा पेशागत विकासमा ध्यान दिने । |
| संस्थागत विद्यालय र गैरसरकारी संस्था | • संस्थागत विद्यालयलाई गैरनाफामूलक वा सार्वजनिक गुठीमा आबद्ध हुन प्रोत्साहन,<br>• संस्थागत विद्यालयको गुणस्तरीयता र शुल्कमा नियमन र अनुगमन,<br>• संस्थागत विद्यालयमा भइरहेका राम्रा प्रयास, उत्कृष्ट व्यवस्थापकीय अभ्यासलाई सार्वजनिक विद्यालयको सुधारमा योगदान दिन सक्ने वातावरणको निर्माण,<br>• सार्वजनिक शिक्षा सबलीकरणमा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी राम्रा अभ्यासलाई संरचनागत र प्रणालीगत सुधारको लागि प्रयोग गरिने । |
| सङ्घीय तहमा हुनु पर्ने सुधार | • स्थानीय सरकारहरूले गर्ने प्रतिवद्धता पूरा गर्न स्थानीय सरकालाई थप बलियो बनाउने गरी सङ्घीय शिक्षा ऐन तर्जुमा,<br>• सङ्घीय सरकारले शिक्षाको वस्तुगत आवश्यकताको आधारमा न्यूनतम गुणस्तरको मापदण्ड तयार गर्ने,<br>• नव नियुक्त शिक्षकलाई सेवा प्रवेश पूर्व कम्तिमा ६ देखि ८ हप्ताको आवासीय तालिम साथै आवधिक सेवाकालीन तालिम प्रयोगात्मक रूपमा सञ्चालन,<br>• स्थानीय तहस्तरीय सिकाइ उपलब्धिको परीक्षण गरी वार्षिक राष्ट्रिय सूची प्रकाशन,<br>• विषेश आवश्यकता भएका तथा पिछडिएका वर्गका विद्यार्थीको शिक्षामा पहुँच पुर्‍याउन स्थानीय सरकारहरूकालाई प्रतिस्पर्धात्मक अनुदान उपलब्ध गराउन नवप्रवर्धन कोषको व्यवस्था,<br>• आर्थिकरूपमा कमजोर तर प्रतिभाशाली विद्यार्थीहरूले उच्चशिक्षा अध्ययनका लागि समावेशीता र जनसंख्याको आधारमा वर्षेनी 'नेपाल र नेपालीको भविष्य छात्रिवृत्ति' कोष स्थापना,<br>• बीचमै पढाइ छाडेका युवालाई व्यवसायिक तालिम मार्फत सीप विकासका साथै समकक्षता प्रमाणिकरणको (Equivalency Certification) व्यवस्था मिलाइने,<br>• सक्षम स्थानीय तहले आफ्नो नेतृत्वमा उच्च शिक्षा सञ्चालन गर्न चाहेमा दीर्घकालीन संभावना तथा सङ्घीय र प्रादेशिक कानून सम्मत हुनेगरी सञ्चालन गर्न विशेष सहयोग गर्ने । |

# स्वास्थ्य

***सबैलाई स्वास्थ्य बीमा, सबल स्वास्थ्य प्रणाली,***
***घरमै स्वास्थ्य सेवा, जनस्वास्थ्यमा लगानी !***

हाम्रो संविधानले विस्तृत र व्यापक रूपमा स्वास्थ्यको हकलाई प्रत्याभूत गर्दै ठोस दिशानिर्देश गरेको छ । विगतमा नेपाली कांग्रेसले लिएको स्वास्थ्य नीतिका कारण नेपालले जनस्वास्थ्यका क्षेत्रमा थुप्रै उपलब्धि हासिल गरेको छ, स्वास्थ्य सेवाको पहुँच बढेको छ । यद्यपि, गुणस्तर वृद्धि गर्न अझै धेरै काम गर्न बाँकी रहेको यथार्थलाई कोभिड-१९ महामारीले थप उजागर गरेको छ। नेपाली कांग्रेस गाउँ-गाउँमा स्वास्थ्य सेवा र जनशक्ति पुऱ्याउने, स्वास्थ्य बीमालगायत विगतमा विभिन्न कालखण्डमा आफ्नो सरकारले गरेका प्रयास र उपलब्धिलाई स्मरण गर्दै स्वास्थ्य सम्बन्धी नागरिक अधिकारलाई कार्यान्वयन गर्न जनता केन्द्रित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

स्वास्थ्य सुविधामा विद्यमान विभेदपूर्ण अवस्था नहटाउने हो भने समुन्नत नेपालको राष्ट्रिय आकाङ्क्षा हासिल हुन सक्दैन। त्यसैले सबै नागरिकलाई 'विश्वासिलो, गुणस्तरीय र सहज स्वास्थ सेवा' उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो । बढ्दो नसर्ने रोगको भार न्यून गर्न, स्वास्थ्यमा जनताको खल्तीबाट हुने खर्च कम गर्न, संविधान र दिगो विकासका लक्ष्यअनुसार स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच कायम गर्न गुणस्तरीय स्वास्थ्य सेवा उच्च प्राथमिकतामा रहनु पर्दछ । तसर्थ, संविधानले स्थानीय सरकारलाई प्रत्याभूत गरेका स्वास्थ्यको अधिकार कार्यान्वयन गर्दै **'निःशुल्क आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय सेवामा सहज र समतामूलक पहुँच** सुनिश्चित गर्न नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछ ।



| | |
|---|---|
| जनस्वास्थ्यमा लगानी | • स्थानीय तहले विनियोजन गर्ने स्रोतबाट स्वास्थ्य क्षेत्रको बजेटलाई कम्तीमा १० प्रतिशत पुऱ्याउने,<br>• स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण गरी 'सबै नीतिमा स्वास्थ्य (Health in All Policies)' भन्ने मान्यताका साथ स्थानीय आवश्यकता र प्राथमिकता अनुसार गाउँ-नगरपालिकाको स्वास्थ्य लक्ष्य निर्धारण गरी तथ्य र प्रमाणका आधारमा योजना, कार्यक्रम र बजेट तर्जुमा गर्ने । |
| स्थानीय स्वास्थ्य प्रणालीको विकास र सबलीकरण | • जनसंख्या, भूगोल, विद्यमान स्वास्थ्य संस्था, अवस्था, पहुँच र गुणस्तर, उमेर समुहका आधारमा रोगको भार र सूचक हेरेर स्थानीय स्वास्थ्य प्रणालीको विकास गर्ने,<br>• एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुरूप भौगोलिक अवस्थिति, जनसंख्या र रणनीतिक क्षेत्र अनुसार नागरिकको सहज पहुँच हुने गरी स्वास्थ्य संस्थाको नक्शाङ्कन गर्दै सेवाका आधारमा हरेक वडामा आधारभूत स्वास्थ्य केन्द्र, गाउँ-नगरपालिकामा विशेषज्ञ सेवा सहितको प्राथमिक अस्पताल, उपमहानगरपालिका र महानगरपालिकामा विशेषज्ञ सेवा सहितको अस्पताल स्थापना गर्ने, त्यसका लागि आवश्यक जनशक्ति, पूर्वाधार, प्रविधि र उपकरणको व्यवस्था गर्ने,<br>• आधारभूत स्वास्थ्य सेवा, आयुर्वेद र वैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य लगायत निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवालाई एकीकृत रूपमा सञ्चालन गर्ने,<br>• नियमित परीक्षण गर्न वडामै प्रयोगशाला सुविधा विस्तार गर्ने,<br>• नयाँ प्रविधिबाट गुणस्तरीय सेवामा द्रुत पहुँचको लागि टेलिमेडिसिन सेवा,<br>• खोप केन्द्र, गाउँघर क्लिनिकलगायत समुदायमा आधारित सेवा र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको दक्षता अभिवृद्धि र उत्प्रेरणाका कार्यक्रम,<br>• स्वास्थ्य सेवा र संरचनालाई लैंगिकमैत्री, जेष्ठ नागरिकमैत्री र अपाङ्गतामैत्री बनाउने,<br>• निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै सुलभ, गुणस्तरीय र जनसेवी बनाइने, स्थानीय तहको जनस्वास्थ्य रणनीति अनुसार योगदानका लागि उत्प्रेरित र सहकार्य गर्ने,<br>• आफ्नो अधिकार क्षेत्रका विषयमा बनाउनु पर्ने आवश्यक नीतिगत, कानूनी र संस्थागत संरचना एक वर्षभित्र बनाइसक्ने, |
| सबै नागरिकलाई स्वास्थ्य बीमा | नेपाली कांग्रेसले परिकल्पना र कानूनद्वारा सुनिश्चित गरेको स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन देहाय बमोजिम गरिनेछ –<br>• ६५ वर्ष माथिका जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न, दलित, एकल महिला, अति अशक्त र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क बीमा,<br>• वडा कार्यालयसँगको समन्वयमा घरबाटै बीमामा आवद्ध हुने व्यवस्था,<br>• प्राथमिक अस्पतालमा उपचार, अस्पताल फार्मेसीमार्फत गुणस्तरीय औषधी, स्थानीय तहबाटै बीमितहरूको प्रेषण (रिफरल)को व्यवस्था,<br>• वैदेशिक रोजगारीमा जानुपूर्व बीमामा आवद्ध हुने व्यक्तिका लागि थप कर सहुलियतको व्यवस्था,<br>• स्वास्थ्य बीमामार्फत विशेषज्ञ स्वास्थ्य सेवाको दायरा बढाउने,<br>• पाँच वर्षभित्र प्रत्येक स्थानीय तहलाई 'पूर्ण स्वास्थ्य बीमित' बनाउने,<br>• स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गर्ने । |

| | |
|---|---|
| मातृशिशु स्वास्थ्य र पोषण | • सुत्केरी महिलालाई '५ हजार सुत्केरी सहायता भत्ता',<br>• प्रसुती सेवाको अभावमा आमाको मृत्यु हुने अवस्थाको अन्त्य गर्न हरेक वडामा गुणस्तरीय आधारभूत र आकस्मिक सेवा प्राप्त हुने गरी दक्ष स्वास्थ्यकर्मी सहितको प्रसुती केन्द्र सञ्चालन,<br>• महिला स्वास्थ्य स्वयंसेवकहरूलाई समन्वय गरी समुदायमा आधारित अभियान सञ्चालन गर्न निश्चित टोल समेटेर स्वास्थ्य संस्था मातहत रहनेगरी 'समुदायमा नर्स' कार्यक्रम,<br>• घरमै पोष्ट न्याटल सेवा<br>• हरेक स्थानीय तहले आफ्नै लक्ष्य निर्धारण गरी स्वास्थ्य संस्थामै सुत्केरी हुने संख्यामा उल्लेख्य वृद्धि गरी मातृ मृत्यु र शिशु मृत्युदर न्यूनिकरण,<br>• गर्भवती महिलाहरूको पोषणको लागि नियमित स्वास्थ्य परीक्षण गर्दा गर्भवती पोषण प्याकेज को व्यवस्था,<br>• सबै महिलालाई निःशुल्क गुणस्तरीय स्यानिटेरी प्याड वितरणको व्यवस्था,<br>• बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई घरदैलोमा पुऱ्याउन सबै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी बनाउने,<br>• कुपोषण न्युनिकरण गर्न स्वास्थ्यवर्धक र गुणस्तरीय खाद्य पदार्थको उपभोगमा प्रोत्साहन । |
| स्वस्थ नागरिक : घरमै स्वास्थ्य सेवा | • ६० वर्ष माथिका नागरिक, गर्भवती महिला, दीर्घ रोग भएका, अपाङ्गता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, औषधी र उपचारसहित घरमै स्वास्थ्य सेवा,<br>• नसर्ने रोगहरूको बढ्दो चापलाई न्यून गर्न ४० वर्ष माथिका हरेक नागरिकलाई उच्च रक्तचाप, मुटु रोग, मधुमेह, मृगौला रोग, श्वासप्रश्वास सम्बन्धी रोग, महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ लगायतका नियमित चेकजाँच वर्षमा एक पटक निःशुल्क गर्ने व्यवस्था,<br>• उपचार, स्क्रिनिङ, प्रवर्द्धन, परामर्श सेवाको लागि समय समयमा वडा र समुदायमा 'घुम्ती जनस्वास्थ्य शिविर',<br>• तीन वर्षभित्र सबै विद्यालयमा 'विद्यालय नर्स' कार्यक्रम व्यवस्थित गर्ने,<br>• नगरवासीको स्वास्थ्य लगत राखी, उमेर र रोगको अवस्था अनुरूप परामर्श, योग तथा व्यायम, नियमित परीक्षण, उपचार र सुलभ औषधीको उपलब्धताका साथै घर-टोलमा पुगी सचेतना र प्रवर्द्धनका लागि आवश्यकता अनुसारका स्थानमा चिकित्सक र जनस्वास्थ्य अधिकृत सहितको जनता स्वास्थ्य केन्द्र (शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र) स्थापना,<br>• आयुर्वेद र परम्परागत पद्धतिबाट उपचार गर्न गाउँ-नगरपालिकामा 'नागरिक आरोग्य कार्यक्रम', उपमहानगर र महानगरपालिकामा आवश्यकता अनुसार 'आयुर्वेद चिकित्सालय'को सञ्चालन,<br>• स्थानीय तहमा उपलब्ध औषधिजन्य जडीबुटीको अध्ययन, संकलन, संरक्षण र प्रवर्द्धनका लागि प्रोत्साहन,<br>• स्वस्थ आहार-विहार, पोषण, व्यायमलगायत स्वस्थ जीवनशैली अबलम्बन गर्न मेरो स्वास्थ्य : म स्वस्थ मेरो गाउँ-नगर स्वस्थ अभियान,<br>• खेलकुद र व्यायमका विभिन्न सामाग्री सहितको कम्तीमा 'एक स्थानीय तह एक पार्क'को व्यवस्था, |

| | |
|---|---|
| | • खाद्य, पानी गुणस्तर र जनस्वास्थ्य प्रवर्द्धन तथा निगरानीका लागि मापदण्ड बनाई जनस्वास्थ्य निरीक्षकको परिचालन गर्ने। |
| सहज र सुलभ गुणस्तरीय औषधी | • औषधी उपचारमा नागरिकको खल्तीबाट हुने खर्चलाई न्यून गर्न गाउँ-नगरवासीलाई सहज रूपमा गुणस्तरीय औषधि सस्तोमा उपलब्ध गराउन स्थानीय तहमा जनसंख्याको चाप र रोगको भार अनुसार विभिन्न ठाँउमा गाउँ-नगर फार्मेसी सञ्जालको सञ्चालन,<br>• निःशुल्क प्रदान गरिने औषधीलाई स्वास्थ्य संस्था मार्फत नियमित रूपमा उपलब्ध गराई अस्पताल फार्मेसी सुलभ र व्यवस्थित रूपमा चौबीसै घण्टा सञ्चालन गर्ने । |
| आकस्मिक र आपतकालिन स्वास्थ्य | • स्वास्थ्य विपद तथा महामारीको नियन्त्रण र व्यवस्थापनका लागि बहुपक्षीय सहकार्य र आपतकालीन स्वास्थ्य संयन्त्र र द्रुत प्रतिकार्य टोली बनाउने,<br>• यातायात नपुगेको दुर्गम स्थानमा आकस्मिक उद्धार कोष मार्फत सेवा,<br>• सबै स्वास्थ्य संस्थाबाट सामान्य आकस्मिक सेवा नियमित प्रवाह हुने व्यवस्था,<br>• हरेक स्थानीय तहमा सुविधासम्पन्न एम्बुलेन्स सेवा र दमकलको व्यवस्था,<br>• एम्बुलेन्स सेवालाई एकीकृत, सुलभ र सहज रूपमा सञ्चालन गर्न एम्बुलेन्स संजाल,<br>• प्रदेश र सङ्घीय सरकारसँगको समन्वयमा स्थानीय 'केयर कोअर्डिनेशन र रेफरल संयन्त्र' । |
| जनशक्ति उत्पादन, व्यवस्थापन तथा साझेदारी | • एक वर्षभित्र स्थानीय तहको स्वास्थ्य प्रणालीको लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी व्यवस्था गर्ने,<br>• दुर्गम गाउँ-नगरपालिकाको हकमा चिकित्सा शिक्षा आयोगसँग समन्वय गरी जेहेन्दार विद्यार्थीका लागि स्थानीय तहले आफ्नो स्रोतमा चिकित्सक लगायतको जनशक्तिका लागि छात्रवृत्ति र अध्ययनपश्चात् आफ्नो स्थानीय तहमा सेवा दिने प्रबन्ध,<br>• स्वास्थ्य विज्ञान प्रतिष्ठान, विशेषज्ञ अस्पताल र मेडिकल कलेजसँगको सहकार्यमा दुर्गम क्षेत्रका गाउँपालिका-नगरपालिकाहरूका आधारभूत अस्पतालमा विशेषज्ञ सेवा,<br>• स्थानीय तहमा उपयुक्त रोजगारीको खोजीमा रहेका दक्ष स्वास्थ्य जनशक्तिलाई निश्चित उत्प्रेरणासहित सेवामा सहभागी गराउने,<br>• दक्ष र सुरक्षित स्वास्थ्यकर्मी भन्ने मान्यताका साथ स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित र टिकाइराख्न रूची र विज्ञता अनुसार समायोजन, व्यवस्थापन, क्षमता अभिवृद्धी र प्रोत्साहनको व्यवस्था । |
| मानसिक स्वास्थ्य | • मानसिक स्वास्थ्यको रोकथाम र उपचारका लागि आधारभूत स्वास्थ्य केन्द्र, जनता स्वास्थ्य केन्द्र र अस्पतालबाट परामर्श र सेवा प्रदान, गाउँ-नगरपालिकामा न्युनतम एक पुर्नस्थापना केन्द्रको स्थापना । |
| मदिरा, सुर्तिजन्य पदार्थ, लागुपदार्थ, नियमन र नियन्त्रण | • विद्यालय, अस्पताल क्षेत्रको निश्चित दूरीमा मदिरा, सुर्तीजन्य पदार्थ, अस्वस्थकर खाना (जंक फुड) को प्रयोग र बिक्रिवितरण निषेधित गर्ने,<br>• मदिरा र सुर्तिजन्य पदार्थ कडाइका साथ नियमन गर्दै विक्रिवितरणका लागि छुट्टै स्थान तोक्ने,<br>• लागू पदार्थजन्य वस्तुको प्रयोग, बिक्रिवितरणलाई नियन्त्रण तथा नियमन गर्ने । |

| | |
|---|---|
| सङ्घ र प्रदेश सरकारको दायित्व | माथि उल्लेखित विषयहरूको कार्यान्वयनका लागि सङ्घ र प्रदेशका दायित्वहरू देहायबमोजिम हुने छन्:<br>• साझा अधिकार अन्तर्गत बनाउनुपर्ने स्वास्थ्य सम्बन्धी कानून, संरचना, मापदण्ड, कर्मचारी समायोजन र व्यवस्थापन एक वर्षभित्र टुङ्याउने,<br>• स्थानीय स्वास्थ्य प्रणालीलाई प्रभावकारी बनाउन तथा एकीकृत स्वास्थ्य पूर्वाधार विकासका लागि आवश्यक स्रोत साधन, पूर्वाधार, जनशक्ति व्यवस्थापनमा समन्वय, सहयोग र सहजिकरण गर्ने,<br>• स्वास्थ्य बीमालाई प्रभावकारी र सहज वनाउन आवश्यक कानूनी र संरचनागत परिमार्जन गर्ने; ऐनमा व्यवस्था भए अनुसारको विशेषज्ञ सेवा प्रदान गर्न बीमा रकममा वृद्धि गर्ने; सेवालाई सहज र सरल बनाउने, उपचारका लागि निजी क्षेत्रसँगको सहकार्यलाई व्यवस्थित गर्ने । |

# कृषि

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले महत्त्वपूर्ण योगदान गर्दै आएको छ । तर यस क्षेत्रको उत्थानका लागि आजसम्म हुँदै आएका प्रयत्नहरू पर्याप्त नभएको हुँदा कृषि उत्पादन तथा उत्पादकत्वको कमी आएर कृषि उपजहरूको दिनानुदिन आयात बढ्दै गएको छ ।

खाद्य तथा पोषण सुरक्षाका साथै राष्ट्रिय सुरक्षामा समेत चुनौती थपिदै गएको छ । मूलतः किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विवधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि, विविधिकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अब हाम्रो मार्गचित्र हो । तसर्थ, नेपालको संविधानले स्थानीय सरकारलाई कृषि क्षेत्रमा दिएको जिम्मेवारी पूरा गर्न हाम्रो स्थानीय सरकारले देहाय बमोजिमको सङ्कल्प गर्दछ ।

| | |
|---|---|
| किसान कल्याण | • किसानहरूको सूचीकरण र वर्गीकरण,<br>• कृषि समग्री तथा कृषि सेवामा सुनिश्चित पहुँच,<br>• स्थानीय किसानलाई भूमि बैंकमा अग्राधिकार<br>• साना किसानलाई रू १० हजार बराबरको किसान क्रेडिट कार्ड,<br>• साना किसानलाई दुई प्रतिशतमा तथा मझौला र ठुला किसानलाइ चार प्रतिशत व्याजदरमा कृषि ऋणको व्यवस्था,<br>• कृषि बीमामा साना किसानलाई ९० प्रतिशत र मझौला तथा ठूला किसानलाई ७५ प्रतिशत अनुदान,<br>• उन्नत बीऊ विजन एवं उन्नत नश्लका पशुपन्छीमा ५० प्रतिशत अनुदान,<br>• कृषि पशुपन्छी तथा मत्स्य उत्पादनमा खपत हुने कृषि विद्युत्मा ५० प्रतिशत छुट,<br>• आधारभूत खाद्यबस्तुको न्यूनतम समर्थन मूल्य,<br>• बजारीकरणका लागि कृषि एम्बुलेन्स,<br>• सान किसानका लागि सावधिक बीमाको प्रिमियममा ५० प्रतिशत सहायता । |

| | |
|---|---|
| खाद्य तथा पोषण सुरक्षा | • कृषि उत्पादन वृद्धि र विविधिकरणमा सहयोग,<br>• बाल–बालिका, प्रौढ, महिला तथा जेष्ठ नागरिकका लागि विशिष्टिकृत पोषण शिक्षा,<br>• घर–घरमा पोषण बगैंचालाई प्रोत्साहन,<br>• अति विपन्न घरपरिवार परिचयपत्रका आधारमा रासन दिने व्यवस्था, खाद्यान्न गोदाम, प्रशोधन केन्द्र र सुपथ खाद्यान्न पसलहरूको स्थापना,<br>• मातृ तथा बाल पोषण सुरक्षाका लागि बहुपक्षीय एकीकृत कार्यक्रम । |
| कृषि उद्यमशिलता विकास | • कृषि उद्यम विकास सेवा केन्द्र स्थापना,<br>• नाफामुलक कृषि उद्यम विकास योजना निर्माणमा सहयोग,<br>• उत्पादन, प्रशोधन, लजिष्टिक व्यवस्थापन, बजारीकरण तथा प्राविधिक सेवा आदिमा प्रोत्साहन,<br>• कृषि उद्यमशिलता विकासमा नव प्रवर्तकहरूलाई प्रोत्साहन,<br>• प्राविधिक सेवा तथा बजारीकरणमा विद्युतीय सूचना प्रवधि प्रयोगमा प्रोत्साहन,<br>• कृषिमा आधारित उद्योग स्थापनालाई प्रोत्साहन । |
| आयात प्रतिस्थापन | • बढी आयात हुने कृषिबाली वस्तु उत्पादन क्षेत्रको निर्धारण,<br>• बजारमुखी व्यावसायिक योजना विकासमा सहयोग,<br>• व्यावसायिक योजनाबमोजिम कृषिबाली उत्पादन तथा पशुपन्छी पालन, प्राविधिक सेवा, प्रशोधन उद्योग तथा बजारीकरण सहितको एकिकृत योजना,<br>• गुणस्तरीय बीउ–विजन, पशुपन्छी नश्ल तथा माछा भुराको उपलब्धताको सुनिश्चितता,<br>• रासायनिक मल गोदाम निर्माण र न्यायिक वितरणको सुनिश्चितता,<br>• प्राथमिकता प्राप्ता क्षेत्रमा सतही, सौर्य, लिफ्ट, भूमिगत सिँचाई तथा नविनतम प्रविधिमा आधारित साना सिँचाइ पूर्वाधार विकासको कार्यक्रम,<br>• विद्यमान ठूला सिँचाई आयोजना तथा समुदाय–व्यवस्थित सिँचाइ आयोजनका संरचनाको मर्मत सम्भार, पुनः निर्माण,<br>• जल उपभोक्ता समितिको क्षमता विकास तथा सुदृढीकरण,<br>• महिलामैत्री साना तथा मझौला कृषि यन्त्र उपकरणहरूको पहिचान र वितरण,<br>• ठूला यन्त्र उपकरणको कस्टम हाइरिङ्ग सेन्टर तथा मर्मत सम्भार केन्द्रहरूको स्थापना,<br>• कृषि यन्त्र तथा उपकरणको उत्पादन तथा एसेम्बलीङ्ग गर्ने कृषि उद्यमीहरूलाई प्रोत्साहन,<br>• कृषि योग्य जमीनमा विद्युत् प्रसारण लाइनको व्यवस्था;<br>• कृषि उपज तथा पशुपन्छी उत्पादन र मत्स्यपालन कार्यका लागि निःशुल्क विद्युतको सुनिश्चतता,<br>• कृषि उपजहरूको प्राथमिक प्रशोधनको लागि आवश्यक पर्ने विद्युत महसुलमा कम्तिमा ५० प्रतिशत अनुदान,<br>• सौर्य सिँचाई तथा सौर्य कृषि प्रवर्द्धन गर्न सौर्य पूर्वाधार जडान गर्न लाग्ने रकममा ५० प्रतिशत अनुदान । |


| | |
|---|---|
| निर्यात प्रवर्द्धन | • निर्यातजन्य बाली तथा वस्तु उत्पादन गर्ने स्थानीय तहमा उत्पादन भएको उपजको प्राङ्गारिक वा गुणस्तर प्रमाणीकरणका लागि लाग्ने खर्चमा स्थानीय तहबाट ७५ प्रतिशत अनुदान,<br>• निर्यातजन्य कृषिबाली वस्तुको उत्पादन तथा प्रशोधनमा असल अभ्यास अवलम्बनका लागि विशेष कार्यक्रम,<br>• निर्यातजन्य बाली तथा वस्तुको स्थानीय तहको पहिचान समेत कायम हुने गरी ब्राण्डिङ,<br>• निर्यातजन्य बाली तथा वस्तु उत्पादन गर्ने उत्पादकहरूका लागि ढुवानी अनुदान, सङ्घीय निकायसँगको समन्वयमा व्यापार सहजीकरण,<br>• निर्यातजन्य बाली तथा वस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरण गर्ने निकाय/संस्था/उद्यमीलाई निर्यात गरिएको परिमाणको आधारमा निर्यात अनुदान,<br>• निर्यातजन्य कृषि उपजको गुणस्तर प्रवर्द्धनका लागि गुणस्तरीय प्रयोगशाला सहयोग,<br>• अन्तर्राष्ट्रिय बजार पहिचान तथा प्रवर्द्धनमा नीजि क्षेत्रसँगको साझेदारीमा सामूहिक प्रयास । |
| कृषि बजारीकरण | • उत्पादन योजना र बजार योजना सहितको साना कृषि बजार पुर्वाधारको विकास,<br>• कृषि उत्पादन योजना सहितको उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम सञ्चाालन गर्ने,<br>• प्रमुख कृषि उपजको न्यूनतम मूल्य निर्धारण तथा न्यूनतम समर्थन मूल्यमा खरिद गरी बिक्रिवितरणको व्यवस्था,<br>• उत्पादनपछिको क्षति कम गर्न गोदाम घर निर्माण, ग्रेडिङ्ग तथा प्याकेजिङ्गका संरचनाको स्थापना,<br>• दुई वा दुईभन्दा बढी स्थानीय तहहरूले आपसी साझेदारीमा कृषि बजारको स्थापना गर्ने,<br>• सबल र सुनिश्चिभत आपूर्ति श्रृत्तला विकासमा नवप्रवर्तक र युवालाई प्रोत्साहन । |
| वातावरण तथा जैविक विविधता संरक्षण | • माटोको म्यापिङ नियमित रूपमा अध्यावधिक गरी गुणस्तर वृद्धिका लागि एकिकृत खाद्य तत्व तथा दिगो माटो व्यवस्थापन,<br>• प्राङ्गारिक सामाग्री उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन,<br>• कृषि उत्पादन तथा प्रशोधनमा असल कृषि अभ्यास तथा असल उत्पादन अभ्यास पद्यतिको कार्यान्वयन, |
| दिगो र जलवायु मैत्री कृषिको विकास | • कृषि क्षेत्रमा जलवायु परिवर्तनबाट पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न स्थानीयस्तरमै योजना तर्जुमा,<br>• बाढी, पहिरो, डुबान, खडेरीआदि प्रकोपबाट प्रभावित स्थानीय किसानहरूलाई लक्षित गरी राहत तथा जिविकोपार्जन सहयोग कार्यक्रम,<br>• जलवायु परिवर्तन अनुकलन अभियानमार्फत हरित तथा अनुकूलित कृषि अर्थतन्त्र विकास कार्यक्रम,<br>• रैथाने तथा स्थानीय बाली वस्तुको पहिचान तथा अभिलेखीकरण, स्थानीयस्तरमै संरक्षण तथा जीन बैंकको संरक्षण, र मूल्य अभिवृद्धि तथा उपयोगका प्रवर्द्धनात्मक कार्यक्रम । |

| | |
|---|---|
| कृषिमा समावेशीकरण | • कृषि क्षेत्रबाट प्रवाह हुने आर्थिक सहायता वितरण गर्दा स्थानीय तहमा बसोबास गर्ने विभिन्न जात-जाती, धर्म र सम्प्रदायमा समानुपातिक वितरणको व्यवस्था,<br>• महिलामैत्री कृषि प्रविधिको विकास तथा प्रसार, महिला किसानका लागि थप आर्थिक तथा प्राविधिक प्रोत्साहन, घरमूली हुने महिला किसानलाई थप २० प्रतिशत अनुदानको व्यवस्था । |
| प्राविधिक जनशक्ति विकास तथा कृषि प्रविधि प्रसार | • सबै स्थानीय तहमा न्यूनतम एक-एक जना कृषि तथा पशुपन्छी/भेटेनरी अधिकृत एवं वडा तहमा नायव प्राविधिक सहायकको दरबन्दी र निरन्तर क्षमता विकासको व्यवस्था ।<br>• स्थानीय तहका प्राविधिक र प्रादेशिक तथा सङ्घीय कृषि प्राविधिकहरूबीच निरन्तर समन्वय,<br>• कृषि प्राविधिक तथा अगुवा किसानको साझेदारीमा स्थानीय प्राथमिकता प्राप्त कृषि उपजहरूको व्यावसायिक र आधुनिक उत्पादन तथा प्राथमिक प्रशोधनसम्बन्धी प्रविधि प्रदर्शनी स्थल सञ्चालन,<br>• किसानको खेतवारीमै प्राविधिक सेवा र टेवा,<br>• स्थानीय समस्यामा आधारित कृषि अनुसन्धान तथा प्रसार,<br>• कृषिमा डिजिटल प्रविधिको प्रसार । |
| कृषि विकासमा सङ्घ तथा प्रदेशको भूमिका | • कृषि विकास ऐन, करार खेती ऐन लगायतका ऐनहरूको एकवर्ष भित्रमा तर्जुमा गर्ने,<br>• भू-उपयोग नियमावली, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता नियमावली लगायतका नियमावलीहरूको एक वर्षभित्रमा तर्जुमा,<br>• समग्र कृषि क्षेत्रको विकासलाई आवश्यक हुने गरी कृषि अनुसन्धान र प्रसार गर्ने संस्थाहरूको प्रवर्द्धन,<br>• सङ्घ, प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने जनशक्तिको यथाशीघ्र व्यवस्थापनका लागि ६ महिनाभित्र सङ्घीय तथा प्रादेशिक निजामति सेवा ऐन तथा नियमावलीको तर्जुमा,<br>• कृषि हेर्ने मन्त्रालयसँग समन्वय गरी कृषि विश्व विद्यालयलाई सञ्चालन गर्ने,<br>• कृषि क्षेत्रको एकीकृत विकासका लागि सिँचाइ, ऊर्जा, भूमि व्यवस्था, वन, अर्थ मन्त्रालय लगायतका मन्त्रालय तथा अन्तर्गतका निकायसँग समन्वय,<br>• थप लगानी र नवीनतम कृषि प्रविधि विकास तथा प्रसार र कृषि पूर्वाधार विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीजि क्षेत्र तथा गैरसरकारी निकायहरूसँग समन्वय,<br>• जनशक्ती विकासको एकिकृत योजना र कार्यान्वयन |
| सहकारी | • सहकारी क्षेत्रमा सुशासन कायम गरी मर्यादित बनाउन स्थानीय स्तरमा प्रभावकारी नियमन,<br>• सहकारी सङ्घ संस्थाहरूलाई एकीकरण गरी व्यवसायिकरण र गुणस्तर विकास,<br>• प्रविधिमैत्री सहकारी,<br>• कृषिजन्य वस्तु मल, विउ, यन्त्र, उपकरण आदि सहकारी सङ्घ संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी वनाउने<br>• सहकारी विद्यालय, कलेज, स्वास्थ्य केन्द्र आदिको सञ्चालन गर्दा स्थानीय सरकारसँगको समन्वयमा गर्ने व्यवस्था<br>• सहकारी पूँजिलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने । |

# स्रोत तथा वित्तीय व्यवस्थापन

स्थानीय तहलाई संविधानले जनसरोकारका विविध विषयहरूलाई सम्बोधन गर्ने गहन जिम्मेवारी दिएको छ । यद्यपि स्थानीय तहसँग आर्थिक स्रोत-साधनका क्षेत्रहरू सीमित छन् । हाम्रो सङ्घीयताका तीन सरकारबीच राजस्व र स्रोत सङ्कलनमा ठूलो असन्तुलन भएको हुँदा संविधानले नै राजस्व बाँडफाँड र अन्तर सरकारी अनुदानको व्यवस्था गरेको छ । यसका अतिरिक्त संविधानले स्थानीय तहलाई आफैं कानून बनाएर कर, सेवाशुल्क र दस्तुरआदि मार्फत् स्रोतको व्यवस्थापन गर्ने अधिकार समेत दिएको छ । त्यस व्यवस्थालाई प्रभावकारी ढङ्गले लागू गराउन स्थानीय तहको स्रोत र वित्तीय व्यवस्थापनमा देहायको नीति अवलम्बन गरिने सङ्कल्प गर्दछौं ।

**स्थानीय कर र कर प्रशासनको समग्र सिद्धान्त**



## स्थानीय सरकारको राजस्व अभिवृद्धि र कर प्रशासनको रणनीति

**तत्काल**

- नमुना कर कानूनहरूको निर्माण र उपयोग,
- विशिष्टीकृत राजस्व शाखाको स्थापना र कर्मचारीको व्यवस्था,
- वस्तुगत तथ्यको आधारमा करको आधार मूल्याङ्कन तथा निर्धारण,
- स्थानीय जनताले तिर्नसक्ने क्षमताको आधारमा करको दर निर्धारण ।

**मध्य कालीन**

- करका स्रोत अनुसार निश्चित कर कानून बनाउने,
- कर तथा गैरकर राजस्वको आधार र संरचनाको विकास,
- जनताको क्षमताअनुकूल प्रगतिशील करको दररेट निर्धारण,
- करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदाता मैत्री बनाउन अनलाइनको प्रयोग,
- अन्तर स्थानीय सरकार संयुक्त राजस्व प्रशासनको अभ्यास गर्न कार्यगत ढाँचा तयार गर्ने

**दीर्घकालीन**

- अनलाइन वित्तीय सूचना अद्यावधिक र विश्लेषण गर्ने,
- राजस्वका नवीन स्रोतको पहिचान र परिचालन गर्ने,
- सङ्घीय वित्तीय प्रणालीमा विद्यमान सबै किसिमका असन्तुलन कम गर्न अन्तर सरकारी वित्त हस्तान्तरणलाई तथ्यगत र अनुमानयोग्य बनाउने ।

| | |
|---|---|
| स्थानीय तहको राजस्व सुधारको कार्ययोजना | • कर कानून पालनाको रणनीति कार्यान्वयन गर्ने<br>– सरल र सहज कर कानून,<br>– जनताको कर तिर्ने क्षमता अनुसारको प्रगतिशील दररेट,<br>– करको मानक तय गर्ने,<br>– कर अनुपालनाको लागि अनुगमन र परीक्षण,<br>• राजस्वका नवीन स्रोतहरूको पहिचान गर्न रचनात्मक प्रयोग<br>• राजस्व प्रशासनको संरचनागत क्षमता अभिवृद्धि गर्न<br>– प्रोत्साहनको संरचना,<br>– व्यापक तालिम,<br>– सूचना प्रविधिको प्रयोग,<br>• सङ्घीय राजस्व प्रशासनसँग परिपूरक र परिपोषक सम्बन्ध स्थापना |

| | |
|---|---|
| अन्तर सरकारी अनुदान – वित्तीय हस्तान्तरण | ● राजस्व बाँडफाँड र समानीकरण अनुदानबाट प्राप्ति<br>– समानीकरण अनुदानलाई खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताको वस्तुगत तथ्य र भूगोलको प्रकृति समेतमा आधारित बनाउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पहल,<br>– सङ्घीय र प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम न्यायसङ्गत ढङ्गले समयमै प्राप्त गर्न सङ्घीय सरकार, प्रदेश सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग सक्रिय सहकार्य,<br>– स्थानीय सरकारले राजस्व बाँडफाँड र समानीकरण अनुदानबाट प्राप्तहुने रकम स्थानीय सरकारलाई संविधानले दिएको जिम्मेवारी बहन गर्न शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधार र आर्थिक उपार्जनका क्षेत्र लगायतका जनसरोकार र विकासका कार्यक्रमहरूमा प्राथमिकताका आधारमा विनियोजन गरिने,<br>– स्रोतको सीमितता, असीमित आकाङ्क्षा बोकेको समाज र गम्भीर दायित्व बोकेको स्थानीय सरकारले विनियोजन मार्फत् उत्पादक लगानी र अत्यावश्यक कार्यक्रमहरू गर्ने,<br>● सशर्त, समपुरक र विशेष अनुदान<br>– सशर्त, समपुरक र विशेष अनुदान जस्ता शर्त सहितका अनुदानको अनुपात क्रमशः घटाउँदै र समानीकरण अनुदान तथा राजस्व बाँडफाँडको अनुपात क्रमशः बढाउँदै लैजाने नीति लिइनेछ । |
| स्थानीय तहको आन्तरिक आयका क्षेत्रहरू | ● सम्पत्ति कर<br>– सम्पत्तिको न्यून मूल्याङ्कन भई कर असुलीमा कमी आउन सक्ने जोखिमलाई स्थानीय तहको सूचना, तथ्या र प्रशासनिक क्षमता अभिवृद्धि गर्दै न्यूनीकरण गर्ने,<br>– राष्ट्रिय र स्थानीय आर्थिक स्थिति र बजारको आधारमा मूल्य निर्धारण समिति बनाई आवि( धक कर पुनरावलोकन गर्ने,<br>– जीआइएस र स्थानीय नक्साङ्कन मार्फत सम्पत्तिको तथ्याङ्क तयार गर्ने ।<br>– करको दर निर्धारित मूल्य र सम्पत्तिको प्रयोजनको आधारमा निर्धारण गर्ने,<br>– सम्पत्ति करको दायरा अचल सम्पत्तिमा सीमित राख्ने नीति लिईने,<br>● घर बहाल कर<br>– घरधनी वा बहालवालाले घर बहालको स्वघोषणा यथार्थ भन्दा न्यून गर्न सक्ने जोखिमलाई प्रविधि र सूचना मार्फत न्यूनिकरण गर्ने,<br>– घर बहालको कर निर्धारण गर्ने बिगतको अनुभवबाट सिक्दै परिष्कृत गर्दै जाने,<br>– प्रविधिको प्रयोगमार्फत् स्थान विशेषको चलन चल्तीको बहाल दरको सूचना,<br>– व्यवसायिक र आवास प्रयोजनको करमा भिन्नताको प्रयोग गर्ने,<br>– सङ्घीय आयकरमा घर बहाल कर कट्टीको लागि आवश्यक पहल गर्ने<br>● व्यवसाय कर<br>– व्यवसायको आम्दानी कम स्वघोषणा हुने जोखिम न्यूनीकरण गर्न सहरी क्षेत्रलाई जोनिङ गर्ने र प्रविधिमार्फत् सूचना अद्यावधिक गर्ने र यस सम्बन्धी क्षमता अभिवृद्धि गर्ने,<br>– व्यवसाय कर सङ्घीय आयकरसँग दोहोरो पर्न सक्ने हुनाले सङ्घीय आय विवरणमा कर कट्टीको लागि पहल गर्ने, |

| | |
|---|---|
| | – कर प्रशासनको सहजताको निमित्त कूल लगानी र कारोवारको आधारमा व्यवसाय कर निर्धारण गर्ने नीति अवलम्बन गर्ने,<br>– कर पालनाको प्रोत्साहन गर्ने करको दर न्यूनतम राख्ने नीति लिइने,<br>– सङ्घीय सरकार र प्रदेश सरकारसँग सूचना आदान प्रदान,<br>– व्यवसाय र साना तथा घरेलु उद्योग स्थानीय सरकारमा दर्ता गरेपछि सङ्घ र प्रदेश सरकारले मान्यता दिने गरी सङ्घीय र प्रदेश कानूनमा सुधारको पहल गर्ने, |
| | • भूमिकर/मालपोत<br>– भूमिकर (मालपोत) जमीनको स्थान, प्रयोग र गुणस्तरको आधारमा लागू गरिने,<br>– भूमिको परिमाणको आधारमा प्रगतिशील करको दर लागू गर्ने,<br>– स्थानीय तहले लगाउने भूमिकर (मालपोत) र प्रदेशको कृषि कर दोहोरो पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिने छ,<br>• अन्य कर शुल्क तथा दस्तुरहरू - स्थानीय पूर्वाधार तथा सेवा शुल्क, पर्यटकीय सेवा शुल्क, जीवजन्तु कर, प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क आदि<br>– कर / शुल्कको दर करदाताको क्षमता र पालनालाई मध्यनजर गरी निर्धारण,<br>– सङ्घीय, प्रदेश र स्थानीय तहको अन्य करसँग दोहोरो नपर्ने गरी निर्धारण,<br>– आवधिक रूपमा नयाँ कर/शुल्कहरूको सम्भाव्यताको अध्ययन गरी स्रोतको अभिवृद्धि,<br>– ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदी तथा खानीका स्रोतमा आधारित निर्माणजन्य प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन, प्रशोधन र बिक्रीवितरण सम्बन्धमा छुट्टै सङ्घीय छाता कानून जारी गर्ने पहल गरिने,<br>– निर्माण सामग्री राजस्व परिचालन गर्ने प्रदेश सरकार र छिमेकी स्थानीय तहसँग संयुक्त व्यवस्थापन गर्ने मोडालिटी विकास गर्ने, |
| स्थानीय तह - सार्वजनिक ऋण | • कानून बमोजिम स्थानीय तहलाई विकास निर्माणको कार्यलाई स्रोतको व्यवस्था गर्न सार्वजनिक ऋणको उपयोग गर्ने नीति,<br>• सार्वजनिक ऋणको लागि क्रेडिट रेटिङ प्रयोग गरी स्थानीय तहरूको मूल्याङ्कन र श्रेणी निर्धारण गर्ने,<br>• सार्वजनिक ऋणको लागि योग्यताको आधार र शर्तहरू निर्धारण गर्ने, |
| वित्तीय व्यवस्थापन तथा वित्तीय अनुशासन | • मध्यकालीन खर्च संरचनामार्फत बजेट र खर्चको व्यवस्थापन गर्ने,<br>• स्थानीय तहको राजस्वलाई 'सूत्र' प्रणालीमा आवद्ध गर्ने,<br>• कानूनले व्यवस्था गरे बमोजिम स्थानीय तहको लेखा समिति निर्माण र सबलिकरण गर्ने,<br>• आन्तरिक नियन्त्रण संरचनाको सशक्त कार्यान्वयन गर्ने,<br>• वित्तीय विवरणको शुद्धता र विश्वसनीयता अभिवृद्धि गर्दै आवधिक रूपमा सार्वजनिक गर्ने,<br>• सार्वजनिक खरिद कानूनको पालनाको लागि स्थानीय तहमा नियमावली तयार गरी खरिद कानूनको मर्मबमोजिम कार्य गर्ने गराउने,<br>• लेखापरीक्षण, बेरूजु फर्स्यौट र बेरूजु उपर कारवाही गर्ने कानून र संयन्त्र बनाई लागू गर्ने, |

# स्थानीय पूर्वाधार

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी र फोहोरमैला व्यवस्थापनजस्ता सामाजिक पूर्वाधारको विकास मर्यादित मानवीय जीवनका लागि अनिवार्य हुन्छ भने अर्कातिर बाटो, बिजुली, दुरसञ्चार, उद्योग, कलकारखाना, कृषि, पर्यटनजस्ता आधारभूत क्षेत्रमा प्रगति पनि उत्तिकै जरूरी हुन्छ । व्यापार, निर्माण र अन्य व्यवसायको लागत बढ्नुमा स्थानीय पूर्वाधारको कमी प्रमुख कारक रहने गरेको छ । तसर्थ, स्थानीय आर्थिक गतिविधिको केन्द्रलाई राष्ट्रिय पूर्वाधारको मूलधारमा जोड्ने अभियानलाई नेपाली कांग्रेसले रणनीतिक महत्त्वका रूपमा हेर्नेछ ।

नयाँ संवैधानिक अधिकार र जिम्मेवारी तथा स्थानीय तह सञ्चालन ऐनले स्थानीय सरकारका लागि पूर्वाधार निर्माण र जगेर्ना गर्न पर्याप्त अवसर दिएको छ । स्थानीय सरकारले यी अवसरको सदुपयोग जनताका आवश्यकता, साधन-स्रोतको विवेकसम्मत प्रयोग र प्राविधिक पक्षलाई विचार कार्य सम्पादन गरी गर्दा मात्र दिगो विकासको आधार निर्माण हुनेछ । स्थानीय भौतिक पूर्वाधार विकासको क्षेत्रमा हामी देहायका सङ्कल्प गर्दछौं ।

| | |
|---|---|
| ऐन, कानून तथा योजना | • पूर्वाधार एवं विकास योजनाहरू रणनैतिक आधार, वित्तिय आधार, प्राविधिक आधार एवं व्यवस्थापकीय आधारमा खोजी गरी छनोट गर्ने,<br>• 'ल्याण्ड बैङ्किङ्ग' मार्फत् जग्गा सञ्चित गरी स्थानीय तहको जग्गा स्वामित्वमा पहुँच बढाउने, जसले दीर्घकालीन रूपमा स्थानीय तहभित्रका खुल्ला मैदान, खेल मैदान तथा शहरी घनत्व बढ्दै गएको अवस्थामा उत्थानशील शहर निर्माणको लागि महत्वपूर्ण योगदान पुऱ्याउँछ,<br>• अनियन्त्रित शहरीकरण नियन्त्रणका लागि हरेक स्थानीय तहमा भूउपयोग योजना बनाई कडाईका साथ लागू गर्दै व्यवस्थित बस्ती, कार्यालय, शैक्षिक संस्था, अस्पताल, खेतीयोग्य जमीन, उद्योग, कलकारखाना, खेलकुद पूर्वाधार आदि उचित स्थानमा राख्ने,<br>• पूर्वाधारहरूको उचित व्यवस्थापनको लागि स्थानीय तह सुहाउँदो भवन निर्माण संहिता तयार गरी कडाईका साथ बस्तीको प्रारूप तयार गर्ने,<br>• भूकम्प प्रतिरोधी संरचना निर्माणको सीप प्रदान गरी त्यस्ता दक्ष जनशक्तिबाट मात्र निर्माण गर्ने,<br>• सबै स्थानीय तहहरूको जिआइएस म्यापिङ गरी स्थानीय स्रोत साधनको दुरूस्त अभिलेखीकरण गर्ने; खुल्ला जग्गा, खानी तथा अन्य स्रोतको अभिलेखीकरण गरी माटो सुहाउँदो योजना बनाई नगर/ग्रामीण क्षेत्रको आर्थिक खाका तयार गर्ने । |
| संरक्षण एवं जगेर्ना | • पुरातात्विक महत्वका संरचनाहरूको वर्गीकरण गरी संरचनाहरूको जिर्णोद्वार एवं संरक्षण गर्ने,<br>• गुठीका संरचनाहरू, सत्तल, पाटी, धर्मशाला, उद्यान, पोखरी आदिको संरक्षण एवं स्तरोन्नति गरी सामुदायिक केन्द्रको रूपमा रुपान्तरण गर्ने,<br>• पूराना बस्तीमा पूरानो नेपाली शैलीको घर बनाउन प्रोत्साहन गरी पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने,<br>• स्थानीय सामग्रीहरू प्रयोगलाई प्रोत्साहन गरी स्थानीय वातावरणअनुसार भवन तथा पूर्वाधार निर्माण गर्ने । |

| | |
|---|---|
| सडक तथा यातायात | • ग्रामीण केन्द्रलाई बजारसम्म जोड्ने र शहरी केन्द्र बीचको सडक उन्नतिकरणलाई विशेष प्रथामिकता दिने,<br>• सबै गाउँ–नगरपालिका केन्द्रमा पक्की सडकको पहुँच पुऱ्याउने,<br>• सबै गाउँ–नगर पालिका केन्द्रबाट वडा केन्द्रसम्म सडक पुऱ्याउने,<br>• सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान दिने; सडक दुर्घटनाको न्यूनिकरणका निम्ति 'सडक सुरक्षा निर्देशिका'लाई कडाईका साथ लागू गर्ने,<br>• सडकमा अनिवार्य फुटपाथ र साइकल लेनको व्यवस्था गरी स्थानीय तहहरूलाई पैदल यात्रु र साइकल मैत्री बनाउने,<br>• शहरी क्षेत्रहरूमा सार्वजनिक यातायातलाई प्रोत्साहन दिई स्थानीय तहको लगानीमा अपाङ्गतामैत्री सार्वजनिक यातायातलाई सञ्चालनमा ल्याउने,<br>• ग्रामीण क्षेत्रलाई शहरसँग जोड्न शहरी स्थानीय तहसँग सहकार्य गरी सार्वजनिक यातायातको पहुँच बढाउने,<br>• निजीक्षेत्रको समेत सहयोगमा पर्यटकीय स्थानहरूमा केबल कार, रोप वे निर्माण तथा सञ्चालन गर्ने,<br>• आगामी तीन बर्षभित्र आवश्यक सम्पूर्ण झोलुङ्गे पुलको निर्माण सम्पन्न गर्ने र आवश्यकता र माग अनुसार विशेष प्रकृतिका पर्यटकीय महत्त्वका झोलुङ्गे पुल बनाउने । |
| वातावरण संरक्षण | • विद्युत् लगायत स्वच्छ ऊर्जा यातायातको प्रवर्द्धन गर्ने, सबै घरपरिवारले विद्युत्वाट खाना पकाउने वातावरण सिर्जना गर्ने,<br>• स्थानीय तहहरूलाई हरित पालिकाको रूपमा विकाश गर्ने; रूखहरूको संरक्षण, वृक्षरोपण, घाँसे मैदान वृद्धि, पोखरीहरूको संरक्षण र विस्तार लगायत चोकहरूको संरक्षण गर्ने; सिचाईका नहरहरू र नदीहरू पनि यसैको अङ्ग बनाउने,<br>• प्रत्येक वडामा 'एक वडा, एक खुला क्षेत्र'को अवधारणा अनुसार बालबालिकाको लागि खेल्ने स्थान, ज्येष्ठ नागरिकहरूलाई विश्राम स्थल र आम नागरिकलाई पार्क एवं विशेषतः शहरी क्षेत्रमा जमीनमुनि पानी रिचार्ज गराउन ठूलो मद्दत गर्ने खुला क्षेत्र निर्माण वा विद्यमान खुला क्षेत्रको स्तरोन्नति गर्ने,<br>• सबै स्थानीय तहमा प्रदुषण मापन केन्द्रको स्थापना गर्ने,<br>• सरोकारवालाहरूसँगको सहकार्यमा प्रत्येक टोलमा सुलभ, सफा र व्यवस्थित शौचालय निर्माण गर्ने,<br>• सौर्य लगायत नवीकरणीय उर्जाको प्रवर्धन गर्ने ।<br>• हरेक घरमा विद्युतीय ऊर्जावाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रमहरू लागू गर्ने,<br>• बिजुली, टेलिफोन, इन्टरर्नेट आदिलाई भूमिगत गराउन शुरू गर्ने,<br>• आकाशे पानीलाई पोखरी बनाएर वा स-साना नदी वा खोल्सीमा बहाव नियन्त्रित गरी भूक्षय कम गर्दै उचित व्यवस्थापन गरी पानी रिचार्ज गर्ने व्यवस्था मिलाउने, |

| | |
|---|---|
| | • नदी खोलाहरूमा अप्रशोधित ढल जोड्ने परिपाटीलाई क्रमशः नियन्त्रण गर्दै लग्ने,<br>• एक स्थानीय तह एक पोखरी, एक बस्ती एक पार्क, एक घर नर्सरी, एक घर फूलवारी अभियानलाई हरियाली प्रवर्द्धन गर्न बिरूवाहरू निःशुल्क वितरण गरी बिरूवा रोप्न स्थानीयहरूलाई आह्वान गर्ने; सामुदायिक वन, खाली जमिन, निजी वन, सडकका दुबै किनार, विद्यालय परिसर, पार्कमा वृक्षरोपण र पुनरोत्थान, जग्गा व्यवस्थापन गरेर टोल टोलमा सामुदायिक पार्क र हरित आइल्यान्ड निर्माण अभियानलाई तीव्रता दिने,<br>• शहरी क्षेत्रका नदी खोलाहरूको दायाँ बायाँ नदी क्षेत्र किटान गरी यसको संरक्षण, वृक्षारोपण, पार्क, बगैंचा जस्ता नागरिक आकर्षणका स्थानको रूपमा विकास गर्ने । |
| आधारभूत पूर्वाधार विकास | • सबै स्थानीय तहमा आधारभूत अस्पाताल भवन र सबै वडामा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गर्ने,<br>• एक गाउँ एक व्यवसायिक उत्पादन र कृषि उपज सङ्कलन केन्द्रको निर्माण गर्ने,<br>• टोलका सबै सार्वजनिक क्षेत्र, सरकारी कार्यालय, अस्पताल, शैक्षिक संस्थाआदि अपांगतामैत्री बनाउने,<br>• स्थानीय तहमा मुख्य प्रशासनिक भवन र आवश्यकता अनुसारका वडा कार्यालयका भवन मौलिक शैलीमा निर्माण गर्ने,<br>• एक स्थानीय तह एक पर्यटन पूर्वाधारको व्यवस्था गर्ने,<br>• एक वडा एक खेल मैदान निर्माण गर्ने,<br>• प्रत्येक गाउँमा सामुदायिक भवन र गाउँ मिलनकेन्द्र निर्माण गर्ने,<br>• स-साना कुटिर उद्योगका लागि स्थानीय तहमा बजारको व्यवस्था गर्ने ।<br>• विद्युतीकरण हुन बाँकी सबै गाउँमा विद्युतीकरण गर्ने र उज्यालो गाउँ सहरका लागि सडक वत्तीलाई व्यापक बनाउने,<br>• सबै वडा तहमा पुस्तकालय तथा ई-पुस्तकालयको स्थापना गर्ने । |
| खानेपानी र सिँचाई | • जमीनमुनिको पानीको सतहको मुल्याङ्कन गरी डीप बोरिङ्ग मार्फत तथा नजिकै रहेको स्रोतलाई उपयोग गरी घर घरमा शुद्ध खाने पानी वितरण प्रणालीको व्यस्थापन गर्ने र सार्वजनिक धाराको संरक्षण तथा व्यवस्था गर्ने,<br>• सिँचाई हुन सम्भाव्य सबै जमीनमा बाह्रै महिना सिँचाई हुनेगरी कृषिमा विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| सूचना र सञ्चार | • हरेक स्थानीय तहलाई प्रविधिमैत्री बनाउने,<br>• सबै टोल र गाउँमा इन्टरनेटको सुविधा पुऱ्याउने,<br>• सबै सार्वजनिक स्थानमा निःशुल्क वाईफाईको व्यवस्था गर्ने,<br>• सरकारी कार्यालयहरूमा प्रविधिको उच्च प्रयोग गराउने । |
| विपद व्यवस्थापन | • भविष्यमा आइपर्ने विपद व्यवस्थापन र पूर्व तयारीको लागि हरेक वडामा 'विपद कोष'को स्थापना लगायत व्यवस्थापनको लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्ति सहितको 'द्रुत सहायता कक्ष' को स्थापना गर्ने । |

# उद्यमशीलता र रोजगारी

झण्डै आधा जनसंख्या उत्पादनशील उमेरका भएको देशमा आवश्यक उत्पादन नभएर निरन्तर बढ्दै गएको आयात र बेरोजगारीको घटाउन स्थानीय तहको अहं भूमिका छ । सन् २०३० सम्म साना उद्योगहरूको आम्दानी दुईगुणा गर्न एवं सबैलाई सम्मानजनक र मर्यादित रोजगारी दिलाउने दिगो विकासका लक्ष्य हासिल गर्नुछ । उद्यमशीलता, सृजनशीलता, नवप्रवर्धन, साना मझौला उद्योगको वित्तीय स्रोतमा पहुँच सहित प्रवर्द्धन गर्न स्थानीय सरकारले माहोल बनाउने छ । साथै, उत्पादकत्व दुईगुणा बनाएर स्थानीय तहमा आगामी कार्यकालमा गरिखाने माहोल निर्माण गरी मर्यादित एवं मानवोचित जीवनयापनका लागि भोकमरी, कुपोषण, निम्न आयस्तर, बेरोजगारी लगायतका समस्यालाई सम्बोधन गर्नु आवश्यक छ । त्यसका लागि लगानीको प्राथमिकीकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्न बजारको मागअनुसार नीजी क्षेत्रसँग सहकार्य गरेर विकासका कार्यक्रमहरू अगाडि बढाउने नीति लिइने छ ।

परिवारमा आधारभूत आवश्यकता कमी नहुने सुनिश्चितता गर्ने कार्यक्रम लागू गरिनेछ । स्थानीय तहले मानवस्रोतलाई दक्ष र प्रभावकारी रूपमा परिचालन गरी लक्षित उद्देश्य हासिल गर्न सक्दछ । यसका लागि सहकारी, सार्वजनिक निजी साझेदारी, आदि अवधारणा अवलम्बन गरिनेछ । उद्यमशीलता र रोजगारीको क्षेत्रमा नेपाली कांग्रेस देहायका सङ्कल्प गर्दछ ।

| | |
|---|---|
| **उद्यम विकास केन्द्र र रोजगार बैंक** | • **हरेक स्थानीय तहमा एउटा स्रोत साधन युक्त उद्यम विकास केन्द्रको सञ्चालन,**<br>• **वैदेशिक रोजगारमा संलग्न वा फर्केका व्यक्तिहरूलाई उद्यम सञ्चालन गर्न सहजता गर्ने**<br>• **स्थानीय तहमा उपलब्ध हुने वा हुन सक्ने रोजगारीका सूचना तथा तथ्याङ्क सहितको रोजगार बैंक स्थापना,**<br>• **रोजगारीको खोजीमा रहेकाहरूको सहयोगका लागी रोजगार बैंकले सूचना उपलब्ध गराउने तथा सहजकर्ताको काम,**<br>• **'रोजगार वैंक' सिपमूलक तालिम सञ्चालन**<br>• **उद्योग व्यवसाय सम्बन्धी 'बेसलाइन सर्वे' गरी र स्थानीय तहभन्दा बाहिर पनि बजारको माग, रोजगारी र स्वरोजगारीको संभावना पहिचान**<br>• **युवाहरूले औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको सीपको परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा उनीहरूको पेशाको पहिचान र समकक्षी मान्यता प्राप्त हुने व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वय गर्ने** |

| | |
|---|---|
| | • निजी क्षेत्र, प्रदेश र सङ्घमा रहेका विभिन्न निकायहरूसँग समन्वय गरी युवाहरूलाई उनीहरूको चाहना, आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको वर्तमान र भविष्यमा हुनसक्ने माग अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम, सीप र सीपको विविधीकरण आदिमा सरिक गराउने,<br>• श्रमबजारको माग अनुसारका स्थानीय प्राविधिक शिक्षालयको क्षमता र गुणस्तर विकास,<br>• परम्परागत पेशा, सिपको संरक्षण गर्न र व्यवसायिक बनाउन उत्प्रेरणा र सहुलियतका कार्यक्रम<br>• प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय अवस्था र आवश्यकता अनुरूप युवाहरूकै सहभागितामा युवा नीति निर्माण गर्ने,<br>• प्रविधि र युवालाई जोडेर गाउँ-नगर निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• युवा सभा बनाई स्थानीय तहका नीति, कानून, योजन तर्जुमा तथा कार्यान्वयनमा सहभागी गराउने ।<br>• युवाहरूको शारीरिक, मानसिक तथा क्षेत्रगत क्षमता विकासका लागि युवा क्लव गठन, खेल मैदान निर्माण, तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्ने, |
| श्रम बजारमा प्रवेश गर्ने बिद्यार्थीलाई सहजता | • स्थानीय तहका उच्चमाध्यमिक तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई उसको अनुकूलतामा एक वर्षको इन्टर्नसिपको अवसर प्रदान गर्ने,<br>• स्थानीय तहको अग्रसरतामा स्नातक तहमा अध्ययनरत विद्यार्थीको रोजगारीका अवसरका लागि वार्षिक रोजगार मेलाको आयोजना<br>• लोकसेवा लगायत सार्वजनिक निकायमा रूची भएकालाई तयारी कक्षा, अन्य पेशा व्यवसायमा रूची भएकालाई तालिम उपलब्ध गराउने । |
| रोजगारी सिर्जना गरे वापतको सुविधा | • स्थानीय तहमा सञ्चालन हुने उद्योगहरूमा निश्चित प्रतिशत स्थानीय रोजगारी दिनुपर्ने व्यवस्था गरिने,<br>• स्थानीय रोजगारी सिर्जना गरे वापत स्थानीय कर छुटको व्यवस्था गरिने । |
| उद्यमशिलता र उद्यम प्रवर्धन | • सेवाक्षेत्रलाई प्रवर्धन गर्न हस्पिटालिटी जस्ता विषयको तालिम<br>• लगानीको माहोल बनाउनका लागि स्थानीय राजनीतिक अगुवा, कर्मचारी, शिक्षक र नागरिक समाजलाई उद्यमशिलता र लगानीको महत्त्वबारे अभिमुखिकरण<br>• साना तथा घरेलु उद्योग सञ्चालन तथा उद्यमीहरूको क्षमता अभिवृद्धि, वित्तीय व्यवस्थापन, कच्चा पदार्थको व्यवस्थापन र बजारीकरण, बजार सूचना केन्द्रको विकास,<br>• प्रविधि, बजार, रोजगारी र लगानी अभिवृद्धिका लागि निजीक्षेत्र, विकास साझेदार संस्थाहरू, गैर सरकारी संस्था र सरकारका अन्य निकायहरूसँग सहकार्य,<br>• घरेलु उद्योगलाई ठुला खरिदकर्ता र सुपर मार्केटसँग सम्बन्ध कायम गरिदिने<br>• स्थानीय उत्पादन, कच्चापदार्थ, स्रोतहरूको पहिचान गरी लगानीका नीति बनाई स्थानीयतहमा उधोगहरूको प्रवर्धन गर्ने,<br>• ठूला कम्पनीहरूको 'सी एस आर' प्रयोग गरी रोजगारीको संभावना अभिबृद्धि गर्ने तालिम सञ्चालन गर्ने । |


| | |
|---|---|
| आयात प्रतिस्थापन उत्पादन बढाई रोजगारी सिर्जना गर्ने | • स्थानीय सरकारले उपयोग र उपभोग गर्ने वस्तु सामाग्रीमा – खाना, स्थानीय वस्तुहरूलाई प्राथमिकता दिने नीति<br>• सपिङमलहरूमा आफ्ना स्थानीय उत्पादनहरूको बजार प्रवर्धनका लागि निश्चित ठाउँ तोकेर 'रैथाने कर्नर' बनाउने<br>• हाटबजार तथा बजारमेला र प्रदर्शनीहरू आयोजना गरिने<br>• आर्थिक प्रतिफल रोजगारी दिने परियोजना बैंकको अवधारणालाई संस्थागत गरी योजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन<br>• 'एक स्थानीय तह एक औद्योगिक ग्राम'को अवधारण,<br>• विप्रेषणबाट प्राप्त आय उत्पादन क्षेत्रमा लगानी गर्न चाहनेलाई कर छुटको पहल,<br>• स्थानीय आर्थिक विकासको रणनीति, कानूनी खाका र निरन्तर संवाद गर्ने गराउने निकायको विकासमा अन्तर स्थानीय तहको संयुक्त प्रयास गर्ने, |
| वैदेशिक रोजगार | • स्थानीय श्रमको लागि विदेश जानु पर्ने अवस्थाको क्रमशः अन्त्य गर्ने नीति लिने,<br>• वैदेशिक रोजगारीमा जानेहरूका लागि जानपूर्व सीप र दक्षता अभिवृद्धिका लागि रूची, क्षेत्र र आवश्यकता अनुसर सीपमूलक तालिम उपलब्ध गराइने,<br>• वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरूको सीप, दक्षता, पुँजी र विप्रेषण आयलाई उत्पादन मूलक प्रयोजनमा लगानी गर्दै भविष्यमा निवृत्तिभरण सरहको लाभांश पाउने गरी जलविद्युत, पूर्वाधार बैंक, आवास जस्ता आयोजनाहरू स्थानीय तहमै कार्यान्वयन गरिनेछ । |
| श्रमिक | • सबै स्थानीय तहमा श्रमिकको न्यूनतम ज्याला, आधारभूत श्रम अधिकार र श्रम मापदण्डको कार्यान्वयन<br>• श्रमिक संगठन, श्रमिक प्रतिनिधि तथा रोजगारदाता संस्था एवं प्रतिनिधि समेतको प्रतिनिधित्व हुने गरी स्थानीय तह प्रमुखको अध्यक्षतामा श्रम सल्लाहकार परिषद गठन<br>• स्थानीय तहलाई बाल–मजदुर र जबरन मजदुरी मुक्त बनाउने,<br>• श्रमिकको पञ्जिकरण र वैदेशिक रोजगारीबाट फर्की आएका श्रमिकहरूको अभिलेखीकरण गर्ने,<br>• योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई जोड्ने प्रबन्ध गर्ने । |

# सामाजिक सुरक्षाः कोखदेखि शोकसम्म

नेपाली कांग्रेस समुन्नत समाज तथा कल्याणकारी राज्यको अवधारणामा विश्वास गर्दछ । समतामूलक र न्यायपूर्ण समाज स्थापना हाम्रो सङ्कल्प हो । नेपाली कांग्रेसले परिकल्पना गरेको समाजमा हरेक नागरिक आत्मसम्मानका साथ जीवनयापन गर्ने वातावरण हुन्छ। नागरिकको जन्मदेखि मृत्युसम्म सामाजिक सुरक्षाका दृष्टिले राज्यका केही निश्चित आर्थिक तथा सामाजिक दायित्व हुन्छन् । नेपाली कांग्रेसले परिकल्पना गरेको समाजमा यी आर्थिक तथा सामाजिक दायित्वहरू राज्यले पूरा गर्नुपर्छ । त्यसैले नेपाली कांग्रेसले सस्तो लोकप्रियताका लागि सामाजिक सुरक्षाका खुद्रा वितरणमुखी कार्यक्रममा होइन, प्रत्येक नेपाली नागरिकले सम्मानित जीवनयापन गर्न सक्ने गरी एकीकृत सामाजिक सुरक्षा अवधारणामा विश्वास गर्दछ । कोखदेखि शोकसम्म नेपाली कांग्रेसको एकीकृत सामाजिक सुरक्षा अवधारणा हो र जन्मदेखि मृत्युसम्म सामाजिक सुरक्षाका दृष्टिले राज्यले बहन गर्ने दायित्वको जनमुखी एकीकृत नीति र कार्यक्रम हो ।

एकीकृत सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यन्वयन गरी यसको उद्देश्य हासिल गर्ने दृष्टिले स्थानीय सरकारको विशिष्ट भूमिका हुन्छ । यसलाई दुरूपयोग हुन नदिन तथा यसलाई अझै नागरिकमैत्री बनाउन स्थानीय सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्दै थप सहजीकरण र सरलीकरण गर्नुपर्छ । त्यसैले नेपाली कांग्रेसको नेतृत्वमा बन्ने सम्पूर्ण स्थानीय सरकारहरूले सामाजिक सुरक्षामैत्री कार्यक्रमलाई उच्च प्राथमिकता दिंदै आवश्यकता अनुसार थप सामाजिक सुरक्षाका कार्यक्रमहरू लागू गर्नेछन् ।

## कोखदेखि शोकसम्म





| | |
|---|---|
| प्रजनन् स्वास्थ्य र अधिकार | • युवा-युवतीलाई निःशुल्क प्रजनन् स्वास्थ्य शिक्षा<br>• प्रजनन् छनोटको स्वतन्त्रताको प्रत्याभूति |
| गर्भावस्था | • गर्भावस्थामा निःशुल्क परीक्षण<br>• घरवारविहीन विपन्न गर्भवतीका लागि निःशुल्क आश्रय र पोषणको व्यवस्था |
| सुरक्षित मातृत्व | • निःशुल्क संस्थागत सुत्केरी सेवा<br>• सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा<br>• पाँच हजार सुत्केरी भत्ता |
| बालविकास | • निशुल्क खोप तथा पोषण तालिका<br>• शिशु स्याहार केन्द्र र दिवा खाजा |
| शिक्षा | • घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास<br>• रोजगारमूलक सिकाई |

| | |
|---|---|
| स्वास्थ्य | • सबै नागरिकलाई स्वास्थ्य विमा र ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका विपन्न लगायतलाई निःशुल्क विमा<br>• स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च कम गर्ने व्यवस्था |
| रोजगारी र श्रम | • तरूण सीप र वृत्ति विकास<br>• सवै युवा-युवतीलाई सम्मानित रोजगार<br>• स्वरोजगार कार्यक्रम सञ्चालन<br>• सवै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था<br>• सवै श्रमिकको सञ्चय कोष र उपदानको प्रत्याभूति र एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५०% योगदान सरकारको तर्फबाट व्यवस्था |
| वृद्धावस्था | • ६५ वर्ष माथिका सवै जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा<br>• ६५ वर्ष माथिका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक भत्ता<br>• जेष्ठ नागरिक उपचार खर्च<br>• जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा |
| मृत्यु संस्कार | • नागरिक समुदाय र धर्म बमोजिमको बेग्लै अन्तिम संस्कारको लागि स्थान उपलब्ध गराउने<br>• मृत्यु संस्कार खर्च |

## पर्यटन

प्राकृतिक विशिष्टता, साँस्कृतिक वैभवता, गौरवपूर्ण ऐतिहासिकता, रूपान्तरण योग्य आध्यात्मिकता, भू-बनोटीय सुन्दरता र रणनितिक भौगालिक अवस्थाले गर्दा पर्यटनमा प्रचूर सम्भाव्यता रहेको देश भए पनि नेपालले पर्यटनबाट लाभ लिंदै एक समुन्नत राष्ट्र बन्न सक्ने प्रशस्त आधारहरू हुँदा हुँदै पनि अपेक्षित लाभ लिन सकिरहेको छैन । एकीकृत र व्यवस्थित विकाससँगै आगामि दशकमा पर्यटन क्षेत्रले अगुवाइ गर्ने अर्थतन्त्र बनाउन सक्ने प्रशस्त आधार छन् । नेपाललाई जीवनमा विरलै अनुभव गर्न पाईने विशेष क्षणहरू अनुभूत गर्न सकिने विशिष्ट पर्यटकीय गन्तव्यका रुपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र राष्ट्रिय आय आर्जनको एक महत्वपूण स्रोतका रूपमा अघि बढाउन उच्च प्राथमिकता दिइनेछ । पर्यटन बचाउन, फर्काउन र फैलाउनका लागि निश्चित रणनीतिका पर्यटन विकास तथा प्रवर्धनका लागि निम्नानुसारको चार तारे मोडललाई आधार बनाई पर्यटन विकासको क्षेत्रमा अघि बढ्ने सङ्कल्प गर्दछ ।



| | |
|---|---|
| पर्यटन विकासः | • स्थानीय तहमा रहेका स्थापित तथा उदियमान गन्तव्यहरूसम्मको सहज र सुलभ पहुँचका लागि गुणस्तरीय पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने,<br>• नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षण बन्न सक्ने डिजाइनमा निर्माण गर्ने,<br>• विशिष्ट साँस्कृतिक सम्पदाहरू र परम्परागत तथा पूरातात्विक महत्त्वका सामग्रीहरू सङ्कलन गरी हरेक स्थानीय तहमा कम्तीमा एउटा सँग्राहलय निर्माण गर्ने,<br>• वातावरणमैत्री व्यवसायका रूपमा पर्यटन प्रवर्द्धन गर्दै दिगो विकासको पदमार्गमा अघि बढ्न सामुदायिक वनहरूको संरक्षण र विस्तार, पूरातात्विक सम्पदा स्थलहरूको संरक्षण, सफाई तथा सौन्दर्यिकरण गर्ने,<br>• मुख्य गन्तव्यहरू र पहुँचमार्ग डिजिटल नक्शामा (गुगल) देखिने बनाउने। उदीयमान तथा सम्भाव्य क्षेत्रहरूमा सडक, सञ्चार, पानी, बत्ती, सुरक्षा चौकी, स्वास्थ्य चौकी, सरसफाई जस्ता सहयोगी पूर्वाधारको जिम्मा लिई आवास, खानपीन, यातायात, मनोरञ्जन सहितको आकर्षक गन्तव्य र गतिवधिहरूको विकासका लागि निजी क्षेत्रलाई प्रोत्सहित सहकार्य गर्ने,<br>• स्थानीय तथा बाह्य लगानीकर्ताहरूलाई पर्यटकीय गन्तव्य निर्माण र गतिविधिहरूको सिर्जना गर्नका लागि लगानीमा इन्सेन्टिभ सहित प्रेरित गर्ने।<br>• पर्वतारोहण, पदयात्रा, जलयात्रा, जङ्गल सफारी जस्ता जोखिम युक्त गतिविधिमा काम गर्ने जनशक्तिको जीवनलाई सहज र सुरक्षित बनाउने,<br>• परम्परागत शैलीमा निर्माण भएका घरहरूको संरक्षण तथा त्यस्तै शैलीमा नयाँ घर निर्माण गर्न खोज्ने स्थानीयहरूलाई सहुलियतको व्यवस्था गर्ने,<br>• सरकारी वा निजी स्वामित्वमा रहेका पौराणिक एवं परम्पारगत भौतिक संरचनालाई मौलिक गतिविधि वा विशष्टि बुटिक आवासका रूपमा विकास तथा प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने। |
| गतिविधि सिर्जना | • पर्यटन स्रोत बजारको माग र स्थानीय तहको सम्भाव्यताका आधारमा विविध सांस्कृतिक, प्राकृतिक, एवं साहसिक गतिविधिहरूको सृजना गर्ने तथा गर्नका लागि उत्प्ररित गर्ने,<br>• स्थानीय जीवनशैली, परम्परागत कला र सीप तथा कृषि जस्ता पक्षलाई पर्यटकीय गतिविधिका रूपमा विकसित गर्न सहजीकरण गर्ने,<br>• स्थानीय खानपीन तथा परिकारहरू सफा, सुरक्षित र गुणस्तरीय बनाउने। फुड टुर तथा स्थानीय भोज तथा जात्राहरूलाई आकर्षक पर्यटकीय प्याकेजहरूका रूपमा विकसित गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने। |
| क्षमता विकास तथा संगठनात्मक सुदृढता | • स्थानीय नेतृत्व र प्रशासनिक संयन्त्रलाई अर्थतन्त्र, प्रविधि र पर्यटनमैत्री बनाउन आवश्यक तालिम तथा दक्षता अविवृद्धिका कार्यक्रमहरू मार्फत् सबल र सक्षम बनाउने।<br>• होमस्टे (घरवास) पर्यटन, ग्रामीण पर्यटन जस्ता समुदायमा आधारित पर्यटन सञ्चालकहरूका लागि आधारभूत अँग्रेजी भाषा तालिम, सरसफाई र सुरक्षा (खाद्य तथा आवास) सम्बन्धी जनचेतनामूलक अभिमुखिकरण र होमस्टे सेवाको स्तरोन्नतिमा सहयोग गर्ने,<br>• वडा र टोलस्तरमा प्रविधि (फोन मेसेज, ह्वाट्स एप, भाइवर आदि)मार्फत मौसम पुर्वानुमान, अर्ली वार्निंग सिस्टम, चेतनामूलक सन्देश, सूचना प्रवाह जस्ता विषयवस्तु नियमित रूपमा सम्प्रेषण गर्ने,<br>• संकट व्यवस्थापन तथा र्यापिड रेस्पोन्स इकाइ बनाई सङ्कटका बेला स्वतः परिचालित हुने बनाउने,<br>• पर्यटन व्यवसाय सञ्चालकहरूका लागि आन्तरिक एवं बाह्य बजारहरूका साझेदार निकायहरूसँग सम्पर्क स्थापित गर्न सघाउने। |

| | |
|---|---|
| स्रोत बजारको पहिचान र प्रर्द्धधन | • स्थानीय पर्यटकीय सम्पदा तथा मुख्य आकर्षक गतिविधिहरूको प्रभावकारी माध्यम पहिचान गर्ने, संयन्त्र बनाउने, र विभिन्न माध्यमहरू मार्फत प्रवर्द्धन गर्ने,<br>• स्थानीय जात्रा, पर्व, उत्सव, महोत्सवहरूको वार्षिक क्यालेन्डर बनाई प्रचार प्रसार गर्ने,<br>• स्थानीय तहमा पाइने रैथाने खाद्य पदार्थ, पेय पदार्थ, हस्तकलाका सामग्रीको ब्रान्डिंग तथा बजारीकरण गर्न सहयोग गर्ने,<br>• आन्तरिक पर्यटनलाई प्रोत्साहन दिने र प्रवर्द्धन गर्ने । उत्तरदायी र वातावरणमैत्री पर्यटकका रूपमा घुमफिर गर्ने बानी बसाल्न चेतनामूलक कार्यक्रम गर्ने,<br>• स्थानीय ख्यातिप्राप्त व्यक्तित्वहरूको सञ्जाल बनाई पर्यटन प्रवर्द्धधन गर्ने,<br>• विदेशका स्थानीय तहहरूसँग भगिनी सम्बन्ध बढाई आफ्ना पर्यटकीय आकर्षणहरूको प्रवर्धन हुने तथा सफल उदाहरणहरू सिक्ने वातावरण आदान प्रदान गर्ने वातावरण बनाउने,<br>• गैर आवासीय नेपालीहरूलाई पर्यटन दूतको रूपमा प्रवर्धन गर्ने । |

## वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण

देशको हिमाली क्षेत्र, पहाडीक्षेत्र, चुरे भावर र समथर क्षेत्र आआफ्ना भौगोलिक विशेषताले गर्दा महत्त्वपूर्ण रहेका छन् । हिमालमा भएको हिउँ, पहाडमा भएको पानी वा तराईमा भएको कृषि भूमि वा यी सबै भूगोलमा रहेको वनक्षेत्र जलवायु परिवर्तनका कारण पर्ने प्रभावबाट अछुतो रहेका छैनन् । स्थानीय तहले आआफ्नो क्षेत्रमा आउन सक्ने चुनौतिहरूलाई आत्मासात गर्दै तिनको यथोचित सम्बोधन गर्न सक्षम हुनु पर्ने हुन्छ । हाम्रा स्थानीय-तहमा तिनमा भएको भू-वनोट, प्राकृतिक क्षेत्र, नदि, पानी र जलाधारको अवस्था, खेतियोग्य भूमि, सामाजिक तथा सांस्कृतिक पक्ष आदिले गर्दा प्रत्येक स्थानीय-तह विशेष महत्वका छन् । नेपालको धरातलीय विविधताले हामीलाई ठूलो अवसर दिएको छ ।

हिमाल, पहाड र तराईको बीचमा हामीलाई पर्यटन विकास, औद्योगिक विकास र कृषि विकास गर्न प्राकृतिले नै स्पष्ट आधार प्रदान गरेको छ । यी तीनवटा क्षेत्रमा अन्तर सम्बन्धीत रहेका धेरै कार्यहरू छन् । भौगोलिक विविधताले प्रदान गरेको यो अद्वितीय अवसरलाई प्रत्येक स्थानीय-तहले पहिचान गर्ने, स्थापित गर्ने र कार्वान्वयन गर्ने छन् । वातावरणमैत्री समावेशी जलवायू उत्थानशील दिगो विकासको मान्यतालाई केन्द्रविन्दुमा राख्दै प्राकृतिक स्रोत संरक्षणको क्षेत्रमा नेपाली कांग्रेसले आगामी पाँच वर्षमा तपशिल अनुसारका कार्य गर्ने सङ्कल्प गर्दछ ।

| | |
|---|---|
| १. जानकारी तथा सूचनाको संकलन | ● वन, वनस्पति, वन्यजन्तु, वन पैदावार, खानी, जलस्रोत, भूमि, जडिबुटी, ऊर्जाको संभावना पहिचान गरी सर्वेक्षण गर्ने र सूचीकृत गर्ने,<br>● स्थानीय ज्ञान, जैविक विविधता, सीप, वातावरणीय सेवा प्रवाहको संभावना आदिको पहिचान गरी सूचीकृत गर्ने,<br>● एक वा सोभन्दा बढी स्थानीय-तहको सहकार्यमा गर्न सकिने प्राकृतिक स्रोत संरक्षण वा पर्यापर्यटकीय संभावनाको सूचना संकलन गर्ने । |
| २. प्राकृतिक स्रोत संरक्षण र परिचालन | ● स्थानीय तहमा उपलब्ध स्रोतहरू र अन्तर स्थानीय-तह सहकार्यमा परिचालन हुने स्रोत हरूको पहिचान र सञ्चालन गरी प्रत्येक स्थानीय-तहलाई सक्षम र आत्मनिर्भर इकाइको रूपमा विकास गर्दै जाने,<br>● पर्याप्त मात्रामा वन जंगल भएका वन पैदावर तथा जडिवुटी पाइने स्थानमा जडिबुटी उत्पादन र प्रशोधनका कार्यलाई विशिष्टीकृत गरी सञ्चालन गर्ने,<br>● पर्यटन, वैकल्पिक ऊर्जा, जलस्रोत, खानी तथा खनिज पदार्थ आदि संभावना भएका स्थानीय तहमा पर्ने आधारभूत सेवाको विकास गर्दै निजी क्षेत्रलाई परिचालन गर्ने ।<br>● रैथाने बीऊ बिजनको संरक्षण, भू-उपयोग सुरक्षा, पानीको मुहान संरक्षण, स्थानीय प्रजातीको संरक्षणका कार्य गर्ने ।<br>● महिला, विपन्नवर्ग तथा आदिवासी समूहको संलग्नतामा दिगो तथा व्यबसायिक खेतीको प्रवर्धन गर्ने ।<br>● नदी तथा खानीजन्य स्रोतको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गर्ने । त्यसको लागि आवश्यक नीतिगत, कानूनी संरचनाको परिमार्जनका लागि सङ्घ र प्रदेशसँग समन्वय गर्ने । |
| ३. स्थानीय-तह विकासको दीर्घकालीन रणनीतिक योजना तयार गर्ने | ● स्थानीय-तहको स्रोतको अवस्था र यसको परिचालनका संभावना, सङ्घ तथा प्रदेश सरकार वा निजी क्षेत्र सँगको सहकार्यका आधारमा प्रोजेक्ट बैंकका रूपमा उपयोग गर्न सकिने गरी १० देखि २० वर्षको स्थानीय-तह विकासको दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयन गर्ने<br>● जलवायु परिवर्तनजन्य असरले ल्याउन सक्ने अवसर वा चुनौति दुवैलाई व्यवस्थापन गर्न आवश्यकता र उपलब्ध स्रोतका बीचको खाडल परिपुर्ति गर्न सङ्घ र प्रदेशको सहकार्यमा आर्थिक स्रोतको सुनिश्चता गर्ने । |
| ४. भू उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | ● उत्पादनशील कृषि भूमिको संरक्षण गरी भूमि व्यवस्थामा अन्तर सन्ततीय समन्यायको सिद्धान्त कार्यान्वयन गर्न स्थानीय-तहहरूले भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>● कृषिमा आधारित ग्रामीण अर्थ व्यवस्था भएको हाम्रो मुलुकमा भूमिको उचित उपयोग गरी प्रति इकाइ क्षेत्रफलबाट अत्यधिक लाभ लिने गरि भू-उपयोग नीति तर्जुमा गरिने<br>● नेपाली समाजको आर्थिक र सांस्कृतिक ढाँचा, उत्पानका आधार, सामाजिक, सांस्कृतिक व्यवहार भू-उपयोग गरी भू-सुरक्षा समेत गर्ने |

| | |
|---|---|
| ५. विपद् जोखिम विश्लेषण र सम्वोधनको रणनीति | • अनियन्त्रित पूर्वाधार विकास, जलवायु परिवर्तनका नकारात्मक प्रभाव, विषम वर्षा, खडेरी वा सुख्खाका कारणले हुने बाढी, पहिरो, मानव बस्ती ढुवान वा वन डँढेलो जस्ता विपत्तिहरूका वारेमा सूचना राख्ने, जनतालाई सुसूचित गर्ने कार्यहरू अत्यन्त प्राथमिकताका साथ गर्ने । स्थानीय स्रोतबाट निर्माण गरेका बाटो, कुलो, पुलपुलेसा, तालतलैया जस्ता पूर्वाधारहरू उचित सुरक्षा संरचनाको अभावमा जोखिमका केन्द्र बन्न गइरहेका हुनाले दिगो विकासका सिद्धान्त अनुरूप विपद जोखिमका संभावित विषयलाई ध्यानमा राखी निर्माण कार्य गर्ने सुनिश्चितता गर्ने र सम्भावित विपद जोखिमको आंकलन गरी त्यसलाई संवोधन गर्ने स्थानीय रणनीति निर्माण गर्ने |
| ६. दिगो विकासका सिध्दान्त अनुरूप विकास निर्माणका कार्य गर्ने | • बिकास निर्माणका कार्य गर्दा प्राकृतिक स्रोत संरक्षणको विषयलाई केन्द्रीय रूपमा राख्ने ।<br>• हिमाल, पहाड र चुरे जस्ता संबेदनशिल स्थानका लागि संरक्षण केन्द्रीत साना र मध्यम स्तरीय विकासका मोडल तयार गर्ने ।<br>• नदी, पहाड तथा भूगोलको प्राकृतिक बहाव वा स्वरूपलाई यथावत राख्ने गरी विकास निर्माणका योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने, |
| ७.स्थानीय तथा रैथाने प्रजातिको संरक्षण तथा अभिलेख राख्ने | • विशिष्टि भूगोगलका कारणले भिन्न भिन्न स्थानमा पाईने विभिन्न प्रकारका रैथाने प्रजातिका वनस्पति वा पशुपन्छीको संरक्षण तथा अभिलेख राख्ने<br>• वनस्पति वा पशुपन्छीको संरक्षण गर्ने कार्यमा सम्बन्धीत किसानहरूबीचमा चेतना अभिवृद्धि गर्ने र संरक्षणको दायरालाई विस्तार गर्दै लैजान कार्य गर्ने<br>• स्थानीय तया रैथाने प्रजातिमा आधारमा पर्यटकीय विस्तारका संभावनाको खोजी गर्ने । |
| ८. वनको संरक्षण र दिगो विकास | • १ हेक्टर भन्दा कम सार्वजनिक वन क्षेत्र रहेका ३०५ भन्दा धेरै स्थानीय तहमा सार्वजनिक, निजी वा शहरी वनको विकास गर्ने कार्यक्रम ब्यापक रूपमा सञ्चालन गर्ने ।<br>• वन जंगल संरक्षण र व्यवस्थापनको दायित्व र यसबाट प्राप्त हुन सक्ने संभावित लाभको बारेमा जानकारी राख्ने र कार्वन, गैर कार्वन तथा वातावरणी सेवा बापत प्राप्त हुने लाभांशमा सरिक हुन सक्ने गरी क्षमता अभिवृद्धिका कार्य गर्ने ।<br>• वन संरक्षण र वन विकासका लागि सरकार वाट निर्धारित विभिन्न वन व्यवस्थापन पद्धतिमा संलग्न रही यसवट पालिका स्तरमा अत्यधिक लाभ प्राप्त गर्ने अवसरको सिर्जना गर्ने । |
| ९. जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने | • प्राकृतिक प्रणाली र सामाजिक जीवनमा जलवायु पविर्तनको असर सँग सम्बन्धीत आवश्यक सूचना, क्षमता अभिवृद्धि, स्रोतको व्यवस्थापन, गर्दै स्थानीय-तह तहमा सम्पन्न गर्न सकिने कार्यहरूको सूची तयार गर्ने ।<br>• जलवायु अनुकलन र उत्सर्जन न्युनीकरण गर्ने कार्य स्थानीय-तहले एकल छुट्टछुट्टै वा क्लष्टर रूपमा रहेर गर्ने ।<br>• औद्योगिक उत्सर्जन, कृषि तथा अन्य क्षेत्रमा हुने उत्सर्जन, उर्जा क्षेत्रबाट हुने उत्सर्जन र यातायात क्षेत्रबाट हुने उत्सर्जनमा क्रमशः कटौती गर्ने गरी स्थानीय नीति तय गर्ने ।<br>• स्थानीय अनुकुलन योजना निर्माण गरी प्राकृतिक स्रोतजन्य वा सामाजिक क्षेत्रमा आवश्यक अनुकुलनका कार्य गर्ने ।<br>• घरायसी उपयोगको लागि स्वच्छ ऊर्जा वा वैकल्पिक उर्जाको प्रयोगमा बढोत्तरी गर्ने ।<br>• जलवायु पविर्तन बारेका असर सम्बोधन गर्न सक्षम जनशक्ति तयार गर्ने ।<br>• पानी मुहान, भू तथा जलाधार, वन जंगल संरक्षण र व्यवस्थापनको कार्य दिगो विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताका आधारमा गर्ने । |

| | |
|---|---|
| १०. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय महत्वका विषय | • प्रत्येक स्थानीय-तहमा निश्चित विशेषता भएका स्थान, वस्तु, मूर्त अमूर्त संस्कृतिका बारेमा पहिचान गरी त्यसलाई सूचीकरण गर्ने ।<br>• जैविक विविधता, सांस्कृतिक वस्तु संरक्षण गरी उचित प्रचार प्रसार र संरक्षणको माध्यमले पर्यटनको विकास गर्ने । |
| ११. द्वन्द्व व्यवस्थापन | • प्राकृतिक स्रोत जस्तै ढुंगा, गिट्टी, दहत्तर, बहत्तर, जलाधार तथा त्यहाँबाट प्राप्त हुने वस्तु तथा सेवाको स्थानीय उपयोग वा त्यसको व्यावसायिक प्रयोग आदिको सन्दर्भमा स्थानीय-तहहरू बीच वा स्थानीय तह र प्रदेश वा सङ्घ बीचमा आउन सक्ने द्वन्द्वलाई पहिचान गर्दै उचित निराकरणको बाटो पत्ता लगाउने ।<br>• स्रोतजन्य द्वन्द्व व्यवस्थापन गर्दा महिला, दलित, विपन्न तथा अल्संख्यक समुदायको हितलाई सर्वोपरी राख्ने व्यवस्था गर्ने ।<br>• मध्यवर्ति क्षेत्रमा वा वन क्षेत्रमा हुने मानव वन्य जन्तु वीचको द्वन्द्व तथा प्रकोप व्यवस्थापन गर्न विशेष व्यवस्था गर्ने, त्यसक्षेत्रका जनताको वाली नालीको क्षति संवोधन गर्न वाली नालीको वीमाको प्रभावकारी कार्यान्वयन गर्ने, घाइतेको उपचारको व्यवस्था गर्ने । |
| १२.नीति, कानून र संस्थागत विकास | • वन, वनस्पति, वन्यजन्तु, वन पैदावार, खानी, जलस्रोत, भूमि, जडिबुटी, वैकल्पिक ऊर्जा, स्थानीय ज्ञान, सीप, जैविक विविधता संरक्षण, वातावरणीय सेवा, उत्सर्जन न्यूनीकरणका वारेमा सवै स्थानीय तहमा 'प्राकृतिक स्रोत तथा वातावरण संरक्षण सम्बन्धी' आवश्यक नीति, कानून तथा कार्यविधीहरू निर्माण गर्ने ।<br>• सङ्घ, प्रदेश तथा विकास साझेदारहरूसँग यस्ता बिषयमा निरन्तर समन्वय गर्ने । |

# फोहरमैला व्यवस्थापन तथा सरसफाइ

हरेक सुन्दर स्थानीय तहमा नागरिकको स्वास्थ्य, उत्पादकत्व र आम्दानी वृद्धि गर्न सहभागितामूलक र प्रभावकारी फोहर मैला व्यवस्थापन अपरिहार्य छ । बढ्दो पर्यावरणीय सङ्कटलाई सामना गरी दिगो विकास गर्ने सन्दर्भमा पनि प्रभावकारी फोहरमैला व्यवस्थापन अब अनिवार्य शर्त हो । संवैधानिक व्यवस्था बमोजिम फोहर मैला व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा रहेको छ । फोहरमैला व्यवस्थापनमा हामी देहायबमोजिमको सङ्कल्प गर्दछौं ।

| | |
|---|---|
| फोहरमैला व्यवस्थापन र सरसफाइ | • फोहर उत्पादनकर्ताको दायित्व लागू गरी न्यूनतम फोहर उत्पादन हुने व्यवस्था गर्ने,<br>• कुहिने र नकुहिने फोहर वर्गीकरणबारे जनचेतना कार्यक्रम सञ्चालन गर्ने, घरघरबाट फोहर सङ्कलनमा निजी क्षेत्र तथा सरोकारवाला संस्थासँग सहकार्य गर्ने,<br>• 'फोहरबाट मोहर आर्जन' गर्न फोहरको उत्पादनको न्यूनीकरण, त्यसको वर्गीकरण, प्रशोधन र पुनर्प्रयोग गर्ने र फोहर मैला व्यवस्थापनबाट रोजगारी सिर्जना गर्ने, |

| | |
|---|---|
| | • विद्युतीय, औद्योगिक तथा औषधि एवं स्वास्थ्यजन्य फोहर लाई कडाइका साथ अलग व्यवस्थापन गर्ने,<br>• ल्याण्डफिल साइटहरूलाई क्रमशः सरसफाइ केन्द्रको रूपमा विकसित गर्ने,<br>• ल्याण्डफिल साइट बनाउनै पर्ने अवस्थामा दुई वा दुईभन्दा बढी स्थानीय तहले सहकार्य गर्ने,<br>• टोल-टोलमा फोहरमैला सङ्कलन र व्यवस्थापनको अनुगमन तथा निरीक्षण गर्ने,<br>• फोहरमैलाको उचित व्यवस्थापन नगर्ने उत्सर्जनकर्तालाई जरिवानाको व्यवस्था गर्ने, |
| | • 'फोहरबाट मोहोर' कमाउन कुहिने फोहरबाट जैविक मल र ऊर्जा उत्पादन एवं नकुहिने फोहरलाई उचित ढङ्गले पुनर्प्रयोग गर्ने,<br>• स्थानीय तहहरू बीच फोहरमैला कारोबार योजनाको कार्यान्वयन गर्ने,<br>• फोहरमैला संकलन र व्यवस्थापनमा खटिने श्रमिकको सुरक्षा र निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गर्ने,<br>• फोहर तथा ढल निकासलाई निजी क्षेत्र, अन्य सरोकारवाला एवं स्थानीय घरधनीहरूसँगको समन्वयमा व्यवस्थित गर्ने,<br>• प्लाष्टिकको प्रयोग प्रतिस्थापन गर्दै नेपाली कच्चा पदार्थ प्रयोग हुने वातावरणमैत्री सामानहरूको उत्पादन र प्रवर्द्धन गर्ने,<br>• समुदायसँगको सहकार्यमा स्थानीय सार्वजनिक क्षेत्र, सडक, धार्मिक स्थल, पूरातात्विक तथा पर्यटकीय स्थल, पानीको मुहान, नदीनाला एवं ताल तलाउको नियमित सरसफाइ गर्ने,<br>• पानीको मुहान, नदीनाला एवं ताल तलाउमा नियमित सरसफाई गर्ने, |

## विपद् व्यवस्थापन

नेपालको भौगोलिक अवस्थिति र भूवनोट लगायतका कारणले विपद्को उच्च जोखिम रहेको छ । भूकम्प, पहिरो, बाढी, आगलागी, चट्याङ्, हिमपहिरो, हावाहुरी, शीतलहर, सुख्खा, सवारी दुर्घटना र विभिन्न प्रकारका महामारी लगायतका ५०० भन्दा बढी विपदका घटनाहरू घट्ने र यिनको भौतिक संरचना र मानवीय असर एवं क्षतिलाई व्यवस्थापन गर्ने ठूलो चुनौती छ ।

स्थानीय तहको प्रत्यक्ष भूमिका रहने हुँदा विपदबाट हुने क्षति कम गर्न र उत्थानशीलता वृद्धि गर्न विपद जोखिमको पहिचान र मापन कार्यलाई संस्थागत रूपमा सुदृढीकरण गर्दै स्थानीय तहले निम्न चार चरणमा काम गर्ने सङ्कल्प गर्दछ ।

| | |
|---|---|
| विपद कम गर्न पूर्व तयारी | • विगतका घटनाबाट मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङ्क र अन्य प्रभाव सम्बन्धी सूचनाको एकिकरण गर्ने,<br>• घटना अगावै विपद्को प्रकृति अनुसार जोखिम न्यूनीकरण, संस्थागत व्यवस्था, भौतिक संरचना र मेशिन औजारको व्यवस्था, सीप विकास, जनचेतना अभिवृद्धि जस्ता कार्यहरू गर्ने,<br>• उपलब्ध तथ्य र मूल्याङ्कनको आधारमा प्राकृतिक तथा मानवसृजित विपदको एकीकृत व्यवस्थापनको वातावरण निर्माण गर्ने, |
| | • राष्ट्रिय भवन संहिता तथा मापदण्ड, सडक मापदण्ड, सुरक्षित बस्ती विकास र बस्ती एकीकरण सम्बन्धी नीति, योजना, कार्यक्रमलाई परिमार्जित गरी कार्यान्वयन गर्ने,<br>• विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा संलग्न सबै सरकारी निकाय र सरोकारवालालाई सहभागी गराउने,<br>• विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन गर्ने । |
| विपद न्यूनीकरण | • विपद जोखिमको विश्लषेण तथा मूल्याङ्कन, रोकथाम, हुनसक्ने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा हुने विपद जोखिमलाई कम गर्ने नीति, रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,<br>• प्रकृति अनुरूप हरेक प्रकोपको जोखिमको आकलन तथा नक्शाङ्कन गर्ने,<br>• जलवायु परिवर्तनको नकारात्मक असरलाई कम गर्न विज्ञहरूसँग छलफल गरी उचित योजना बनाएर काम गर्ने,<br>• स्थानीय पूर्वाधार बनाउँदा वातावरण र विपद् न्यूनिकरण गर्ने गरी आवश्यक स्थानीय वातावरणीय कानून तथा मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने,<br>• गाउँपालिकामा पनि भूकम्प प्रतिरोधी आवासका लागि नगरपालिकामा जस्तै भवन मापदण्डको पालना अनिवार्य गराउने,<br>• भौतिक पूर्वाधार विकासका आयोजना तथा योजनाहरूको विविध पक्ष, अग्रपृष्ठ सम्वन्ध तथा तल्लो र माथिल्लो भूगोलमा पर्ने असरलाई विश्लेषण गरी तहगत सरकारलाई राय सुझाव दिने कार्यलाई संस्थागत गर्ने; छिमेकी स्थानीय तहहरूसँग समन्वय गर्ने,<br>• मौसमी प्रकोपबाट हुने क्षति कम गर्ने उपायबारे जनचेतना र पूर्व जानकारी मोबाइल एप, विद्युतीय सूचना र अन्य माध्यमबाट प्रवाह गर्ने । |
| विपदको समयमा राहत, उद्दार | • पूर्व तयारीका सम्पूर्ण गतिविधि, मानव संसाधन व्यवस्था, तालिम तथा क्षमता विकास, उद्धार केन्द्रहरूको स्थापना र औजार, साधन, स्रोतको व्यवस्था, स्वयंसेवक लगायत द्रुत उद्धार टोलीको व्यवस्था, सरोकारवालाको समन्वय र सहजीकरण लगायतका कार्यसम्पादन गर्न तयारी हालतमा रहने व्यवस्थाको लागि प्रत्येक स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने,<br>• विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत वितरण जस्ता कामलाई व्यवस्थित बनाउन जिम्मेवारीको बाँडफाँड र समन्वयलाई प्रभावकारी बनाउने,<br>• आपतकालिन उद्धार कार्यमा खुला क्षेत्र व्यवस्थापन, पानीको व्यवस्था, युवाहरूलाई स्वयंसेवक तालिम तथा परिचालन, आपत्कालीन सामग्रीको व्यवस्थापन गर्ने, |

| | |
|---|---|
| विपदपछि पुनर्निर्माण | • जोखिमयुक्त क्षेत्रको सामूहिक लेखाजोखाको आधारमा जोखिमयुक्त वस्तीको संरक्षणको योजना तथा स्थानान्तरण गर्ने,<br>• सार्वजनिक पोखरीहरूको संरक्षण गरी प्राकृतिक रिचार्ज माध्यमको रूपमा विकास गर्ने,<br>• विपद्‌बाट क्षति भएका पूर्वाधारहरूको पुनर्निर्माण तथा मर्मत संभार, सबलीकरण र पूनरोत्थानका क्रियाकलापहरूमा परम्परागत प्रविधिको आधुनिकीकरण र अत्याधुनिक प्रविधिको उपयोग गर्ने,<br>• विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी पूर्वाधार र संरचनाको बीमा, निजी लगानी प्रवर्द्धन र अन्तर-पालिका तथा अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी एवं सरोकारवालाहरूको सञ्जाल बनाउने,<br>• आर्थिक र सामाजिक पुनर्निर्माणका योजना बनाई प्रभावित व्यक्ति वा समुहलाई पुनः स्थापना गर्ने । |

# सामाजिक न्याय र समावेशीता

हाम्रो संविधानले महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपमा पछाडि परेका महिला, दलित, अपाङ्गता भएका, अल्पसंख्यक, मुस्लिम, पिछडिएको क्षेत्र लगायतका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता, सामाजिक सुरक्षामा विशेष अवसर, समान पहुँचको लागि विशेष व्यवस्थाको परिकल्पना गरेको छ। राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा अधिकार, कार्यान्वयन, संरक्षण र प्रवर्द्धनका लागि राज्यले प्राथमिकता दिने व्यवस्था गरेको छ ।

संविधानमा उल्लेखित यी हक र नीति कार्यान्वयन र समग्र उत्थानका लागि तिनै तहका सरकारले अग्रसरता लिनु अपरिहार्य छ । सबैको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न र उनीहरूको उत्थानका लागि विशेष व्यवस्था गर्ने सन्दर्भमा स्थानीय सरकार जनताको नजिकको सरकार भएकोले स्थानीय सरकारले लिने नीतिको महत्वपूर्ण भूमिका रहन्छ । अतः सामाजिक न्याय र समावेशिकरणका सम्बन्धमा नेपाली कांग्रेसका स्थानीय सरकारले देहायको सङ्कल्प गर्दछन् ।

## दलित समुदाय

- न्यून आय भएका दलित समुदायका विद्यार्थीहरूलाई छात्रवृतिको व्यवस्था गर्ने,
- न्यून आय भएका दलित समुदायका व्यक्तिहरूलाई उपचारको लागि विशेष सहुलियतको व्यवस्था गर्ने,
- जातीय रूपमा पिछडिएको दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक सुधारकालागि 'दलितसँग सरकार' कार्यक्रम सञ्चालन गर्ने,
- स्वास्थ्य वीमा कार्यक्रममा तिर्नु पर्ने न्युनतम रकम अति विपन्न दलित समुदायका परिवारका लागि निःशुल्क गर्ने,
- हरेक स्थानीय तहमा करारमा कर्मचारी नियुक्ति गर्दा योग्यता पुगेका दलित समुदायका योग्य उमेदवारलाई प्रथामिकताका आधारमा नियुक्ति गर्ने व्यवस्था गर्ने,
- खदलित समुदायका परम्परागत सीपको संरक्षण, प्रवर्द्धन र रोजगारी सृजना गर्ने, परम्परागत सीपको तालिम सञ्चालन गर्ने र व्यवसायका लागि सहुलियत ऋण तथा अनुदानको व्यवस्था गर्ने,
- जातीय छुवाछुत र विभेदलाई सामाजिक अपराधको रूपमा लिंदै शुन्य सहनशीलताको नीति अबलम्बन गर्ने, कानूनको कार्यान्वयन र आवश्यक परिमार्जनका लागि पहल गर्ने,

## महिला

- महिला हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने सक्षम हुने गरी ठोस योजना बनाइ कार्यान्वयन गर्ने,
- एसिड आक्रमण जस्ता जघन्य अपराधबाट महिला र किशोरीको सुरक्षा, उपचार, पुर्नस्थापनाको व्यवस्था गर्ने,
- वोक्सीप्रथा, छाउपडी, दाइजो तथा तिलक लगायत सामाजिक विकृति र विभेद विरूद्ध संगठित अभियान सञ्चालन गर्ने,
- 'समान कामको समान ज्याला' लाई सुनिश्चित गर्ने,
- उत्पादनशील क्षेत्रमा महिला सहभागिता तथा महिला उद्यमशीलता अभिवृद्धि गरी स्वरोजगार सुनिश्चित गर्ने,
- राज्यका सबै स्थानीय तह र अङ्गमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

## अपाङ्गता भएका व्यक्ति

- संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय तहका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्था सहित प्रतिनिधित्व र पहुँच सुनिश्चित गरिनेछ ।
- स्थानीय तहका सार्वजनिक पूर्वाधारहरू पहुँचयुक्त (युनिभर्सल डिजाइन) को मापदण्ड अनुरूप निर्माण गरी सोको प्रभावकारी अनुगमन गरिनेछ । स्थानीय तहका सुचना प्रणाली अपाङ्गतामैत्री बनाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई उद्यमी बनाउन सिपमा आधारित कम्प्युटर, उद्यमसिलता तथा वित्तीय सांक्षरता लगायतका तालिमहरू निःशुल्क रूपमा प्रदान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री तथा उपकरणहरू स्थानीय तहमै निःशुल्क उपलब्ध गराइनेछ । अपाङ्गता भएकै कारण प्रयोग गर्नुपर्ने सामग्री तथा उपकरणमा भन्सार तथा कर छुटको लागि पहल गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाको शिक्षाको पहुँच सुनिश्चित गरिनेछ । स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरूमा समावेशी शिक्षा नीति अनुरूप छात्रवृत्ति सहितको निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।

- पहुँचयुक्त प्रविधि, ब्रेल लिपि तथा दोभाषे र साङ्केतिक भाषाको विकासमा विशेष जोड दिइनेछ।
- अपांगता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति र निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ र निरन्तर सहयोगीको आवश्यकता पर्ने अपाङ्गता भएका व्यक्तिलाइ थप व्यक्तिगत सहयोगी उपलब्ध गराइनेछ।
- अभिभावक वा संरक्षक नभएको अवस्थामा त्यस्ता अपाङ्ग व्यक्तिको उचित संरक्षणको व्यवस्था मिलाइनेछ ।
- अति अशक्त र अपाङ्गता भएका व्यक्तिको निशुल्क स्वास्थ्य विमा गरिनेछ ।
- स्थानीय तहमै मनोसामाजिक परामर्श सेवाको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका महिलाहरूको प्रजनन् स्वास्थ्य अधिकारका लागि अस्पतालहरूमा पहुँचयुक्त वातावरण, निशुल्क परीक्षण, औषधि लगायतको व्यवस्था गरिनेछ, गर्भवती महिलालाई घरमै सेवा उपलब्ध गराइनेछ।
- अपाङ्गताको स्वभाव र प्रकृति अनुरूप उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहुलियतको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्यमी व्यवसायीलाई विशेष सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण तथा पुर्नस्थापनाका लागि समुदायमा आधारित कार्यक्रमलाइ प्रभावकारी बनाइनेछ ।

## बालबालिका

| | |
|---|---|
| बालबालिका संरक्षण तथा सुरक्षा | • जन्मदर्तालाई सरल, सहज र पहुँचयुक्त बनाउने,<br>• बालबालिका संरक्षण कोषको स्थापना तथा परिचालन गर्ने,<br>• बाल हिंसा, दुर्व्यवहार र शोषण विरूद्धका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• बालश्रम तथा सडक बालबालिकालाई शून्य बनाउने,<br>• बालविवाह निरूत्साहन र निराकरण गर्न कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• बाबुआमाविहीन (एकल वा दोहोरो अनाथ) बालबालिकाको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था गर्ने,<br>• बालबालिकाको अवैध ओसारपसारको निगरानीका आवश्यक कार्यहरू गर्ने र जोखिममा परी उद्दार र संरक्षण गर्ने, |
| बालबालिकाको विकास तथा शिक्षा | • बालमैत्री उद्यानहरूको स्थापना तथा व्यवस्थित गर्ने,<br>• बालमैत्री शिक्षा तथा सिकाई प्रणालीलाई प्रबर्द्धन गर्ने,<br>• विपन्न परिवारका बालबालिकाको शैक्षिक सुनिश्चितताको लागि सहयोग गर्ने,<br>• अपाङ्गता भएका बालबालिकाको स्थिति विश्लेषण गरी विशेष कक्षा वा सिकाइ केन्द्रहरू स्थापना गर्ने,<br>• स्थानीय तहका हरेक शैक्षिक संस्थाहरूद्वारा अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त निःशुल्क शिक्षाको व्यवस्था गर्ने । |

| | |
|---|---|
| **बालबालिकाको सहभागिता** | • **योजना तर्जुमादेखि कार्यान्वयन तहसम्मका बालबालिकाको हितमुखी बनाउने सुनिश्चितता गर्ने,**<br>• **समुदाय केन्द्रित बालक्लब स्थापना तथा प्रबर्द्धनका लागि बालबालिकालाई उत्प्रेरित गर्ने,**<br>• **बाल चेतनामूलक कार्यभन्दा बाहेकका न्याली–जुलुस तथा अन्य किसिमका भीडभाडजन्य गतिविधिमा बालबालिकाको संलग्नतालाई शून्य बनाउने ।** |
| **संस्थागत विकास** | • **हरेक स्थानीय तहमा बालप्रतिभा प्रोत्साहन पुरस्कार  स्थापना गर्ने,**<br>• **बालमैत्री स्थानीय शासनका सूचकहरूलाई पूरा गर्नका लागि आवश्यक पर्ने कार्यहरू गर्ने,**<br>• **बालअधिकार समितिलाई पूर्णरूपमा क्रियाशील बनाई बालकल्याण अधिकारीको नियुक्ति गर्ने,**<br>• **संस्थागत हेरचाहमा जानुपर्ने अवस्थाका बालबालिकाको सिफारिस प्रणालीलाई बालकल्याण अधिकारीमार्फत् गरी एकद्वार प्रणाली अपनाउने,** |

# भाषा, कला, संस्कृति र खेलकुद

हाम्रो देश भाषा, संस्कार र संस्कृति, भेषभुषा, ललितकला र ऐतिहासिक पूरातात्विक हिसाबले विविधता भएको मुलुक हो । स्थानीय तहमा विद्यमान विविधता, त्यसको संरक्षण, सम्बर्द्धन, पारस्पारिक सदभाव र सहिष्णुतामा नै नेपालीको एकता, पहिचान र परिचयको आधार छ । नेपालमा बोलिने सबै भाषा, जातिगत भेषभुषा, संस्कृति, संस्कार, ललितकला, पूरातात्विक तथा ऐतिहासिक महत्वका धरोहर र स्मारकहरूको संरक्षण, सम्वर्द्धनबाट पारस्पारिक सद्भाव, सहिष्णुता र एकता कायम हुनसक्छ भन्नेमा नेपाली कांग्रेस प्रतिबद्ध छ । यस्ता धरोहरहरूको अध्ययन, अनुसन्धान, संरक्षण, परिमार्जन, अभिलेखीकरण, र पुनरोत्थान सम्बन्धी, नीति, कानून, मापदण्ड बनाई लागू गर्न तहगत सरकारलाई मार्गदर्शन गर्नेछ । नेपाली कांग्रेसका जनप्रतिनिधिहरूले स्थानीय तहमा देहायका कार्यहरू गर्नेछनः

| | |
|---|---|
| भाषा | • सम्वन्धित स्थानीय तहको भाषा साहित्य र कलाको संरक्षण गर्ने,<br>• नेपालमा बोलिने सबै भाषा, भाष्य, लिपी र अभिलेखबारे अध्ययन अनुसन्धान र अभिलेखीकरण गरिने । |
| कला संस्कृति | • पूरानो पाटी पौवा, मठमान्दिर, चैत्य गुम्बहरूलाई मौलिकतामा आधारित स्थानीय सामाग्रीबाट निर्माण,<br>• धार्मिक धरोहरको अभिलेखिकरण गरि संरक्षण सम्वर्धन गर्ने,<br>• कला र संस्कृतिको मौलिकताको जगेर्ना गर्दै विश्व सामु उजागर गर्ने<br>• गीत. संगीत सम्वन्धी तालिम सञ्चालन<br>• चाड, पर्व, उत्सव, मेला, संगित, नाँच आदिको जगेर्ना गर्न स्थानीय युवालाई तालिम दिदै जागरणका कार्यक्रम गर्ने, |

| | |
|---|---|
| | • सबै जातजातिका परंपरागत जात्रा, पर्वको संरक्षण, सञ्चालन र व्यवस्थापन,<br>• विभिन्न समुदायमा प्रचलित हिंसा, कुरिती, विभेदकारी प्रथालाई बन्देज लगाउने,<br>• संस्कृति, भाषा, साहित्य, चालचलन, गीत, संगित, रहनसहन, वाङ्मय, स्थानीय दर्शनको सूचीकरण, अध्ययन तथा अनुसन्धान गरी संरक्षण, प्रवर्द्धन गरिने,<br>• स्थानीय कला संस्कृतिको जगेर्ना गर्न चाडपर्व, उत्सव, मेला, संगितको जगेर्ना । |
| खेलकुद | • पार्क, व्यायामशाला, रंगशाला निर्माण कार्यलाई मुर्तरूप दिने,<br>• एक स्थानीय तह एक खेलकुद मैदान,<br>• क्रिकेट, फुटबल, भलिबल लगायतका खेलकुदलाई उचित प्रोत्साहान दिने<br>• खेलकुदमा लगानी भनेको स्वास्थ्यमा लगानी घटाउनु हो भन्न बुझेर लगानी गर्ने,<br>• विद्यालयको पाठ्यक्रममा खेलकुद समावेश गराउने,<br>• क्रिकेट, भलिवल, फुटवल, व्याटमिन्टन लगायतका खेलको तालिम सञ्चालन,<br>• शारीरिक, मानसिक विकासका लागी खेलकद क्लबको स्थापना, |

## जलवायु परिवर्तन र हरित अर्थतन्त्रः

जलवायु परिवर्तनले निम्त्याएको संकट अव वास्तविकता बनिसकेको अवस्थामा यसको प्रभाव न्यूनीकरण र अनुकूलनको लागि योजनाबद्ध कार्यक्रम जरूरी छ। हाम्रो सोचमै पनि यसलाई प्रवेश गराउनु पर्छ । जलवायु परिवर्तनको प्रभावसँग जुध्न सक्ने प्रतिरोधी नगर गाँउको निर्माणको लागि स्थानीय सरकारले यसमा अविलम्ब काम गर्नु पर्नेछ । पेट्रोलियम पदार्थ प्रयोग कम गर्न प्रोत्साहन गर्ने जस्ता नीति स्थानीय तहले अवलम्बन गर्दा जलवायु परिवर्तनको प्रभाव कम हुने मात्र छैन हरित अर्थतन्त्र निर्माणमा योगदान पुग्न जाँदा यो एउटा अवसर नै बन्न सक्छ। अतः हाम्रो स्थानीय तहले जलवायु परिवर्तनको सामना र प्रकोप नियन्त्रण गर्न एबं हरित अर्थतन्त्र निर्माण कार्यलाई देहायबमोजिम गर्ने संकल्प गर्दछ ।

| | |
|---|---|
| **जलवायु परिवर्तनः** | • **जलवायु परिवर्तनको सामना र प्रकोपको जोखिम नियन्त्रण गर्न आवश्यक संरचनाको निर्माणका लागि युवाहरूलाई प्रयोगात्मक र प्राविधिक सिपमूलक तालिम दिई रोजगारीको सृजना गर्ने,**<br>• **पानीको स्रोतको संरक्षणका लागि प्रत्येक स्थानीय तहमा वृक्षारोपण, पोखरी, हिटीजस्ता रैथाने प्रविधिलाई प्रवर्द्धधन गर्ने,**<br>• **अनिवार्य वातावरणीय मापदण्ड अनुरूप पानी तथा जोखिमको व्यवस्थापन योजना बनाएर मात्रै सडक निर्माण गर्ने,** |

| | |
|---|---|
| हरित अर्थतन्त्रः | • हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने,<br>• पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनिकरण गर्दै नविकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने,<br>• स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलो, सहरी क्षेत्रमा विद्युतीय सार्वजनिक यातायातको प्रयोग बढाउने, चार्जिङ्ग स्टेशनका लागि सहुलियत दिने,<br>• महिलाहरूको ज्ञान र सीपलाई औपचारिक अर्थतन्त्रसँग जोडदै महिला केन्द्रित नयाँ हरित रोजगारी सिर्जना गर्ने,<br>• रैथाने ज्ञान, कला, संस्कृति, प्रविधि, बीउ, रूखविरूवा र गाईबस्तुका प्रजातिलाई संरक्षण र प्रवर्द्धधन गर्ने,<br>• स्थानीय पूर्वाधार र संरचनाहरूको निर्माण गर्न मौलिक डिजाइन र स्थानीय सामाग्रीको प्रयोग गर्न प्रोत्साहन गर्ने,<br>• 'जडिबुटीयुक्त घर, स्वस्थ गाउँ सहर' अभियान संचालन गर्ने । |

# भू–उपयोग योजना र भूमि माथि नागरिक अधिकार

नागरिकको आधारभूत अधिकारका अतिरिक्त कृषि तथा गैह्र कृषि उत्पादन, वातावरण संरक्षण र दिगो विकासको केन्द्र विन्दु पनि भूमि हो । भूमिको वहुआयामिक उपयोग लाइ बैज्ञानिक र दिगो बनाउनु आजको आवश्यरकता हो। नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक हकको सुरक्षा, सुरक्षित बसोवास र वातावरण शंरक्षणका लागि भू–उपयोग योजनाको तयारी र उपयोग स्थानीय तहको दायित्व हो। हाम्रा स्थानीय सरकार मार्फत् माथि उल्लेखित दायित्व पुरा गर्न नेपाली कांग्रेस निम्न बमोजिमको संकल्प गर्दछ ।

| | |
|---|---|
| भूउपयोगयोजना र कार्यान्वयन | • भूउपयोग सूचना केन्द्र स्थापना गरी भू–उपयोग सुचना संकलन गर्ने,<br>• भूमिको वर्गिकरण र भू–उपयोग योजना तर्जुमा तथा कार्यान्वयनको व्यवस्था गर्ने,<br>• उपयोग विहिन खेती योग्य बाँझो जमीन, नदी उकास, बगर, हैसियत विग्रिएका बनमा व्यावसयिक कृषि तथा कृषि–वन कार्यक्रम,<br>• खेतीयोग्य जमीनमा खण्डीकरण, गैर कृषि प्रयोग एवम् बाँझो राख्नेलाई प्रगतीशील कर तथा गैरकरका व्यवस्था,<br>• भुमि बैंक मार्फत साना किसानलाई उत्प्रेरित गर्ने, |
| भूमि अधिकार | • भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र पूर्जा वितरण समेतको कार्य स्थानीय तहबाट हुने गरी आवश्यक प्रबन्ध, यसको लागि सङ्घ प्रदेशसँग सहकार्य गर्ने,<br>• भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जमिन उपलब्ध गराएपश्चात अति गरिव परिवारको लागि आवास र जिविकोपार्जनका कार्यक्रम सञ्चालन, |

| | |
|---|---|
| | • **भूमि प्रशासनको स्थानीयकरण गरी प्रत्येक स्थानीय तहबाट जग्गासम्बन्धी सेवा उपलब्ध गराउने व्यवस्था,**<br>• **भूउपयोग ऐन अनुरूप स्थानीय भूउपयोग परिषद् गठन गर्ने,**<br>• **जोखिम क्षेत्रमा बसोवास गरेका नागरिकका परिवारलाई सुरक्षित स्थानमा पुनस्थापना,**<br>• **अति गरिव, एकल र सिमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जिविकोपार्जनको कार्यक्रम सञ्चाल गर्ने,**<br>• **हरवा, चरवाको लगत लिई पुनस्थापनाको कार्यक्रम सञ्चालन,**<br>• **मुक्त कमैया, कमलरी, हलियाहरूको सम्बोधन हुन बाँकी विषयहरू सम्बोधन गर्न पहल गर्ने,** |

आगामी पाँच वर्ष हाम्रा स्थानीय सरकारले गाउँमा जनतालाई बस्न योग्य बनाउनका लागि विशेष प्राथमिकता दिने छन। हाम्रो स्थानीय नेतृत्वले कर्मशील नागरिकहरूका लागि कसरी गाउँ उत्पादनमुखी बन्न सक्दछन्, कसरी उनीहरूलाई उनीहरूकै घरनजिक रोजगारी दिन सकिन्छ भनेर आफ्नो स्थानको विशेषता अनुसार आयमूलक पेशा वा रोजगारीलाई उच्च प्राथमिकता दिने छन् । शहर बन्न न्यूनतम मापदण्ड समेत पूरा नगरेर अव्यवस्थित कंक्रिटको जंगल हुनबाट शहरलाई कसरी जोगाउन सकिन्छ भनेर स्थानीय सरकारले ध्यान दिनेछन । बिजुली, पानी, सडक, फोहोर व्यवस्थापन, स्कुल, अस्पताल, इन्टरनेट, पार्क र खेल मैदानहरू अब हाम्रा सरकारका प्राथमिकतामा हुनेछन। नेपाली कांग्रेस प्रष्ट कार्ययोजनासहित शहरलाई बस्न योग्य 'लिभेवल' बनाउन कटिबद्ध रहनेछ ।

**हामी चाहान्छौं,**
**हरेक नेपालीको थालमा खाना होस् !**
**रहर लाग्दो शहर, वसौं वसौं लाग्ने गाउँ होस् ।**
**हरेक नेपालीलाई गाह्रो परेका बेला तत्काल सहयोग गर्न स्थानीय तहका पदाधिकारी सजिलै उपलब्ध हुन् !**
**हरेक जनता स्वस्थ जीवनशैलीबारे सजग रहुन् !**
**परि आएका बेला स्तरीय तथा निःशुल्क स्वास्थ्य सेवा सहज उपलब्ध होस् !**
**हरेक नेपाली दम्पति आफ्ना संतानको गुणस्तरीय शिक्षाको चिन्ता राज्यले लिइदिएकामा यस संतापबाट मुक्त रहुन् !**
**सवैको सम्पन्नता सहितको सम्मानित जीवन होस् ।**

नेपाली कांग्रेसले तीनै तहमा आफ्नो सरकार बनाएर अबको पाँच वर्षमा हरेक नेपालीलाई सम्मानित तवरले जीवन निर्वाह गर्न सक्ने स्थितिमा पुऱ्याउन प्रतिबद्ध छ। यसका लागि बलियो र पहिलो आधार हाम्रो गाउँ र नगरको समुन्नति हो। समुन्नतिका लागि नेपाली कांग्रेसले आफ्ना क्षेत्रगत प्राथमिकता र सङ्कल्प तय गरेको छ । यी सिद्धान्त, नीति, कार्यक्रम र प्रतिवद्धताहरू केवल चुनावी नारा नभएर नेपाली कांग्रेसको दृढ सङ्कल्प भएको विश्वास सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीलाई दिलाउन चाहान्छौं ।

## हाम्रो प्रतिज्ञा

### हामी के गर्छौं

- संविधानप्रदत्त सम्पूर्ण अधिकार कार्यान्वयनका लागि बन्न बाँकी रहेका कानून सङ्घ र प्रदेशले एक वर्ष भित्र निर्माण र परिमार्जन गर्ने,
- एक वर्ष भित्र सङ्घीय प्रणालीलाई कार्यमूलक र प्रभावकारी बनाउन आवश्यक संस्थागत संरचना बनाई क्षमता अभिवृद्धि गर्ने,
- एक वर्ष भित्र स्थानीय सरकारलाई थप स्रोत–साधन सम्पन्न बनाउन कर्मचारी व्यवस्थापन गरी आवश्यक जनशक्ति पदपूर्ति गर्ने व्यवस्था गर्ने तथा क्षमता अभिवृद्धिका लागि आवश्यक संरचना बनाउने,
- स्थानीय सरकारको माग, क्षमता र आवश्यकताका आधारमा बजेट बिनियोजन, समानिकरण अनुदान वृद्धि, पूर्वाधार लगायत विकास आयोजनाका लागि सहुलियत ऋण, अनुदान, प्राविधिक सहयोग उपलब्ध गराउने,
- विभिन्न तहका वीचमा रहेको कार्यगत अष्पष्टता तथा नीतिगत अन्योलतालाई स्पष्ट पार्ने,
- जिल्ला समन्वय समिति लगायत जिल्लाका संरचनाहरूको क्षेत्राधिकार र भूमिकाको स्पष्ट व्याख्या गर्ने,
- स्रोतसाधनको परिचालन, नीति, योजना र कानून तर्जुमा गर्दा तीन तहबीच दोहोरोपन हटाउन समन्वय,
- संविधानको भावना र मर्म अनुसार स्थानीय सरकारलाई स्वायत्त रूपमा सञ्चालन गर्न सङ्घीय र प्रदेश सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्ने,
- सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनका सम्पूर्ण सिद्धान्त अनुशरण गरी भ्रष्टाचारमुक्त र मितव्ययी शासन प्रणाली अबलम्वन र संस्थागत गर्ने,
- स्थानीय सरकारको कार्य सम्पादनको समीक्षा गर्ने उद्देश्यले पार्टीले हरेक बर्ष अनुभव साटासाट गर्ने
- स्थानीय सरकारको अनुगमन र मूल्याङ्कन संयन्त्र बनाई प्रभावकारी अनुगमन गर्न हरेक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र स्थानीय तहको 'पार्टी अडिट', गर्ने
- स्थानीय सरकार र नेतृत्वको मूल्यांकन गर्दा राष्ट्रिय र स्थानीय तहले निर्धारण गरेको लक्ष्यका साथै घोषणापत्रमा उल्लेखित सूचकाङ्कको आधारमा मूल्याङ्कन गर्ने ।

### हामी के गर्दैनौं

पार्टीको नीति र सिद्धान्त, सुशासनका मापदण्ड र जनताप्रतिको उत्तरदायित्वलाई पूर्णरूपमा आत्मसात गर्दै हाम्रा स्थानीय सरकारको नेतृत्व गर्ने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूले देहाय बमोजिमका कार्य गर्ने छैनौं भनेर सङ्कल्प गर्नेछन् :

- जनताको करबाट उठेको राजस्वलाई भ्युटावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दैनौं,
- सरकारी सम्पत्तिको दुरूपयोग तथा प्राकृतिक स्रोत–साधनको दोहन गर्दैनौ,गर्न दिने छैनौं,
- कानूनको सीमा भन्दा बाहिर गएर तथा आर्थिक प्रलोभन वा व्यक्तिगत प्रभावमा परेर कुनै पनि निर्णय वा काम गर्दैनौं,
- नातेदार वा परिवारका सदस्यलाई सल्लाहकार, विज्ञ, कर्मचारी वा सहयोगी नियुक्त गर्ने छैनौं,
- निर्दिष्ट योजना र विनियोजित स्रोत सीमा वाहिर गइ अपारदर्शी वा अनुत्तर दायी रूपमा हचुवाका भरमा कुनै पनि निर्णय वा काम गर्दैनौं, गर्न दिने छैनौं,
- कानून, आर्थिक तथा वित्तीय उत्तर दायित्व र अनुशासनको उल्लंघन गर्दैनौ,
- महिला माथी हुने हिंसा, जातीय भेदभाव, लैंगिक विभेद, सामाजिक विकृति र विसंगतिलाई प्रोत्साहन हुने कुरामा प्रत्यक्ष तथा परोक्ष रूपमा समेत कुनै पनि अवस्थामा संलग्न हुने छैनौं,

# हाम्रो अपिल

**आदरणीय दिदीबहिनी-दाजुभाइहरू,**

आसन्न स्थानीय तहको निर्वाचनका लागि समुन्नत नेपालको स्पष्ट दृष्टिकोण र ठोस मार्गचित्र सहित हामी स्नेह, आशीर्वाद र अमूल्य मतको विनम्र अपेक्षा लिएर तपाईंहरूको घरदैलोमा उभिएका छौं । सम्पूर्ण नेपाली जनताको अथक सङ्घर्ष र बलिदानस्वरूप संविधानसभाबाटै संविधान लेखिनु पर्छ भन्ने सङ्कल्प नेपाली कांग्रेसको नेतृत्वमा साकार भए पश्चात हामीलाई आवधिक निर्वाचनको यो दोस्रो अवसर प्राप्त हुँदैछ । लोकतन्त्रको आधाभूत स्तम्भ आवधिक निर्वाचनमा जति धेरै नागरिकले भाग लिन्छन्, लोकतन्त्र उति नै सुदृढ, गतिशील र जनमुखी हुन्छ । तसर्थ, स्थानीय तहको आगामी निर्वाचनमा उत्साहपूर्वक सहभागी हुन हार्दिक अपिल गर्दछौं ।

नेपालको लोकतन्त्र पटक-पटक दक्षिणपन्थी अतिवाद र वामपन्थी उग्रवादको आक्रमणवाट जोखिममा पर्दै आएको छ । नेपाली कांग्रेसले नै यस्ता उग्र दक्षिणपन्थी र उग्र वामपन्थी अतिवादका विरूद्ध नेपाली जनतालाई संगठित गर्दै लोकतन्त्र, मानव अधिकार, समुन्नती, उदार र भयमुक्त समाजको बलियो आधारशिला खडा गरेको छ । नेपाली कांग्रेस पार्टीले नै समुन्नतिको युगको समेत नेतृत्वको गर्नु पर्ने अभिभारा इतिहासले हाम्रो काँधमा सुम्पिएको वास्तविकता विगत पांच वर्षको विश्रृखंलित अभ्यासले पुष्टि भइसकेको छ । नेपाली कांग्रेस प्रत्येक नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय गरिमा उच्च हुन्छ भन्ने कुरामा विश्वस्त छ । त्यसकै जगमा लोकतन्त्रका आधारभूत स्तम्भहरूको जगेर्ना गर्दै आत्मनिर्भर स्थानीय सरकारहरू मार्फत हाम्रै जीवनकालमा समुन्नत नेपाल बनाउने नेपाली कांग्रेसले सङ्कल्प गर्दछ ।

नेपाली कांग्रेसले इतिहास र नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ । इतिहासको विभिन्न कालखण्डमा नेपाली कांग्रेसले निर्वाह गरेको युगान्तकारी भूमिकाको सगौरव स्मरण गर्दै र हामीले विगत ५ वर्षमा निर्वाह गरेको भूमिकाको वस्तुनिष्ठ समीक्षा गर्दै भविष्यको मार्गचित्र तय गरेका छौं । विगतमा जस्तै भविष्यमा पनि तपाईंहरू र समयले सुम्पिएको जिम्मेवारी निष्ठापूर्वक वहन गरी लोकतन्त्र, संविधान, जनअधिकारको संरक्षण र समुन्नत नेपाल निर्माण गर्नेछौं भनी सम्पूर्ण नेपाली नागरिकसँग प्रतिज्ञा गर्दछौं ।

यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनमा उत्साहपूर्वक सहभागी भई रूख चिन्हमा मतदान गर्न सम्पूर्ण आमाबुवा, दिदी बहिनी दाजुभाइमा हार्दिक अनुरोध गर्दछौं ।

**सबल स्थानीय सरकार, समुन्नत गाउँ, समुन्नत नगर !**
**केन्द्रदेखि गाउँसम्म नेपाली कांग्रेसको सरकार !!**

जय नेपाल !!!

*२०७९ वैशाख ११ गते, लोकतन्त्र दिवस*

# कोखदेखि शोकसम्म

## प्रजनन् स्वास्थ्य र अधिकार

- युवा-युवतीलाइ नि:शुल्क प्रजनन् स्वास्थ्य शिक्षा
- प्रजनन् छनोटको स्वतन्त्रताको प्रत्याभूति

## गर्भावस्था

- गर्भावस्थामा नि:शुल्क परिक्षण घरघरमा गर्भावस्था पोषण तालिका
- घरवारविहीन विपन्न गर्भवतीका लागि नि:शुल्क आश्रय र पोषणको व्यवस्था

## सुरक्षित मातृत्व

- नि:शुल्क संस्थागत सुत्केरी सेवा सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा
- पाँच हजार सुत्केरी भत्ता

## बालविकास

- निशुल्क खोप तथा पोषण तालिका
- शिशु स्याहार केन्द्र र दिवा खाजा

## शिक्षा

- घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास
- रोजगारमूलक सिकाई

## रोजगारी र श्रम

- तरूण सीप र वृति विकास
  सवै युवा-युवतीलाइ सम्मानित रोजगार
- स्वरोजगार कार्यक्रम सञ्चालन
- सवै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृतिभरणको व्यवस्था
- सवै श्रमिकको संचय कोष र उपदानको प्रत्याभूति र एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५०% योगदान सरकारको तर्फबाट व्यवस्था

## वृद्धावस्था

- ६५ वर्ष माथिका सवै जेष्ठ नागरिकलाई नि:शुलक स्वास्थ्य बिमा
- ६५ वर्ष माथिका सवै जेष्ठ नागरिकलाई
- जेष्ठ नागरिक भत्ता
- जेष्ठ नागरिक उपचार खर्च
- जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा

## स्वास्थ्य

- सवै नागरिकलाई स्वास्थ्य बिमा र ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका विपन्न लगायतलाई नि:शुल्क बिमा
- स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च कम गर्ने व्यवस्था

## मृत्यु संस्कार

- नागरिक समुदाय र धर्म बमोजिमको बेग्लै अन्तिम संस्कारको लागि स्थान उपलब्ध गराउने
- मृत्यु संस्कार खर्च

#votefornepalicongress

स्थानीय सरकार : लोकतन्त्रको आधार

# रूख चिन्हमा मतदान गरौं !
# नेपाली कांग्रेसलाई जिताऔं !!

सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर
गाउँदेखि केन्द्रसम्म नेपाली कांग्रेसको सरकार

प्रकाशक :
नेपाली कांग्रेस, केन्द्रीय कार्यालय
वीपी. नगर, सानेपा, ललितपुर
२०७९